# अन्तः हुल्क एँक, २०५८

# अन्तःशुल्क ऐन, २०५८

(आर्थिक ऐन २०७३ द्वारा संशोधित भएका व्यवस्थाहरूसमेत समावेश)

लालमोहर र प्रकाशन मिति २०५८/१०/१७

**संशोधनः**

आर्थिक अध्यादेश, २०५९।०३।२४

आर्थिक अध्यादेश, २०५९।०९।२२

आर्थिक अध्यादेश, २०६०।०४।०१

आर्थिक अध्यादेश, २०६०।१०।०१

आर्थिक अध्यादेश, २०६१।०४।०१

आर्थिक अध्यादेश, २०६१।१०।०१

आर्थिक अध्यादेश, २०६२।०४।०१

आर्थिक अध्यादेश, २०६२।१०।०१

आर्थिक ऐन, २०६३।०३।२८

आर्थिक ऐन, २०६४।०३।२८

आर्थिक ऐन, २०६५।०६।०३

आर्थिक ऐन, २०६६।०३।२९

आर्थिक ऐन, २०६७।०८।०४

आर्थिक ऐन, २०६८।०३।३१

आर्थिक ऐन, २०७०।०३।३०

आर्थिक ऐन, २०७१।०३।२९

आर्थिक ऐन, २०७२।०३।२९

आर्थिक ऐन, २०७३।०२।१५

**प्रस्तावना** : मुलुकको आर्थिक विकासको लागि आवश्यक राजस्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचालन बढाउन नेपालमा उत्पादन भएका वा पैठारी हुने वस्तु वा प्रदान गरिने सेवामा अन्तःशुल्क लगाउने र असुलउपर गर्ने सम्बन्धमा व्यवस्था भएका कानूनलाई समयानुकूल बनाई संशोधन र एकीकरण गर्न वान्छनीय भएकोले, श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "अन्तःशुल्क ऐन, २०५८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अन्तःशुल्क लाग्ने वस्तु वा सेवा" भन्नाले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवा सम्झनु पर्छ।

(ख) "वस्तु" भन्नाले चल वा अचल दुवै किसिमको सम्पत्ति सम्झनु पर्छ।

(ग) "सेवा" भन्नाले वस्तु बाहेकको जुनसुकै कुरा सम्झनु पर्छ।

(घ) "प्रतिष्ठान" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, संचय वा बिक्री वितरण गर्ने वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएका फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(ङ) "इजाजतपत्र" भन्नाले दफा ९ बमोजिम दिइएको इजाजतपत्र सम्झनु पर्छ।

(च) "अन्तःशुल्क अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले तोकेको अधिकृत सम्झनुपर्छ।

(छ)[१] "उत्पादन" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु निर्माण गर्ने, प्रशोधन गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्झनु पर्छ।

---

१ आर्थिक ऐन, २०६४ द्वारा संशोधन गरिएको।
आर्थिक अध्यादेश,२०६८ ले "प्रशोधन गर्ने" भन्ने शब्दहरू थप गरेको।
आर्थिक ऐन, २०६३ संशोधन गरी यसमा निम्नानुसारको व्यवस्था गरेको थियो :

(ज) "उत्पादक" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ र सो शब्दले अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था समेतलाई जनाउनेछ।

(ज१) [२]"सूर्तिजन्य वस्तु" भन्नाले सूर्ति वा सूर्तिजन्य पदार्थका तत्वहरू मिश्रित धुमपान गर्ने, चपाउने, मुखमा राख्ने पानमसला, गुट्खा, खैनी वा यस्तै पदार्थहरू सम्झनु पर्छ र सो शब्दले चुरोट, बिडी, सिगारलाई समेत जनाउँछ।

(झ) "व्यक्ति" भन्नाले कुनै व्यक्ति, प्रतिष्ठान, संघ, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोषको संचालक, प्रोप्राइटर र मुख्य भै काम गर्ने प्रतिनिधि वा एजेण्ट सम्झनु पर्छर सो शब्दले नाफाको उद्देश्य लिई वा नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन वा पैठारी गरी थोक वा खुद्रा वा जुनसुकै रुपमा बिक्री वितरण गर्ने निकाय वा त्यस्तो निकायको शाखा, उपशाखा वा त्यस्तै अन्य कारोवार गर्ने स्थान समेतलाई जनाउनेछ।

(ञ)[३] "कारखाना मूल्य" भन्नाले अन्तःशुल्क लाग्ने वस्तुमा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो वस्तु उत्पादन गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी निर्धारण भएको मूल्य सम्झनु पर्छ।

(ट) "मूल्य" भन्नाले,-

(१) उत्पादन गर्ने वस्तुको हकमा कारखाना मूल्य,

(२) सेवाको हकमा बीजक बमोजिमको मूल्य,

---

२ आर्थिक ऐन, २०६३ द्वारा थप। आर्थिक अध्यादेश २०७१ ले सूर्तीजन्य पदार्थको परिभाषामा पानपरागको सट्टा पानमसला र गुटखा शब्दहरू राखेको। आर्थिक ऐन, २०६३ ले निम्नानुसार व्यवस्था गरेको थियो : "सूर्तिजन्य वस्तु" भन्नाले सूर्ति वा सूर्तिजन्य पदार्थका तत्वहरू मिश्रित धुम्रपान, चपाउने, मुखमा राख्ने पानपराग, , खैनी वा यस्तै पदार्थहरू जनाउछ र सो शब्दले चुरोट, बिडी, सिगार आदिलाई समेत जनाउँछ।"

३ आर्थिक अध्यादेश, २०६१।०४।०१ द्वारा परिमार्जित। यसपूर्व निम्न व्यवस्था रहेको थियो : "कारखाना मूल्य" भन्नाले अन्तःशुल्क लाग्ने वस्तुमा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो वस्तु उत्पादन वा उत्पादन र बिक्री वितरण गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी निर्धारण भएको मूल्य सम्झनुपर्छ।

(३)[४] पैठारी हुने वस्तुको हकमा दफा ७ को उपदफा २ बमोजिम निर्धारण भएको मूल्य।

(ठ) "पैठारी" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु प्रचलित कानून बमोजिम विदेशबाट नेपालभित्र ल्याउने कार्य सम्झनु पर्छ।

(ड) "बीजक" भन्नाले यस ऐन बमोजिम मूल्य उल्लेख गरी दिइने बिल, रसीद पूर्जी वा भर्पाई सम्झनु पर्छ।

(ढ) "विभाग" भन्नाले यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले तोकेको विभाग सम्झनुपर्छ।

(ण) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनुपर्छ।

(ण१)[५] "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रसायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको शुन्य दशमलव पाँच प्रतिशतभन्दा बढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्वीस्की, रम, जीन, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी,[६] सेम्पेन, साइडर, पेरी, मिड, माल्ट, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट,[७] साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट, ई.एन.ए. र हेड्स स्प्रिट समेतलाई जनाउँछ।"

---

४ आर्थिक ऐन, २०६६ ले संशोधन। संशोधन पूर्व निम्न व्यवस्था रहेको थियो।
(३) पैठारी हुने वस्तुको हकमा दफा ७ को उपदफा (१) को खण्ड (ख) बमोजिम निर्धारण भएको ।

५ आर्थिक ऐन, २०६३ द्वारा खण्ड थ अन्तर्गत यो व्यवस्था थप गरेकोमा यस व्यवस्थालाइ आर्थिक ऐन, २०६५ ले खण्ड (ण१) मा राखेको।
संशोधन पूर्व निम्न व्यवस्था थियो :
"मदिरा" भन्नाले अन्न फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको शुन्य दशमलव पाँच प्रतिशत भन्दा बढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्वीस्की, रम, जीन, ब्राण्डी, भोड्का, वियर, वाइन,सेरी, साइडर, पेरी, मिड, माल्ट, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, ई.एन.ए. र हेड्स स्प्रिट समेतलाई जनाउँछ।"

६ आर्थिक ऐन, २०६७ले थप।

७ आर्थिक ऐन, २०६७ले थप।

(ण२)[८] "तयारी मदिरा" भन्नाले आयतनमा [९]सन्ताउन्न दशमलव शुन्य छ प्रतिशत भन्दा कम अल्कोहलको मिश्रणबाट बनेका सबै प्रकारका मादक पदार्थहरू सम्झनु पर्छ।

(ण३)[१०]"एल.पी." भन्नाले लण्डन प्रुफमा शुद्ध ईथानोलको शक्तिलाई[११]सम्झनु पर्छ ।

(ण४)[१२]"एल.पी.लिटर" भन्नाले प्रति लिटरमा ५७.०६ प्रतिशत शुद्ध ईथानोलको मात्रालाई सम्झनु पर्छ।

(ण५)[१३]"यू.पी." भन्नाले लण्डन प्रुफ भन्दा कम शक्ति सम्झनु पर्छ।

(ण६)[१४]"ओ.पी." भन्नाले लण्डन प्रुफ भन्दा बढी शक्ति सम्झनु पर्छ ।

(ण७)[१५]"भौतिक नियन्त्रण प्रणाली" भन्नाले अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीको नियन्त्रणमा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणाली सम्झनु पर्छ।

(ण८)"स्वयम् निष्कासन प्रणाली" भन्नाले भौतिक नियन्त्रण प्रणालीमा आधारित बाहेकका अन्तःशुल्क लाग्ने अन्य वस्तु वा सेवाको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणाली सम्झनु पर्छ।

---

८ आर्थिक ऐन, २०६३ द्वारा खण्ड द अन्तर्गत यो व्यवस्था थप गरेकोमा यस व्यवस्थालाई आर्थिक ऐन, २०६५ ले खण्ड (ण२) मा राखेको।

९ आर्थिक ऐन २०६५ले शंशोधन गरेको। संशोधन पूर्व निम्न व्यवस्था थियो :सन्ताउन्न दशमलव शुन्य तीन आठ प्रतिशत।

१० आर्थिक ऐन, २०६३ ले खण्ड ध अन्तर्गत यो व्यवस्था थप गरेकोमा यस व्यवस्थालाइ आर्थिक ऐन, २०६५ ले खण्ड (ण३) मा राखेको ।

१०

११

१२

१३

१४

१५

(ण९) “अन्तःशुल्क निर्धारण” भन्नाले यस ऐन बमोजिम गरिने अन्तःशुल्क निर्धारण सम्झनु पर्छ।

(ण१०)[१६]“बिगो” यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य र त्यसमा लाग्ने अन्तःशुल्क जोडी कायम गरिएको कूल रकम सम्झनु पर्छ।

(ण११)[१७]“विद्युतीय माध्यम” भन्नाले कम्प्यूटर, ईण्टरनेट, इमेल, फ्याक्स, विद्युतीय क्यास मेशिन, फिस्कल प्रिण्टर सम्झनुपर्छ र सो शब्दले विद्युतीय भुक्तानीको माध्यम तथा विभागले तोकेको अन्य स्वीकृत माधमलाई समेत जनाउँछ।

(त) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

**३. [१८]अन्तःशुल्क लाग्ने** : अन्तःशुल्क लाग्ने वस्तु

१६ आर्थिक अध्यादेश, २०६८ द्वारा थप गरिएको।

१७ आर्थिक अध्यादेश, २०६८ द्वारा थप गरिएको।

१८ आर्थिक ऐन, २०६५ द्वारा संशोधित। यसपूर्वको व्यवस्था निम्नानुसार रहेको थियोः

(क) ऐन जारी हुँदा निम्न व्यवस्था थियोः

३. अन्तःशुल्क लगाउने र असुलउपर गर्ने : सालबसाली वा कुनै एक सालको निमित्त कुनै वस्तु वा सेवामा अन्तःशुल्क लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो अन्तःशुल्क यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असुलउपर गरिनेछ।

(ख) आर्थिक अध्यादेश २०५९।०३।२४ मा निम्न व्यवस्था थियोः

३. अन्तःशुल्क लगाउने र असुलउपर गर्ने : (१) सालबसाली लागू हुने आर्थिक ऐनमा अन्यथा व्यवस्था गरेमा बाहेक अनुसूची बमोजिमअन्तःशुल्क लगाइने र असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले नेपाल बाहिर निकासी गरेको वस्तुमा तिरेको अन्तःशुल्कर स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेडवेयर हाउस वा ड्यूटी फ्रि सप) बाट हुने बिक्रीको आधारमा लागेको अन्तःशुल्क फिर्तादिइनेछ।

(ग) आर्थिक अध्यादेश २०५९।०९।२२ ले निम्न व्यवस्था गरेको थियोः

३. अन्तःशुल्क लगाउने र असुलउपर गर्ने : (१) अनुसूचीमा उल्लेख भएबमोजिमका वस्तुहरूको उत्पादन र पैठारीमा सोही अनुसूची बमोजिम अन्तःशुल्क लगाइने र असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले नेपाल बाहिर निकासी गरिने वस्तुमा तिर्नुपर्ने अन्तःशुल्क र स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेडवेयर हाउस वा ड्यूटी फ्रि सप) मा बिक्री गरिने वस्तुमा लाग्ने अन्तःशुल्क वापत बैंक प्रत्याभूति वा नगद धरौट राख्न सकिनेछ। यस्तो बैंक प्रत्याभूति वा नगद धरौटको फुकुवाको प्रक्रिया विभागले तोकेबमोजिम हुनेछ।

(घ) आर्थिक अध्यादेश, २०६०।०४।०१ ले निम्न व्यवस्था गरेको थियोः

३. अन्तःशुल्क लगाउने र असुलउपर गर्ने : (१) अनुसूचीमा उल्लेख भएबमोजिमका वस्तुहरूको उत्पादन र पैठारीमा सोही अनुसूची बमोजिम अन्तःशुल्क लगाइने र असुलउपर गरिनेछ।

तर मदिरा उत्पादनमा प्रयोग भएको खुदो (मोलासेस) वा स्प्रिटमा लागेको अन्तःशुल्क तैयारी मदिरा निकासी गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(२) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।

(ङ) आर्थिक अध्यादेश, २०६२।०४।०१ ले निम्न व्यवस्था गरेको थियोः

३. अन्तःशुल्क लगाउने र असुलउपर गर्ने : (१) अनुसूचीमा उल्लेख भएबमोजिमका वस्तुहरूको उत्पादन र पैठारीमा सोही अनुसूची बमोजिम अन्तःशुल्क लगाइने र असुलउपर गरिनेछ।

(२) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निकाशी गर्दा तिनुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ। उत्पादनमा प्रयोग भएको खुदो (मोलासेस) वा स्प्रिटमा लागेको अन्तःशुल्क तैयारी मदिरा निकासी गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।

(च) आर्थिक ऐन, २०६३ ले निम्न व्यवस्था गरेको थियो :

३. अन्तःशुल्क लगाउने र असुलउपर गर्ने : (१) अनुसूचीमा उल्लेख भएबमोजिमका वस्तु प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दा, पैठारी गर्दा पैठारी गरेको वस्तु विक्री गर्दा वा सेवा बिक्री गर्दा सो अनुसूची बमोजिमको अन्तःशुल्क देहाय बमोजिम लगाइने र असुलउपर गरिनेछः–

(क) मदिरा, चुरोट र वियरको हकमा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दाको बखत,

(ख) स्वयं निष्कासन प्रणाली अन्तर्गत बिक्री हुने वस्तु तथा सेवाको हकमा वस्तु विक्री भएपछिको महिनाको सात गतेभित्र अन्तःशुल्क दाखिला गर्नुपर्नेछ।

तर व्यापारिक प्रयोजनकालागि अन्तःशुल्क लाग्ने वस्तु वा सेवा विक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(२) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निकाशी गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न वा'कि रकममा प्रतिदिन शुन्य दशमलव पाँच प्रतिशतका दरले विलम्व दस्तुर लाग्नेछ।

(छ) आर्थिक ऐन, २०६४ ले निम्न व्यवस्था गरेको थियो :

३. अन्तःशुल्क लगाउने र असुलउपर गर्ने : (१) अनुसूचीमा उल्लेख भएबमोजिमका वस्तु प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दा,पैठारी गर्दा र सेवा बिक्री गर्दा सो अनुसूची बमोजिमको अन्तःशुल्क देहाय बमोजिम लगाइने र असुलउपर गरिनेछः–

(क) मदिरा, चुरोट र वियरको हकमा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दाको बखत,

(ख) स्वयं निष्कासन प्रणाली अन्तर्गत बिक्री हुने वस्तुको हकमा वस्तु निष्काशन भएपछिको महिनाको पच्चीस गतेभित्र अन्तःशुल्क दाखिला गर्नुपर्नेछ।

तर,

(१) अन्तःशुल्क लाग्ने पैटारी गरिएका सवारी साधनको हकमा व्यापारिक प्रयोजनको लागि स्थानीय विक्रीमा समेत अन्तःशुल्क लगाइने र असुलउपर गरिनेछ।

(२) व्यापारिक प्रयोजनकालागि अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको खरीदमा वा पैठारीमा तिरेको अन्तःशुल्क त्यस्तो वस्तु वा सेवा विक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(३) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न वाँकि रकममा प्रतिदिन शुन्य दशमलव पाँच प्रतिशतका दरले विलम्व दस्तुर लाग्नेछ।

[१९]आर्थिक ऐन २०६७ ले तथा लाई वा शव्दले प्रतिस्थापन गरेको।

[१९]वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन, पैठारी र सेवा बिक्री गर्दा अनुसूचीमा उल्लेख भएबमोजिमको अन्तःशुल्क लाग्नेछ।

**३क.**[२०] **अन्तःशुल्क निर्धारण र असुली :** (१) यस ऐन वमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असुल गर्ने दायित्व अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन गर्ने उत्पादकको हुनेछ।

तर पैठारी हुने वस्तुको अन्तःशुल्कको निर्धारण र असुली सम्बन्धित भंसार कार्यालयले गर्नेछ।

(२) कुनै वस्तुको उत्पादन वा पैठारीका [२१]अतिरिक्त बिक्री वितरणको तहमा समेत अन्तःशुल्क लाग्ने भएमा यस ऐन वमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असुली गर्ने दायित्व पैठारीकर्ता वा बिक्रेताको हुनेछ।

---

१९

२० आर्थिक ऐन, २०६५ द्वारा संशोधित।

यसपूर्व निम्न व्यवस्था थियोः

(क) आर्थिक अध्यादेश, २०६१।४।१ द्वारा निम्न संशोधन भएको थियोः

३क. नेपाल बाहिर निकासी गरेमा अन्तःशुल्क नलाग्ने :

(१) प्रतिष्ठानले नेपाल बाहिर निकासी गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि मदिरा, चुरोट र वियर प्रतिष्ठानबाट निकासी गर्दा लाग्ने अन्तःशुल्क रकम वापत नगद धरौटी वा बैंक प्रत्याभूति राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको नगद धरौटी वा बैंक प्रत्याभूतिको फुकुवा वा फिर्ताको प्रक्रिया विभागले तोकेबमोजिम हुनेछ।

(४) नेपालभित्र उत्पादन भएका, वा तयार भएका मालवस्तुहरू नेपाल बाहिर निर्यात भैसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कुनै कारणले पुनः पैठारी गरी ल्याएको अवस्थामा सोही मालवस्तु पैठारी भएको ३ महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाका बखत लाग्नेअन्तःशुल्क धरौटीमा राखी त्यस्तो मालवस्तु पुनः निकासी भएपछि धरौटी रकम सम्बन्धित भन्सार कार्यालयले फिर्ता दिनेछ।

(ख) आर्थिक अध्यादेश, २०६०।४।१ बाट निम्न व्यवस्था थप गरिएको थियोः

३क. नेपाल बाहिर निकासी गरेमा अन्तःशुल्क नलाग्नेः(१) प्रतिष्ठानले नेपाल बाहिर निकासी गरेको वस्तुमा वा स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेडवेयर हाउस र ड्युटी फ्री सप) ले बिक्री गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु निकासी गर्दा लाग्ने अन्तःशुल्क रकम वापत नगद धरौटी वा बैंक प्रत्याभूति राख्नु पर्नेछ। बैंक प्रत्याभूती वा नगद धरौटीको फुकुवा प्रक्रिया विभागले तोकेबमोजिम हुनेछ।

२१ आर्थिक ऐन, २०७० ले अलवा शब्दलाई अतिरिक्त बनाई संशोधन गरेको ।

(३) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्कासन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

[२२]तर स्वयम् निष्काशन प्रणाली लागू हुने [२३]"सूर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरू बाहेक" अन्य उद्योगले कच्चा पदार्थ खरीद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क तयारी वस्तु बिक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

[२४](४) आगजनी, चोरी, दुर्घटना, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशुल्क विभागले तोकेबमोजिम कट्टी गर्न पाइनेछ।

[२५](५) यस दफा बमोजिम अन्तःशुल्क कट्टा गर्दा सहायक कच्चा पदार्थ र प्याकिङ्ग सामाग्रीमा तिरेको अन्तःशुल्क कट्टा गर्न पाइने छैन।

**३ख.** [२६]**अन्तःशुल्क नलाग्ने** : (१) दफा ३ बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा देहायका अवस्थामा अन्तःशुल्क लाग्ने छैन :–

---

२२ आर्थिक ऐन, २०६७ द्वारा थप।

२३ आर्थिक ऐन, २०७२ ले "सूर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरू बाहेक" भन्ने व्यवस्था थप गरेको ।

२४ आर्थिक अध्यादेश, २०६८ द्वारा झिकिएको। तर आर्थिक अध्यादेश २०७१ ले उपदफा ५ को ब्यवस्थालाई उपदफा ४ मा राखी उपदफा ५ हटाईएको। यस पूर्व उपदफा ४ र ५ मा निम्न ब्यवस्था थियो।

(४) व्यापारिक प्रयोजनका लागि अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको खरीदमा वा पैठारीमा तिरेको अन्तःशुल्क त्यस्तो वस्तु वा सेवा बिक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(५) आगजनी, चोरी, दुर्घटना, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानी नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशुल्क विभागले तोकेबमोजिम कट्टी गर्न पाइनेछ।

२५ आर्थिक ऐन,२०७२ ले थप गरेको।

२६ आर्थिक ऐन, २०६५ द्वारा संशोधित। आर्थिक अध्यादेश २०६१।४।१ द्वारा थप गरिएको र २०६४ सम्म निरन्तरता पाएको व्यवस्था निम्नानुसारथियोः

३ख. कर मुक्त पसलको बिक्रीमा अन्तःशुल्क नलाग्ने :

(१) स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस र ड्युटी फ्री सप) ले बिक्री गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु खरीद गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बापत नगद धरौटी वा बैंकप्रत्याभूति राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको नगद धरौटी वा बैंक प्रत्याभूतिको फुकुवा वा फिर्ताको प्रक्रिया विभागले तोकेबमोजिम हुनेछ।

(क) नेपालबाहिर निकासी गरेमा वा स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस र ड्युटीफ्री सप) लाई मदिरा [२७]वा चुरोट बाहेकका अन्य वस्तु बिक्री गरेमा त्यस्तो वस्तु वा सेवामा अन्तःशुल्क लाग्ने छैन।

[२८] ..............................।

(ख) स्वीकृति प्राप्त वण्डेड वेयर हाउसले नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिश गरेको कुटनैतिक तथा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई बिक्री गर्ने चुरोट [२९]वा मदिरामा अन्तःशुल्क लाग्ने छैन।

तर,

(१) वण्डेड वेयर हाउसले चुरोट तथा मदिरा बाहेकका अन्य वस्तु अन्तःशुल्क नलगाई बिक्री वितरण गर्न बाधा पर्ने छैन।

(२) बण्डेड वयेरहाउसबाट बिक्री गरिने अन्तःशुल्क लाग्ने वस्तु पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बराबरको रकम नगद धरौटी वा वैंक प्रत्याभूति राख्नु पर्नेछ।

(२) उपदफा (१) को खण्ड [३०](ख) बमोजिमको नगद धरौटी वा बैंक प्रत्याभूतिको फुकुवा वा फिर्ता प्रक्रिया विभागद्वारा तोकिए बमोजिम हुनेछ।

(३) नेपालभित्र उत्पादन भएको वा तयार भएको मालवस्तु नेपाल बाहिर निर्यात भैसकेपछि सम्बन्धित पक्षले लिन अस्वीकार गरी वा अन्य

---

२७ आर्थिक अध्यादेश, २०६८ द्वारा "र" को सट्टा "वा" शब्द राखी संशोधित।

२८ आर्थिक ऐन, २०६६ द्वारा संशोधित। संशोधन पूर्व निम्न अवस्था थियोः
"तर निकासी वा कर मुक्त पसललाई बिक्री गर्नु अघि त्यस्तो वस्तु वा सेवामा लाग्ने अन्तःशुल्क बराबरको रकम नगद धरौटी वा बैंक प्रत्याभूति राख्नु पर्नेछ।"

२९ आर्थिक अध्यादेश, २०६८ द्वारा "तथा" को सट्टा "वा" शब्द राखेको।

३० आर्थिक ऐन, २०६८ ले यस उपदफाको खण्ड (क) झिकी संशोधन गरेको।

कुनै कारणले पुनः पैठारी गरी ल्याएको अवस्थामा त्यस्तो मालवस्तु पैठारी भएको ३ महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाका बखत लाग्नेअन्तःशुल्क धरौटीमा राखी त्यस्तो मालवस्तु पुनः निकासी भएपछि धरौटी रकम सम्बन्धित भन्सार कार्यालयले फिर्ता दिनेछ।

[३१](४) अन्तःशुल्क लाग्ने बस्तु उत्पादन गरी विदेश निकासी गर्ने उद्योगले अन्तःशुल्क लाग्ने बस्तु निकासी गरेको परिमाण उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ खरीद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क दफा ३क. को उपदफा (३) बमोजिम वस्तु निष्कासन गर्दा तिर्नुपर्ने अन्तःशुल्क रकममा कट्टा गर्न पाउनेछ।

[३२](५) उपदफा (४) बमोजिम कट्टा गर्दा मिलान हुन नसकेको अन्तःशुल्क रकम फिर्ता पाउनको लागि अन्तःशुल्क अधिकृतसमक्ष दाबी गर्न सक्नेछ।

[३३](६) उपदफा (५) बमोजिम फिर्ता दाबी भएको अन्तःशुल्क रकम अन्तःशुल्क अधिकृतले छानबिन तथा परीक्षण गर्दा त्यस्तो दाबी मनासिव देखिएमा फिर्ताका लागि  दाबी गरेको साठी दिनभित्र फिर्ता दिनु पर्नेछ।

[३४](७) उपदफा (५) बमोजिम अन्तःशुल्क फिर्ता दाबी गर्नको लागि  सूर्तीजन्य र मदिराजन्य पदार्थ तथा पानमसलाको निकासीमा कम्तिमा पन्ध्र प्रतिशत मूल्य अभिबृद्धि भएको हुनु पर्नेछ।

३१ आर्थिक ऐन, २०७२ ले थप गरेको।

३२ आर्थिक ऐन, २०७२ ले थप गरेको।

३३ आर्थिक ऐन, २०७२ ले थप गरेको।

३४ आर्थिक ऐन, २०७२ ले थप गरेको।

[३५](८) उपदफा (५) बमोजिम फिर्ता दाबी गर्दा विवरण बुझाउनु पर्ने अवधि समाप्त भएको मितिले एक वर्ष भित्र फिर्ताको लागि  दाबी नगरेमा र उपदफा (७) बमोजिमको मूल्य अभिबृद्धि नभएको अवस्थामा यस दफा बमोजिमको अन्तःशुल्क फिर्ता हुने छैन।

[३६](९)………

**३ग.**[३७] ………………………………

**४.**[३८] **अन्तःशुल्क असुली** : (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा

३५ आर्थिक ऐन, २०७२ ले थप गरेको।

३६ आर्थिक ऐन, २०७२ ले थप गरेको तर आर्थिक ऐन २०७३ ले हटाएको
आर्थिक ऐन २०७२ ले गरेको व्यवस्था यस्तो थियो।(९)सम्वत् २०७२ साल असार २ गतेसम्म निकासी गरी उपदफा (४) बमोजिम कट्टा गर्दा मिलान हुन नसकेको अन्तःशुल्क रकम सोही मितिसम्म फिर्तादाबी गरेको हकमा अन्तःशुल्क अधिकृतले छानबिन तथा परीक्षण गरी फिर्ता गर्न सक्नेछ। तर, सूर्तीजन्य र मदिराजन्य पदार्थ तथा पानमसला उत्पादन गर्ने उद्योगले यस उपदफा बमोजिम फिर्ता पाउन उपदफा (७) मा तोकिए बमोजिम पन्ध्र प्रतिशत मूल्य अभिबृद्धि भएको हुनु पर्नेछ।

३७ आर्थिक ऐन, २०६५ द्वारा खारेज गरिएको।यो व्यवस्था आर्थिक ऐन, २०६३ द्वारा थप गरिएको व्यवस्था यस्तो थियो :

३ग. अन्तःशुल्क बुझाउने दायित्व :
यस ऐन बमोजिम अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको व्यक्तिमा हुनेछ :–
(क) देशभित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,
(ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने विल अफ लेडिङ्गमा उल्लेख भएका व्यक्ति,
(ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,
(घ) अन्तःशुल्क नलाग्ने वस्तु (ड्यूटी फ्रि) पुनःबिक्री वा अन्य प्रयोजनमा प्रयोग भएमा वा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति।

३८ आर्थिक ऐन, २०६५ द्वारा संशोधित। आर्थिक ऐन,२०६७ ले उपदफा (घ) झिकेको। यसपूर्व निम्न व्यवस्था थियो :

४. अन्तःशुल्क असुली गर्ने :
(१) यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क असुलउपर गर्दा देहाय बमोजिमको अवस्थामा असुलउपर गरिनेछ :-
(क) वस्तुको हकमा प्रतिष्ठानको उत्पादन बिक्रीको लागि  निष्कासन गर्दाका बखत,
(ख) सेवाको हकमा उपभोक्तालाई बीजक जारी गर्दाको बखत,
(ग) पैठारी गरिने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र भन्सार प्रयोजनको लागि  पैठारी हुंदाको बखत।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुको हकमा उत्पादनको अवस्थामा नै अन्तःशुल्क लगाउनुपर्ने भए त्यसको प्रक्रिया तोकिए बमोजिम हुनेछ।
(३) स्वीकृति लिई निष्कासन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा र गुणस्तरको परीक्षण

बाहेक यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा देहाय वमोजिम अन्तःशुल्क असुल गरिनेछ।

(क) भौतिक नियन्त्रण प्रणाली लागु हुने उधोगले उत्पादन गर्ने बस्तुको हकमा प्रतिष्ठानबाट उत्पादन गरी बिक्रीका लागि निष्कासन गर्दाको बखत,

(ख) स्वयं निष्कासन प्रणालीमा आधारित वस्तु वा सेवाको हकमा वीजक जारी गर्दाको बखत,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाको बखत भन्सारविन्दूमा,

[३९](घ) पैठारी हुने सेवाको हकमा विभागद्वारा तोकिए बमोजिम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तु वा सेवाको हकमा त्यस्तोवस्तु उत्पादन गरेको वा सेवा प्रदान गरेको अवस्थामा नै अन्तःशुल्क असुल गर्नु पर्ने गरी विभागले तोक्न सक्नेछ।

---

कार्यालयले जुनसुकै बखत गर्न सक्नेछ। अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी भएमा वा गुणस्तरमा उल्लेखनीय रुपबाट फरक परेमा राजस्व चुहावट भएको जति बिगो रकममा पच्चीस प्रतिशत थप गरी असुल गरिनेछ। (यो व्यवस्थालाई आर्थिक अध्यादेश, २०५९ द्वारा थप गरिएको। यसमा “परेमा” शब्दको सट्टा “पारेको पाइएमा” शब्दहरू थिए। आर्थिक अध्यादेश, २०६०, ०६१ र त्यसपछि निरन्तरता दिंदा “परेमा” भन्ने शब्द राखिएको।)

आर्थिक ऐन २०७१ ले उपदफा १ मा अन्तःशुल्क लाग्ने बस्तु तथा सेवाको सट्टा अन्तःशुल्क लाग्ने बस्तु वा सेवा राखि संशोधन गरेको।

३९ आर्थिक ऐन,२०६७ ले उपदफा (घ) झिकीएको। तर आर्थिक अध्यादेश २०७१ ले खण्ड ङ को ब्यवस्थालाई खण्ड घ मा राखी खण्ड ङ हटाईएको। यस पूर्व खण्ड घ र ङ मा निम्न ब्यवस्था थियो।

(घ) पैठारी गरिएका अन्तःशुल्क लाग्ने सवारी साधनको हकमा व्यापारिक प्रयोजनका लागि स्थानीय तहमा बिक्री हुंदा बीजक जारी गर्दाको बखत,

(ङ) पैठारी हुने सेवाको हकमा विभागद्वारा तोकिए बमोजिम।

**४क.**[४०] **अन्तःशुल्क बुझाउने दायित्व** : यस ऐन बमोजिम अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको व्यक्तिमा हुनेछ :

(क) नेपाल भित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,

(ख) [४१]पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने विल अफ लेडिङ्ग, एयर वे बील, बीजक वा जाँच पासको लागि दिएको निवेदनमा उल्लेख भएको व्यक्ति,

(ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,

(घ) कर मुक्त पसल (ड्यूटी फ्रि सप) बाट बिक्री भएको मदिरा [४२]वा चुरोट बाहेकका वस्तु पुनः बिक्री वा अन्य प्रयोजनमा प्रयोग भएमा पुनः बिक्री गर्ने वा प्रयोग गर्ने व्यक्ति,

(ङ) कुनै वस्तु वा सेवा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति।

---

४० आर्थिक ऐन, २०६५ द्वारा संशोधन गरिएको। आर्थिक ऐन, २०६४ द्वारा थप गरिएको यस यस दफामा संशोधन पूर्व निम्न व्यवस्था थियो :

४क. अन्तःशुल्क छुट हुने :

(१) विदेशी नियोग तथा दातृ संस्थाले कुटनैतिक सुविधा वा महसूल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैंङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सरकारी निकायमा हस्तान्तरण गर्दा अन्तःशुल्क लाग्ने छैन।

(२) कुटनैतिक नियोग, परियोजना र अन्य निकायहरूले (सरकारी एवं गैरसरकारी संघ संस्था) महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा अन्तःशुल्क लाग्ने छैन।

(३) निजी प्रयोजनको लागि आंशिक भन्सार महसुल सुविधामा आयात गरिएका सवारी साधनका धनीको मृत्यु भै उक्त सवारी साधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा अन्तःशुल्क छुट हुनेछ।

४१ आर्थिक ऐन, २०६७ द्वारा संशोधन। यस पूर्व निम्न व्यवस्था थियो :

(ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने विल अफ लेडिङ्ग वा एरोबिल (एअरबिल) मा उल्लेख भएका व्यक्ति,

४२ आर्थिक अध्यादेश, २०६८ द्वारा “र” को सट्टा “वा” प्रयोग गरी संशोधन।

(च) खण्ड (क) देखि (ङ) मा उल्लेख भएदेखि बाहेक अन्य अवस्थामा विभागले तोकेको व्यक्ति।

[४३]**४ख. अन्तःशुल्क दाखिला गर्ने म्याद :** (१) यस ऐन बमोजिम असुल भएको अन्तःशुल्क देहाय बमोजिमदाखिला गर्नु पर्नेछ ।

(क) भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा त्यस्तो वस्तु निष्कासन गर्दाका बखत,

(ख) स्वयं निष्कासन प्रणाली अन्तर्गत उत्पादन तथा बिक्री वितरण हुने वस्तु वा सेवाको हकमा बीजक जारी भएपछिको महिनाको पच्चीस गते भित्र,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाका बखत,

(घ) पैठारी हुने सेवाका हकमा विभागले तोकेबमोजिम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको म्यादभित्र अन्तःशुल्क भुक्तानी नगरेमा भुक्तानी गर्न बाँकी अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले बिलम्ब [४४]शुल्क लाग्नेछ।

[४५]**४ग. अन्तःशुल्क छुट हुने :** (१) कुटनैतिक सुविधा प्राप्त व्यक्ति वा निकायले पराराष्ट्र मन्त्रालयको सिफारशमा पैठारी गर्ने वस्तुमा अन्तःशुल्क छुट हुनेछ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा समेत अन्तःशुल्क छुट हुनेछ :

(क) विदेशी नियोग तथा दातृ संस्थाले कुटनैतिक सुविधा वा महसूल सुविधामा पैठारी गरेका [४६]शुरु उत्पादन वर्षले १० वर्ष ननाघेका सवारी साधन कुनै आयोजनाको स्वीकृत

---

४३ आर्थिक ऐन, २०६५ ले थप गरेको।

४४ आर्थिक ऐन, २०६७ द्वारा "दस्तुर" को सट्टा "शुल्क" प्रयोग गरी संशोधन।

४५ आर्थिक ऐन, २०६५ ले थप गरेको।

४६ आर्थिक ऐन २०७३ ले थप गरेको

वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैंक ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका [४७]शुरु उत्पादन वर्षले १० वर्ष ननाघेका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई स्थानीय निकाय, सामूदायिक विद्यालय, सामुदायिक अस्पताल वा सरकारी निकायलाई हस्तान्तरण गर्दा,

(ख) कुटनैतिक नियोग, परियोजना र अन्य निकायहरू (सरकारी एवं गैरसरकारी संघसंस्था) ले महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा,

(ग) निजी प्रयोजनको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी गरिएका सवारी साधनका धनीको मुत्यु भै उक्त सवारी साधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा।

[४८](३)नब्बे प्रतिशत वा सो भन्दा बढी स्वदेशी झुत्रा वा पत्रु (कवाडी) वस्तु प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई यस्तो उत्पादनमा लाग्ने अन्तःशुल्क छुट हुनेछ।

[४९]**४घ. बिक्री वितरणमा नियन्त्रणः** (१) नेपाल सरकारले आवश्यक ठानेको अन्तःशुल्क लाग्ने वस्तुको बिक्री वितरणमा नियन्त्रण गरी तोकिए बमोजिम [५०]व्यवस्थित गर्न सक्नेछ।

---

४७ आर्थिक ऐन २०७३ ले थप गरेको

४८ आर्थिक ऐन, २०६६ द्वारा थप गरी संशोधन।

४९ आर्थिक ऐन, २०६५ ले थप गरेको।

५० आर्थिक ऐन, २०६६ द्वारा "नियन्त्रण" को सट्टा "व्यवस्थित" प्रयोग गरी संशोधन।

[५१](२) होटेल तथा रेष्टुरेन्ट व्यवसाय बाहेक महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र र विभागले तोकेको प्रमुख राजमार्ग क्षेत्रमा मदिराको कारोबार गर्ने व्यवसायीले मदिरा र सूर्तिजन्य बस्तुको मात्र कारोबार गर्न पाउने छ।

तर डिपार्टमेण्टल स्टोरले मदिराको अलग्गै बिक्री कक्ष राखी कारोबार गर्न पाउनेछ।

[५२]**४ङ. उपहार तथा नगद छुट सम्वन्धी व्यवस्था** : मदिरा, वियर वा सूर्तीजन्य पदार्थ सम्बन्धी उद्योग र त्यस्ता वस्तुका पैठारीकर्ता तथा तिनका बिक्रेताले कुनै पनि प्रकारका उपहार कार्यक्रम संचालन गर्न वा त्यस्ता उद्योगले मुल्य अभिबृद्धि करमा दर्ता भएका वाहेक अन्य विक्रेता लाई त्यस्तो उत्पादन विक्री गर्दा छुट दिन पाइने छैन। यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको शर्त उल्लंङ्न गरेको मानिनेछ।

**५. अन्तःशुल्क अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने** : यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले आवश्यक संख्यामा अन्तःशुल्क अधिकृत नियुक्त गर्न सक्नेछ र नेपाल सरकारले आवश्यक देखेमा नेपाल सरकारको अन्य कुनै अधिकृतलाई पनि अन्तःशुल्क अधिकृतको कार्य गर्ने गरी तोक्न सक्नेछ।

**६. अन्तःशुल्क अधिकृतको अधिकारक्षेत्र** : अन्तःशुल्क अधिकृतको अधिकारक्षेत्र नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

५१ आर्थिक ऐन, २०७२ ले थप गरेको।

५२ आर्थिक ऐन, २०७१ द्वारासंशोधन। संशोधन अघि निम्न व्यवस्था थियो : मदिरा, वियर वा तिनका बिक्रेताहरूले कुनै पनि प्रकारका उपहार कार्यक्रम संचालन गर्न वा त्यस्ता उद्योगहरूले मुल्य अभिबृद्धि करमा दर्ता भएका वाहेक अन्य विक्रेतालाई त्यस्तो उत्पादन विक्री गर्दा छुट दिन पाइने छैन। यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको शर्त उल्लंङ्न गरेको मानिनेछ।

७.[५३] **अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य निर्धारण :** (१) नेपालभित्र उत्पादन हुने कुनै वस्तु वा सेवामा मूल्यको आधारमा अन्तःशुल्क लाग्ने भएमा देहाय बमोजिमको मूल्यलाई आधार मानी अन्तःशुल्क लगाइनेछ :-

(क) उत्पादकले अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य,

(ख) सेवाको हकमा सेवा बिक्री गर्दाको मूल्य, वा

(ग) विभागले उत्पादन लागत वा अन्य उपयुक्त आधारमा तोकिदिएको मूल्य।

---

५३ आर्थिक ऐन, २०६५ द्वारा संशोधित। यस पूर्व निम्न व्यवस्था थियोः

७. अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य निर्धारण :

(१) मूल्यको आधारमा कुनै वस्तुमा अन्तःशुल्क लाग्ने भएमा उत्पादनतर्फ र पैठारीतर्फ, देहाय बमोजिमको मूल्यलाई आधार मानी अन्तःशुल्क लगाइनेछ :-

(क) उत्पादनतर्फ : (१) उत्पादकले अन्तःशुल्क लाग्ने वस्तु सेवा बिक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य, वा (नोटः आर्थिक अध्यादेश, २०६१।४।१ द्वारा संशोधित र आर्थिक अध्यादेश,२०६८ ले "वा" शब्द हटाई आर्थिक अध्यादेश,२०७० समेतले निरन्तरता दिएको। यसपूर्वको व्यवस्थाः (१) उत्पादकले थोक बिक्रेतालाई अन्तःशुल्क लाग्ने वस्तु बिक्री गरेको समय र स्थानमा लिने मूल्य, वा

(१क) सेवाको हकमा सेवा बिक्री गर्दाको मूल्य, वा (आर्थिक ऐन, २०६३ द्वारा थप भएको

(२) विभागले उत्पादन लागतको आधारमा तोकिदिएको मूल्य।

(ख) पैठारी तर्फ : पैठारी हुने वस्तुको सम्बन्धमा त्यस्तो वस्तुमा भन्सार महसूल लिने प्रयोजनको निमित्त निर्धारण गरिएकोमूल्यमा भन्सार महसुल समेत थप गरी कायम हुन आएको मूल्य। (आर्थिक अध्यादेश, २०६०।०४।०१ द्वारा थप

तर पैठारी हुने वस्तु नेपाल अधिराज्यभित्र पनि उत्पादन हुने रहेछ र विभागले खण्ड (क) को प्रयोजनका लागि सो वस्तुकोमूल्य निर्धारण गरेको रहेछ भने सो मूल्य वा यस खण्ड बमोजिमको मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्यलाई आधार मानी अन्तःशुल्क असुल गरिनेछ।

(२) सेवामा बीजक बमोजिम मूल्य निर्धारण गरी अन्तःशुल्क असुलउपर गरिनेछ।

(३) विभागले अन्तःशुल्क असुलउपर गर्ने प्रयोजनको निमित्त आवश्यकतानुसार पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्नसक्नेछ।

(४) एनहाइड्रस इथानोल, रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने अन्न, (यो शब्द आर्थिक ऐन, २०६३ द्वारा थपभएको र आर्थिक ऐन, २०६४ द्वारा निरन्तरता। मोलासिस वा खुदोबाट प्राप्त हुनु पर्ने इथानोल, स्प्रिट वा इ.एन.ए. को उत्पादन प्रतिलब्धी दरको निर्धारण तोकिए बमोजिम हुनेछ। (आर्थिक अध्यादेश, २०६०।०४।०१ द्वारा थप

(५) उपदफा (४) बमोजिम तोकिएको प्रतिलब्धी दर भन्दा घटी उत्पादन भएको देखिएमा त्यस्तो फरक परिमाणको इथानोल, स्प्रिट वाइ.एन.ए. बाट उच्चतम कोटीको मदिरा उत्पादन भएको मानिनेछ।

(२) नेपालभित्र पैठारी हुने वस्तुको सम्बन्धमा त्यस्तो वस्तुमा भन्सार महसूल लिने प्रयोजनको लागि निर्धारण गरिएको मूल्यमा भन्सार महसुल समेत थप गरी कायम हुन आएको मूल्यमा अन्तःशुल्क लगाइनेछ।

(३) सेवामा बीजक बमोजिम मूल्य निर्धारण गरी अन्तःशुल्क असुलउपर गरिनेछ।

(४) अन्तःशुल्क अधिकृतले अन्तःशुल्क असुलउपर गर्ने प्रयोजनको लागि आवश्यकतानुसार पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्न सक्नेछ।

८.[५४] ..........................

**९.**[५५] **इजाजतपत्र सम्बन्धी व्यवस्थाः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन।

---

५४ आर्थिक ऐन, २०६५ द्वारा खारेज गरिएको। पुनः आर्थिक ऐन,२०६६ ले बिउँताई आर्थिक ऐन,२०६७ सम्म निरन्तरता दिएको थियो। हाल यस्को प्रयोगमा नरहेको। खारेज गरिएको व्यवस्था निम्नानुसार थियोः

८. इजाजतपत्र लिनु पर्ने :

(१) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम (यी शब्द आर्थिक ऐन, २०६४ द्वारा थप भएका थिए) बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुदैन।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्ति, फर्म कम्पनी वा संस्थाले तोकिए बमोजिमको ढांचामा तोकिएको दस्तुर संलग्न गरी अन्तःशुल्क अधिकृतसमक्ष इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ। तर परराष्ट्र मन्त्रालयको सिफारिशमा कुटनैतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा अन्तःशुल्क इजाजत लिनु पर्ने छैन। (यो वाक्य आर्थिक ऐन, २०६०।४।१ द्वारा थप भई आ.व. २०६४।६५ सम्म निरन्तर कायम थियो।

५५ आर्थिक ऐन, २०६५ द्वारा संशोधित। आर्थिक अध्यादेश २०७१ ले उपदफा १ मा "र स्वयं निष्कासन प्रणाली अन्तर्गतका बस्तुहरूको बिक्रि वा संचय गर्न" भन्ने वाक्यांश थप गरेको। यसपूर्व निम्न व्यवस्था थियोः

९. इजाजतपत्र सम्बन्धी व्यवस्था :

(१) दफा ८ बमोजिम अन्तःशुल्क अधिकृतसमक्ष इजाजतपत्रको लागि निवेदन परेमा त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा तोकिए बमोजिमको ढाँचामा विभागले वा विभागले तोकेको अन्तःशुल्क अधिकृतले इजाजतपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको इजाजतपत्रको अवधि र त्यसलाई नवीकरण गर्ने तरिका र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।

[५६]तर नेपाल सरकार,परराष्ट्र मन्त्रालयको सिफारिसमा कुटनैतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा र स्वयम् निष्काशन प्रणाली अन्तर्गतका वस्तुहरूको बिक्री वा संचय गर्न अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन।"

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिएबमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न गरी अन्तःशुल्क अधिकृतसमक्ष इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अन्तःशुल्क अधिकृतसमक्ष इजाजतपत्रको लागि निवेदन परेमा त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा तोकिए बमोजिमको ढाँचामा विभाग वा विभागले तोकेको अन्तःशुल्क अधिकृतले इजाजतपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ।

(५) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपदफा (४) बमोजिमको अवधि समाप्त भएपछि तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिनाभित्र नवीकरण गराउनु पर्नेछ।

तर,

---

५६ आर्थिक ऐन, २०६६ द्वारा थप। आर्थिक अध्यादेश,२०६८ द्वारा संशोधित। यसपूर्व निम्न व्यवस्था थियोः
"तर ईट्टा, स्टोन क्रसर, बिडी, सुर्ती, खैनी, पान मसला, गुट्खा उत्पादन, खाँडसारी उद्योग तथा खुदो र गुँड पैठारीमा बाहेक स्वयं निष्काशन प्रणाली लागू हुने उद्योग अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न र परराष्ट्र मन्त्रालयको सिफारिसमा कुटनैतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन। परराष्ट्र मन्त्रालयको सिफारिशमा कुटनैतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन।"
आर्थिक अध्यादेश,२०७० द्वारा संशोधित।
"तर परराष्ट्र मन्त्रालयको सिफारिसमा कुटनैतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन। "

[५७](क) कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकैपटक नवीकरण दस्तुर दाखिलागरी नवीकरण गराउन सक्नेछ।

(ख)[५८] ......., [५९]..........,बिंडी सूर्ति, खैनी, पानमसला, गुट्खा उत्पादन, खाडसारी उद्योग तथा खुदो र गुँड पैठारी गर्ने इजाजतपत्रवालाले तोकिए वमोजिमको नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउनु पर्नेछ।

(ग) स्वयम् निष्काशन प्रणाली लागू हुने उद्योग अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न लिइएको इजाजतपत्र नवीकरण गर्नुपर्ने छैन।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने[६०]उत्पादन र पैठारी गर्ने वाहेकका इजाजतपत्रवालाले [६१]इजाजतपत्र नवीकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचहत्तर प्रतिशत र त्यसपछि असार मसान्तसम्मको अवधिको लागि शतप्रतिशत जरिवाना बुझाउनु पर्नेछ।

[६२](७) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको इजाजतपत्र नलिई कारोवार गरेकोमा इजाजतपत्रवापत र सो को नवीकरणवापत लाग्ने दस्तुरबाट उन्मुक्ति पाउने छैन।

---

५७ आर्थिक ऐन, २०६८ द्वारा उपदफा (क), (ख) र (ग) थप गरी संशोधित।

५८ आर्थिक ऐन, २०७० द्वारा "ईट्टा" शब्द झिकी संशोधित।

५९ आर्थिक ऐन, २०७२ द्वारा "स्टोक्रसर" शब्द झिकी संशोधित।

६० आर्थिक ऐन २०७३ ले उत्पादन र पैठारी गर्ने वाहेकका भन्ने शब्द थप गरेको

६१ आर्थिक ऐन, २०६८ द्वारा थप।

६२ आर्थिक ऐन,२०७३ द्वारा थप र खारेज, खारेज गर्नुभन्दा अगाडि यस्तो व्यवस्था थियो "उपनियम (६) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा तोकिए बमोजिमकोनवीकरणवापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शत प्रतिशत थप इजाजत दस्तुर रवक्यौता रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ" भन्ने व्यवस्था रहेको।

[६३](८) ..........

९क.[६४]**<u>इजाजतपत्र स्थगन गर्न सक्ने</u>:** (१) इजाजतपत्र वालाले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोवार गर्न छाडेमा पन्ध्र दिनभित्र त्यसको कारण सहित इजाजतपत्र स्थगन गर्नको लागि अन्तःशुल्क अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन प्राप्त भएमा अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालाको इजाजतपत्र स्थगन गर्नुपर्ने वा नपर्ने निर्णय गरी इजाजतपत्र स्थगन गर्नुपर्ने देखिएमा त्यस्तो इजाजतपत्र स्थगन गरी निवेदन प्राप्त भएको [६५]<u>पन्ध्र</u> दिनभित्र सो को जानकारी इजाजतपत्रवालालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र स्थगन भएको इजाजतपत्रवालाले इजाजतपत्र स्थगत भएपछिको अर्को महिनादेखि दफा १०क बमोजिमको विवरण पेश गर्नुपर्ने छैन ।

(४) उपदफा (२) बमोजिम इजाजतपत्र स्थगन भएको अवधिभरको लागि इजाजतपत्रवालाले दफा ९ बमोजिम इजाजतपत्र नवीकरण गर्नुपर्ने छैन ।

[६६](५) इजाजतपत्रवालाले उपदफा (२) वमोजिम स्थगन भएको इजाजतपत्रबाट वस्तु वा सेवाको कारोवार शुरु गर्न चाहेमा अन्तःशुल्क अधिकृतसमक्ष निवेदन दिनुपर्नेछ र यस्तो निवेदन प्राप्त भएपछि अन्तःशुल्क अधिकृतले कारोवार शुरु गर्न इजाजत दिनु पर्नेछ ।

---

६३ आर्थिक ऐन २०७३ द्वारा खारेज, खारेज गर्नुभन्दा अगाडि यस्तो व्यवस्था थियो "कुनै व्यक्तिले उपदफा (१) बमोजिमको इजाजतपत्र नलिई कारोवार गरेकोमा इजाजतपत्रवापत र सो को नवीकरणवापत लाग्ने दस्तुरबाट उन्मूक्ति पाउने छैन भन्ने व्यवस्था रहेको ।

६४ आर्थिक ऐन, २०६७ द्वारा थप ।

६५ आर्थिक ऐन २०७३ ले तीस लाई पन्ध्र वनाएको ।

६६ आर्थिक ऐन २०७३ द्वारा थप ।

**१०.**[६७]**इजाजतपत्र रद्द गर्न सक्ने :** दफा ९ को उपदफा (१) बमोजिम दिइएको इजाजतपत्र विभागले देहायको अवस्थामा इजाजतपत्र रद्द गर्न सक्नेछ :-

(क) इजाजतपत्रमा तोकिएको शर्त तथा बन्देज उल्लंघन भएको पाइएमा,

(ख) सार्वजनिक हित विपरीत हुने देखिएमा,

(ग) [६८]..... अन्तःशुल्क [६९]नतिरेमा,

(घ) इजाजतपत्रवाला संस्था विघटन भएमा वा इजाजतपत्रवालाले आफ्नो इजाजतपत्र रद्द गर्न निवेदन दिएमा।

[७०](ङ) दफा (९) वमोजिम नवीकरण नगराएमा।

**१०क.**[७१]**अन्तःशुल्क विवरण दिनुपर्ने :** दफा ३क. वमोजिम अन्तःशुल्क निर्धारण र असुल गर्नुपर्ने दायित्व भएका व्यक्तिले प्रत्येक महिनाको अन्तःशुल्क लाग्ने कारोवारको विवरण त्यस्तो महिना समाप्त भएको पच्चीस दिनभित्र अन्तःशुल्क अधिकृतसमक्ष वा [७२]दफा १० (ग) को उपदफा (३) मा व्यवस्था भएबमोजिम वा हुलाकबाट रजिष्ट्री गरी तोकिए बमोजिमको अन्तःशुल्क विवरण पेश गर्नुपर्नेछ। उक्त महिनामा अन्तःशुल्क लाग्ने कारोवार गरेको वा नगरेको जेसुकै भए तापनि त्यस्तो विवरण पेश गर्नुपर्नेछ।

---

६७ आर्थिक ऐन, २०६५ द्वारा संशोधित। आर्थिक ऐन, ,२०६७ ले "घ" थप गरेको गरेको। यसपूर्व निम्न व्यवस्था थियोः

१०. इजाजतपत्र रद्द गर्न सक्ने : दफा ९ को उपदफा (१) बमोजिम दिइएको इजाजतपत्र विभागले देहायको अवस्थामा रद्द गर्न सक्नेछ :-

(क) इजाजतपत्रमा तोकिएको शर्त तथा बन्देज उल्लंघन भएको पाइएमा,

(ख सार्वजनिक हित विपरित हुने देखिएमा।

६८ आर्थिक ऐन २०७३ द्वारा खारेज पहिला बुझाउनुपर्ने भन्ने शब्द थियो।

६९ आर्थिक ऐन २०७३ द्वारा संशोधन गरिएको पहिला नवुझाएमा भन्ने शब्द रहेको थियो।

७० आर्थिक ऐन २०७३ द्वारा थप।

७१ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

७२ आर्थिक ऐन, २०७० द्वारा थप गरिएको।

**१०ख.** [७३]**लेखा राख्नु पर्ने :** (१) दफा १०क बमोजिम अन्तःशुल्क विवरण पेश गर्नुपर्ने व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन, विक्री, त्यस्तो वस्तु वा सेवाको उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिको खरीद, खपत तथा अन्तिम मौज्दातको मूल्य तथा परिमाण खुल्ने तोकिए बमोजिमका विवरण सहितको लेखा अद्यावधिक राख्नु पर्नेछ र त्यस्तो लेखा अन्तःशुल्क अधिकृतले निरीक्षण गर्न माग गरेका बखत उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खरीद, उत्पादन, निष्कासन, बिक्री र मौज्दात खाता सम्बन्धित अन्तःशुल्क अधिकृतद्वारा प्रमाणित गराई लेखा राख्ने प्रयोजनका लागि प्रयोग गर्नुपर्नेछ।

(३) इजाजतपत्रवालाले कारोवारको लेखा छ वर्षसम्म सुरक्षित राख्नुपर्नेछ।

(४) यस ऐनको कार्यान्वियनको निमित्त अन्तःशुल्क अधिकृतले लिखित रुपमा सूचना दिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोवारको सम्बन्धमा जानकारी माग गर्न सक्नेछ।

**१०ग.** [७४]**कम्प्युटरबाट प्रशोधित अभिलेख प्रमाणको रुपमा ग्राह्य हुने :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तःशुल्कको प्रयोजनका [७५]लागि अन्यथा प्रमाणित भएकोमा बाहेक विभाग वा अन्तर्गतका कार्यालय वा अन्तःशुल्क प्रशासन गर्न तोकिएको कार्यालयमा रहेका कम्प्युटरबाट प्रशोधित कुनै व्यक्तिको अन्तःशुल्क सम्बन्धी अभिलेख प्रमाणको रुपमा ग्राह्य हुनेछ।

(२) अन्तःशुल्क लाग्ने तोकिएका वस्तु वा सेवाको उत्पादन सम्बन्धी तथ्यांक विद्युतीय माध्यमबाट विभाग वा विभागले तोकेको कार्यालयमा स्वतः प्राप्त हुने गरी व्यवस्था गर्न सक्नेछ।

---

७३ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

७४ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

७५ आर्थिक अध्यादेश, २०७० द्वारा “निमित्त” को ठाउँमा “लागि ” प्रयोग गरिएको।

(३) विभागले विद्युतीय माध्यमबाट अन्तःशुल्क विवरण पेश गर्ने र अन्तःशुल्क भुक्तानी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

**१०घ.** [७६]**अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने :**

(१) देहायका कुनै अवस्थामा अन्तःशुल्कअधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्नेछ :–

(क) म्यादभित्र अन्तःशुल्क विवरण पेश नगरेमा,

(ख) अधुरो वा त्रुटीपूर्ण अन्तःशुल्क विवरण पेश गरेमा,

(ग) झुट्टा अन्तःशुल्क विवरण पेश गरेमा,

(घ) अन्तःशुल्कको रकम कम देखाएको वा ठीक नभएको भन्ने विश्वास गर्नुपर्ने आधार भएमा,

(ङ) बिक्री मूल्यमा न्यून बीजकीकरण गरेको भन्ने विश्वास गर्नुपर्ने आधार र कारण भै दफा ७ को उपदफा (४) वमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्नुपर्ने भएमा,

(च) यस ऐन वा यस ऐन अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धी तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धी नपुगेमा,

(छ) निष्कासन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक परेमा,

(ज) अन्तःशुल्क छलेमा,

(झ) इजातजपत्र नलिई कुनै व्यक्तिले अन्तःशुल्क लाग्ने [७७]वस्तुको कारोवार गरेमा।

[७८] ............................................

---

७६ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

७७ आर्थिक ऐन, २०६६ ले वस्तु वा सेवाको सट्टा वस्तुको राखेको ।

७८ आर्थिक ऐन, २०६७ ले हटाएको। यसपूर्व निम्न व्यवस्था थियो।

(२) उपदफा (१) बमोजिम अन्तःशुल्क निर्धारण गर्दा अन्तःशुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम गरिएको अन्तःशुल्क निर्धारणको सम्बन्धमा विभागले अनुगमन गर्न सक्नेछ। अनुगमन गर्दा कुनै त्रुटी देखिएमा [७९]महानिर्देशकले पुनः अन्तःशुल्क निर्धारण गर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम अन्तःशुल्क निर्धारण गर्ने वा दफा १०क. बमोजिम पेश गरेको अन्तःशुल्क विवरण जाँच गर्ने प्रयोजनका लागि अन्तःशुल्क अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछ :–

(क) अन्तःशुल्क दायित्वसँग सम्बन्धित वस्तु, स्थान, कागजात, लेखा तथा अभिलेख जाँचगर्ने,

(ख) कुनै व्यक्तिको कारोवार स्थल वा यस ऐन अन्तर्गत कसूर मानिने कार्यसित सम्बन्धित प्रमाणहरू हुनसक्ने सम्भावना भएका अन्य स्थलमा खानतलासी लिने [८०]वा सिलबन्दी गर्ने,

(ग) आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै अभिलेख, किताब, खाता कागजातहरू तयार गर्ने वा तिनीहरूमा विवरण भर्ने व्यक्तिसँग जानकारी माग गर्ने,

(घ) अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवारस्थल वा त्यससँग सम्बन्धित अन्य स्थलमा रहेको कुनै कागजात, किताब तथा अभिलेखलाई कब्जा गर्ने वा अन्यत्र लैजाने,

(ङ) कारोवार संचालन गर्ने स्थान वा कार्यालय वा अन्य कुनै उपयुक्त स्थानमा अन्तःशुल्कको लेखापरीक्षण गर्ने,

---

तर खण्ड (ग) र (ज) को अवस्थामा बाहेक अन्तःशुल्क विवरण दाखिला गरेको मितिलेचार वर्षभित्र अन्तःशुल्क निर्धारण गरीसक्नुपर्नेछ।

७९ आर्थिक ऐन, २०६७ ले संशोधन गरी विभागको सट्टा महानिर्देशक राखेको।

८० आर्थिक अध्यादेश, २०६८ ले थप गरेको।

(च) अन्तःशुल्क अधिकृतले बैंक तथा वित्तीय संस्था लगायत कुनै व्यक्तिसँग अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोवारको सम्बन्धमा कुनै कुराको जानकारी माग गर्ने।

[८१](५) यस दफा बमोजिम अन्तःशुल्क अधिकृतले माग गरेको सूचना दिनु, बैंक तथा वित्तीय संस्था वा व्यक्तिको कर्तव्य हुनेछ।

**१०ङ.**[८२]**विशेषज्ञको सेवा लिन सक्ने :** विभागले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार मदिरा विशेषज्ञ, ब्रुइङ्ग विशेषज्ञ, रसायन विज्ञ लगायतका अन्य विशेषज्ञहरूको सेवा लिन सक्नेछ।

**१०च.**[८३]**अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धी तोक्न सक्ने :** (१) एनहाइड्रस इथानोल, रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने अन्न, मोलासिस वा खुदोबाट प्राप्त हुनु पर्ने इथानोल, स्प्रिट वा इ.एन.ए.को उत्पादन प्रतिलब्धी दरको निर्धारण तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको प्रतिलब्धी दर भन्दा घटी उत्पादन भएको देखिएमा त्यस्तो फरक परिमाणको इथानोल, स्प्रिट वा इ.एन.ए. बाट सो प्रतिष्ठानले उत्पादन गर्ने उच्चतम् कोटीको मदिरा उत्पादन भएको मानिनेछ।

(३) विभागले अन्तःशुल्क लाग्ने अन्य वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धी दर तोक्न सक्नेछ।

**१०छ.**[८४]**अल्कोहलको मात्रा जाँच गर्ने :** अन्तःशुल्क अधिकृतले जुनसुकै बखत स्वीकृति लिई निष्कासन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तरको परीक्षण गर्न सक्नेछ। अल्कोहलको मात्रा एक प्रतिशत भन्दा बढी फरक वा गुणस्तरमा उल्लेखनीय रुपबाट फरक पार्न पाइनेछैन।

---

८१ आर्थिक ऐन, २०६७ ले संशोधन। यसपूर्व निम्न व्यवस्था थियो :
अन्तःशुल्क अधिकृतले माग गरेको सूचना दिनु त्यस्तो बैंक, बित्तीय संस्था वा व्यक्तिको कर्तब्य हुनेछ।

८२ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

८३ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

८४ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

**१०ज.**[८५]**वक्यौता अन्तःशुल्कको असुली :** यस ऐन बमोजिमको म्यादभित्र बुझाउनु पर्ने अन्तःशुल्क कुनै व्यक्तिले नबुझाएमा सम्बन्धित अन्तःशुल्क अधिकृतले देहायका कुनै वा सबै तरिका अपनाई असुल गर्न सक्नेछ :-

(क) त्यस्तो व्यक्तिलाई फिर्ता गर्नुपर्ने कुनै रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै संगठित संस्था वा स्थानीय निकायबाट त्यस्तो व्यक्तिले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) त्यस्तो व्यक्तिको बैंक, वित्तीय वा अन्य संस्थामा रहेको हितबाट कट्टा गर्न लगाएर,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "हित" भन्नाले बैंक, वित्तीय वा अन्य संस्थामा रहेको निक्षेप तथा लगानीलाई समेत [८६]सम्झनु पर्छ।

(घ) त्यस्तो व्यक्तिको बिक्री, निकासी, पैठारी र अन्य व्यवसाय रोक्का गरेर,

(ङ) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पति कब्जा गरेर,

(च) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पत्ति सबै वा केही एकै पटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर,

(छ)[८७]मौज्दातमा रहेको वस्तु लिलाम गरेर।

**१०झ**[८८]**विलम्ब शुल्क :** दफा (४) को उपदफा(१) को खण्ड (क) को अवस्थामा वाहेक अन्तःशुल्क निर्धारण भएको वा अन्य कुनै कारणले यस ऐन बमोजिमको म्यादभित्र बुझाउनु पर्ने अन्तःशुल्क रकम

८५ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

८६ आर्थिक ऐन, २०६६ ले बुझाउँछ को सट्टा सम्झनु पर्छ बनाएको।

८७ आर्थिक ऐन, २०६७ ले थप।

८८ आर्थिक ऐन, २०६६ ले थप।

कुनै व्यक्तिले नबुझाएमा बुझाउन बाँकी रहेको अन्तःशुल्क रकममा प्रति दिन शुन्य दशमलब शुन्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ।

**१०ञ.**[८९] **अन्तःशुल्क छल्ने योजना विरुद्धको व्यवस्था :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्तःशुल्कको फाइदा लिने उद्देश्यले कुनै व्यक्तिले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क छल्ने दुरुत्साहन गरेको मानी महानिर्देशकले त्यस्तो व्यक्तिको अन्तःशुल्क निर्धारण तथा असुलउपर गर्न अन्तःशुल्क अधिकृतलाई आदेश दिन सक्नेछः–

(क) यस ऐनमा भएको व्यवस्थाको दुरुपयोग गरी अन्तःशुल्क छल्ने उद्देश्यले कुनै योजना तथा कार्य गरी अन्तःशुल्कको दायित्व कम गरेमा, वा

(ख) अन्तःशुल्क दायित्व कम गर्ने उद्देश्यले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले संझौता गरेमा।

**१०ट.**[९०] **अन्तःशुल्क टिकट परीक्षण गर्ने :** मदिरा, वियर वा चुरोट र अन्य अन्तःशुल्क लाग्ने बस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट सक्कली वा नक्कली सम्बन्धमा अन्तःशुल्क अधिकृतले परीक्षण गर्न सक्नेछ।

**११. यथेष्ट आधार देखिएमा तलासी लिने :** अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क छली प्रतिष्ठानबाट[९१]निष्कासन गरी वा विदेशबाट

---

८९ आर्थिक अध्यादेश, २०६८ द्वारा थप। आर्थिक अध्यादेश २०७१ ले संशोधन। संशाशोधन पूर्व निम्न ब्यवस्था थियो :
यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्तःशुल्कको फाइदा लिने उद्देश्यले कुनै व्यक्तिले देहायको कुनै कार्य गरेमा अन्तःशुल्क मुक्ति योजना गरी यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क छल्ने दुरुत्साहन गरेको मानी महानिर्देशकले त्यस्तो व्यक्तिको अन्तःशुल्क निर्धारण एवं असुलउपर गर्न अन्तःशुल्क अधिकृतलाई आदेश दिन सक्नेछ।

९० आर्थिक अध्यादेश, २०६८ द्वारा थप। आर्थिक अध्यादेश २०७१ ले संशोधन। यस पूर्व निम्न ब्यवस्था थियो :
मदिरा, वियर वा चुरोटको उत्पादनमा प्रयोग गरिने अन्तःशुल्क टिकट सक्कली वा नक्कली सम्बन्धमा अन्तःशुल्क अधिकृतले परीक्षण गर्न सक्नेछ।

९१ आर्थिक ऐन २०६५ द्वारा "निकासी" को सट्टा "निष्काशन" राखी संशोधन।

पैठारी गरी लिई जान लागेको छ भन्ने मनासिब माफिकको शंका लागेमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले जुनसुकै व्यक्ति वा सवारी साधानलाई रोक्का गर्न र अन्तशुल्क तिरेको प्रमाण माग गर्न सक्नेछ। अन्तःशुल्क महसुल तिरेको प्रमाण पेश गर्न नसकेमा अन्तःशुल्क छलेको मानिनेछ।

१२. **<u>खानतलासी, कब्जा वा गिरफ्तार गर्न सकिने</u>** : (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा उत्पादन, पैठारी, बिक्री वा संचय गरी वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरी व्यवसाय संचालन गरेमा वा दफा ११ बमोजिम अन्तःशुल्क छलेको भन्ने कुराको जानकारी अन्तःशुल्क अधिकृत वा निजले खटाएका कर्मचारीले पाएमा त्यस्ता अधिकृत वा कर्मचारीले त्यस्तो कार्य भैरहेको प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानको खानतलासी लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी लिँदा यस ऐन विपरित अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, बिक्री, पैठारी, संचय वा ओसारपसार गर्ने कार्य वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरी व्यवसाय संचालन गर्ने काम गरेको पाइएमा त्यस्तो काममा सरीक भएको व्यक्तिलाई खानतलासी लिने अधिकृत वा कर्मचारीले पूर्जी दिई गिरफ्तार गरी त्यहाँ प्राप्त वस्तुको मुचुल्का खडा गरी कब्जामा लिनु पर्नेछ।

(३) यस ऐन अन्तर्गतको कुनै कसूर कुनै प्रतिष्ठान, घर, जग्गा, सवारीसाधन वा स्थानमा भैरहेको छ र तुरुन्तै केही कारवाही नगरेमा अभियुक्त भागी जाने वा कसूरको सबुत प्रमाण गायब हुने सम्भावना देखेमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले सो कुराको पर्चा खडा गरी आफैले वा आफ्नो मातहतका कर्मचारीद्वारा जुनसुकै बखत देहायका कामहरू गर्न गराउन सक्नेछ :-

(क) त्यस्तो प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानमा प्रवेश गर्न,

(ख) त्यसरी प्रवेश गर्दा बाधा बिरोध भएमा त्यस स्थानमा रहे बसेका मानिसलाई त्यहाँबाट हट्न मनासिब माफिकको मौका दिई झ्याल ढोका फोरी प्रवेश गर्न,

(ग) कसूरसंग सम्बन्धित अन्तःशुल्क लाग्ने वस्तु र सो बमोजिमको कसूर प्रमाणित गर्न सहायक हुने अन्य वस्तु [९२]कब्जा गर्न र सो स्थानलाई सिलबन्दी गर्न,

(घ) इजाजतपत्र निलम्बन गर्न,

[९३]तर त्यस्तो निलम्बन सात दिन भन्दा बढीको अवधिको लागि गर्न पाइने छैन रत्यसरी निलम्बन गरेको साठी दिनभित्र तत्सम्बन्धी आवश्यक निर्णय गरी सक्नु पर्नेछ।

(ङ) कसूर गरेको भनी शंका लागेको व्यक्तिलाई गिरफ्तार गर्न।

(४) यस दफा बमोजिम कुनै प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानमा प्रवेश गर्दा वा खानतलासी लिँदा सम्भव भएसम्म सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँ विकास समितिका एक जना सदस्य वा त्यस ठाउँका एक जना स्थानीय व्यक्तिलाई साक्षी राख्नु पर्नेछ।

(५) यस ऐन बमोजिम कसैलाई गिरफ्तार गरेकोमा वा कुनै व्यक्ति, प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानको खानतलासी गरेकोमा वा अन्तःशुल्क लाग्ने वस्तु वा अन्य वस्तु कब्जा गरेकोमा त्यसरी खानतलासी वा गिरफ्तार गर्ने अन्तःशुल्क अधिकृतले त्यसको प्रतिवेदन विभागको महानिर्देशक समक्ष सो गिरफ्तार,

९२ आर्थिक अध्यादेश, २०६८ "र कागजात" भन्ने शब्द हटाई " र स्थानलाई सिलबन्दी गर्न" थप गरेको।

९३ आर्थिक अध्यादेश, २०६२।१०।०१ बाट थप। आर्थिक अध्यादेश २०७१ ले तत्सम्बन्धी आवश्यक भन्ने वाक्यांश थप गरेको।

खानतलासी वा वस्तु कब्जा गरेको मितिले चौबीस घण्टाभित्र छिटो साधनद्वारा पठाउनु पर्नेछ। अन्तःशुल्क अधिकृत बाहेक निजको मातहतका अन्य कर्मचारीले त्यस्तो काम गरेमा निजले त्यसको प्रतिवेदन त्यस्तो काम गरेको मितिले चौबीस घण्टाभित्र अन्तःशुल्क अधिकृत वा विभाग समक्ष पठाउनु पर्नेछ।

(६) यस ऐन बमोजिम कसूरको तहकिकातको सम्बन्धमा अन्तःशुल्क अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भएसरहको अधिकार हुनेछ।

(७) खानतलासी, गिरफ्तार वा कब्जा गर्ने काममा अन्तःशुल्क अधिकृतले सहयोगको निमित्त स्थानीय प्रशासन वा प्रहरीसँग अनुरोध गरेमा स्थानीय प्रशासन वा प्रहरीले तत्काल सहायता प्रदान गर्नु पर्नेछ।

**१३. <u>कसूरको सूचना दिनुपर्ने</u>** : (१) कसैले यस ऐन विपरित कुनै काम हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएमा [९४]आन्तरिक राजस्व कार्यालयमा वा नजिकमा आन्तरिक राजस्व कार्यालय नभए प्रहरी कार्यालय वा अन्य कुनै सरकारी कार्यालयमा सो कुराको सूचना दिनु निजको कर्तव्य हुनेछ। सूचना दिने व्यक्तिले त्यस्तो सूचना लिखित वा मौखिक रुपमा दिन सक्नेछ। त्यसरी सूचना प्राप्त गर्ने कार्यालयले तुरुन्त त्यस्तो सूचना सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

(२) सूचना दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा सांकेतिक भाषामा आफ्नो परिचय दिन सक्नेछ।

(३) सूचना दिँदा सूचना दिने व्यक्तिले आफूले थाहा पाएको स्रोत खुलाउन बाध्य हुने छैन।

(४)[९५] विभागले यस दफा बमोजिमको कसूरको सूचना दिने सुराकीलाई

---

९४ आर्थिक ऐन, २०६४ द्वारा संशोधित। यसपूर्व "अन्तःशुल्क कार्यालय" भन्ने शब्द थिए।

९५ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको। आर्थिक अध्यादेश २०७१ ले उपदफा ५ को ब्यवस्थामा संशोधन गरेको। संशोधन पूर्व निम्न ब्यवस्था थियो :

(५) यस दफा बमोजिम कसूरको सूचना दिने व्यक्तिको विवरण गोप्य रहनेछ। अन्य प्रचलित कानूनमा जुनसुकै

सूचनाको सत्यताको आधारमा विभागले तोकेबमोजिम बढीमा दश हजार रुपैयाँसम्म सुराकी प्रोत्साहन खर्च दिन सक्नेछ।

(५) यस दफा बमोजिम कसूरको सूचना दिने व्यक्तिको विवरण गोप्य रहनेछ।

**१४. पुरस्कार :** (१) यस ऐन विपरित कुनै काम हुन लागेको, भैरहेको वा भैसकेको कुराको सूचना वा[९६]सुराकीको आधारमा मुद्धा चली मुद्धाको अन्तिम निर्णय भएपछि कसूरदारबाट वरामद भएको अन्तःशुल्क लाग्ने वस्तुबाट असुल भएको अन्तःशुल्क वाहेकको रकमबाट देहाय वमोजिमको रकम सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट त्यस्तो सूचना वा सुराकी दिने सरकारी कर्मचारी वा व्यक्तिलाई पुरस्कारस्वरुप प्रदान गरिनेछ :-

(क)[९७]सुराकी दिने व्यक्तिलाई बिगोको दस प्रतिशत,

(ख) वस्तु मात्र पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ग) [९८]वस्तु तथा मानिससहित पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत,

तर सूचना वा सुराक दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्ता व्यक्तिहरू बीच पुरस्कारको बाँडफाँड [९९]समानुपातिक रुपले गरिनेछ।

---

कुरा लेखिएको भए तापनि यस्तो विवरण सार्वजनिक गर्न विभाग बाध्य हुनेछैन।

९६ आर्थिक ऐन २०७३ द्वारा संशोधन गरिएको।

९७ आर्थिक ऐन, २०६३ द्वारा संशोधित।यसपूर्व निम्नानुसार थियोः

(क) सुराक दिने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ख) दशी तथा मानिससहित पक्री पेश गर्ने व्यक्तिलाई बिगोको चालिस प्रतिशत,

(ग) वस्तु मात्र पक्री पेश गर्ने व्यक्तिलाई बिगोको पच्चीस प्रतिशत।

तर सूचना वा सुराक दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्ता व्यक्तिहरू बीच पुरस्कारको बाँडफाँड दामासाहीले गरिनेछ।

९८ आर्थिक ऐन २०७३द्वारा संशोधित। पहिला दशी भन्ने शव्द थियो।

९९ आर्थिक ऐन २०७३द्वारा संशोधन। यसपूर्व दामासाहीले भन्ने शव्द रहेको थियो।

(२) कुनै कर्मचारी वा प्रहरीले सुराक पाई बरामद गरेको वस्तु व्यक्ति सहित पक्राउ गरेमा त्यस्तो कर्मचारी वा प्रहरीलाई बिगोको पच्चीस प्रतिशत दिइनेछ।

तर वस्तु मात्र पक्रिएमा पक्रिएको वस्तुको मूल्यको पच्चीस प्रतिशत मात्र पुरस्कार स्वरुप प्रदान गरिनेछ। त्यसरी पुरस्कार दिंदा एक पटकमा प्रति व्यक्ति पन्ध्र हजार रुपैयाँभन्दा बढी भएमा सो अंकमा नबढ्ने गरी दिइनेछ।

**१५. सूचना वा मद्दत नदिने व्यक्तिलाई दण्ड सजाय :** यस ऐन विपरित कार्य हुन लागेको, भैरहेको वा भैसकेको कुरा थाहा पाएपछि सो कुराको सूचना दिनुपर्ने वा [१००]आन्तरिक राजस्व कार्यालयले मागेको बखत मद्दत दिनुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले जानी जानी त्यस्तो सूचना वा मद्दत नदिएमा निजलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

**१६.** [१०१]**दण्ड :** (१) कसैले देहायका कसूर गरेमा त्यस्ता व्यक्तिलाई त्यस्तो कसूरको निमित्त बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ :

(क) यस ऐन बमोजिम तिर्नुपर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख)[१०२]इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,

(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐन विपरित कुनै कसूर गरेमा,

(घ)[१०३]मदिरा, वियर वा चुरोट र अन्य अन्तःशुल्क लाग्ने बस्तुको

१०० आर्थिक ऐन,२०६४ द्वारा संशोधित। यसपूर्व "अन्तःशुल्क कार्यालय" भन्ने शब्द थिए।

१०१ आर्थिक ऐन,२०७० ले थप गरेको।

१०२आर्थिक अध्यादेश, २०६०।०४।०१ द्वारा संशोधित। यसपूर्व निम्न वाक्यांश थियोः " (ख) दफा ८ को उल्लङ्घन गरेमा, इजाजत पत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,"

१०३ आर्थिक ऐन, २०६८ द्वारा थप गरेको। आर्थिक ऐन, २०७१ ले 'अन्य अन्तःशुल्क लाग्ने बस्तुको उत्पादन र

उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा, उत्पादन गरेमा वा ओसार पसार वा भण्डारण गरेमा।

[१०४]**स्पष्टीकरणः** (१) यस खण्ड बमोजिम सजाय गर्न बिगो कायम गर्दा त्यस्तो टिकट प्रयोग भएको वा हुन सक्ने बस्तुको शक्ति, परिमाण वा आकारका आधारमा अन्तःशुल्क लाग्ने वस्तुको मूल्य कायम गरी त्यसमा लाग्ने अन्तःशुल्क समेत जोडी कायम गरिनेछ।

(२)[१०५]यस उपदफाको प्रयोजनका लागि बिगो कायम गर्नु पर्ने बस्तु तथा सेवा बिक्री भैसकेको अवस्थामा त्यस्तो वस्तु तथा सेवाको बिक्री मुल्यलाई आधार मानी बिगो कायम गरी उक्त रकम बिगोको रुपमा असुल गरिनेछ।

(२ अन्तःशुल्क अधिकृतले उपदफा(१) मा उल्लिखित दण्ड जरिवानाका अतिरिक्त नब्बे दिनमा नबढ्ने गरी दफा ९ बमोजिम दिइएको इजाजतपत्र निलम्बन समेत गर्न सक्नेछ।

(३) उपदफा १ को खण्ड (क), (ख), (ग)[१०६]वा (घ) मा लेखिएको कसूरको उद्योग वा दुरुत्साहन गर्नेलाई [१०७]मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(४) कसूरसँग प्रत्यक्ष वा परोक्ष रुपमा प्रयोग हुन आएको भाँडा वर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेशीन, उपकरण र सवारी साधन समेत जफत हुनेछ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले सवारी धनीको अनुमति विना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी

---

पैठारीमा प्रयोग' भन्ने वाक्यांश थप गरेको।

१०४ आर्थिक ऐन, २०७१ ले थप गरेको।

१०५ आर्थिक अध्यादेश, २०७० द्वारा थप गरेको।

१०६ आर्थिक अध्यादेश, २०६८ द्वारा "वा (घ)" थप गरेको। आर्थिक अध्यादेश २०७१ ले 'कसूर गर्न प्रयत्न गर्ने' शब्दको सट्टामा 'कसूरको उधोग' भन्ने वाक्यांश थप गरेको।

१०७ आर्थिक अध्यादेश, २०६८ द्वारा "गरेमा आधा" को सट्टा 'मूख्य कसूरदारलाई हुने सजाँयको आधार' संशोधन गरेको।

साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिवाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकले नै प्रयोग गरेको पाइएमा त्यस्तो सवारी जफत हुनेछ।

(६)[१०८] कुनै व्यक्तिले देहायको कुनै कसूर गरेमा अन्तःशुल्क अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :-

(क) दफा ७ को उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण भएमा थप हुने अन्तःशुल्क रकमको शत प्रतिशत रकम,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बिक्री वा संचय गरेमा पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म,

(ग) दफा १०क. को व्यवस्था उल्लंघन गरेमा लाग्ने अन्तःशुल्कको प्रतिदिन शून्य दशमलब शून्य पाँच प्रतिशत वा प्रति विवरण एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम,

(घ) दफा १०ख. को उपदफा (१) बमोजिमको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैयाँ र कारोबारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

---

१०८आर्थिक ऐन, २०६५ द्वारा संशोधित। यसपूर्वको निम्न व्यवस्था आर्थिक अध्यादेश, २०६०।०४।०१ द्वारा थप भै आ.व. २०६४।६५ सम्म निरन्तरतापाएको थियोः

(५) कसैले देहायका कसूर गरेमा त्यस्ता व्यक्तिलाई कसूरको मात्रा हेरी पाँच हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुनेछ :-

(क) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु बिक्री वा सञ्चय गरेमा,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेमा,

(ग) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेमा।

(ङ) दफा १०ख. को उपदफा (२) उल्लंघन गरेमा पाँच हजार रुपैयाँसम्म,

(च) दफा १०ख. को उपदफा (३) उल्लंघन गरेमा दश हजार रुपैयाँ,

(छ) दफा १०घ. को उपदफा (३) बमोजिमको [१०९]अनुगमन गर्ने कार्यमा वाधा विरोध गरेमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ज) दफा १०छ. वमोजिम जाँच गर्दा अल्कोहलको मात्रा एक प्रतिशत भन्दा बढी फरक भएमा राजस्व चुहावट भएको रकमको शतप्रतिशत रकम,

(झ) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धी तोकिएकोमा त्यस अनुसारको उत्पादन प्रतिलब्धी नपुगेमा थप हुने अन्तःशुल्क रकमको शत प्रतिशत रकम,

(ञ) दफा ४घ को उपदफा (१) को उलंघन गरेमा पटकै पिच्छे दश हजार रुपैयाँ,

(ट)[११०]स्वयं निष्काशन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको बिक्री गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असुल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शत प्रतिशत रकम,

(ठ)[१११]दफा ३क. को उपदफा (३) को उल्लङ्घन गरी अन्तःशुल्क क्रेडिट दावी गरेमा त्यसरी क्रेडिट दाबी गरेको अन्तःशुल्क रकमको शत् प्रतिशत रकम,

(ड)[११२] दफा ४घ. को उपदफा (२) को उल्लङ्घन गरेमा पहिलो पटकका लागि दश हजार रुपैयाँ र त्यस पछि प्रत्येक पटकका लागि बीस हजार रुपैयाँ,

---

१०९ आर्थिक ऐन, २०७० द्वारा थप।

११० आर्थिक ऐन, २०७० द्वारा थप।

१११ आर्थिक ऐन, २०७२ द्वारा थप।

११२ आर्थिक ऐन, २०७२ द्वारा थप।

(ढ)[११३]यस दफामा उल्लेख गरिएदेखिबाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ।

**१७.** **सम्पत्ति रोक्का तथा लिलाम बिक्री गर्ने :** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अन्तःशुल्क अधिकृतले कुनै व्यक्तिको सम्पत्ति जफत गर्नुपर्ने मनासिब माफिकको कारण पर्नआएमा त्यस्तो सम्पत्ति अन्य कुनै व्यक्तिलाई हक हस्तान्तरण वा स्वामित्व परिवर्तन हुन नसक्ने गरी रोक्का राख्न सक्नेछ।

(२) यसरी रोक्का रहेको सम्पत्ति सड्ने, बिग्रने, नष्ट हुने वा त्यसको मूल्य घट्ने देखिएमा अन्तःशुल्क अधिकृतले त्यस्तो वस्तु तुरुन्त लिलाम बिक्री गरी आएको रकमको आम्दानी बाँध्नु पर्नेछ। रोक्का रहेको सम्पत्ति पछि सम्बन्धित व्यक्तिले फिर्ता पाउने ठहरिएमा लिलाम बिक्रीबाट प्राप्त भएको रकम मात्र निजलाई फिर्ता दिइनेछ। सम्बन्धित व्यक्तिले वस्तु नै फिर्ता पाउँ भनी दाबी गर्न पाउने छैन।

(३)[११४]जफत गरिएका वस्तुहरू परीक्षण गर्दा उपयोग गर्न मिल्ने देखिएमा लिलाम विक्री गरी आएको रकम राजस्व दाखिला गर्नु पर्नेछ। तर परीक्षणबाट त्यस्ता वस्तुहरू उपयोग गर्न नमिल्ने भएमा विभागले तोकेबमोजिम नष्ट गर्नु पर्नेछ।

**१७क.**[११५]**किस्ताबन्दीमा तिर्ने व्यवस्था :** कुनै करदाताले वक्यौता अन्तःशुल्क किस्ताबन्दीमा बुझाउन पाऊँ भनी लिखित अनुरोध गरेमा एक वर्षको लागि  किस्ताबन्दीमा बुझाउने गरी अनुमति प्रदान गर्न सकिनेछ।

**१८.** **अदालतलाई भएसरहको अधिकार हुने :** (१) यस ऐनको प्रयोजनको लागि अन्तःशुल्क अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने,

---

११३ आर्थिक ऐन, २०७०द्वारा थप। आर्थिक ऐन, २०७१ द्वारायस दफामा उल्लेख गरिएदेखि बाहेकु भन्ने शब्दहरू थपिएको।

११४ आर्थिक ऐन, २०६३ द्वारा थप।

११५ आर्थिक ऐन, २०६३ द्वारा थप।

बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने, थुनामा राख्ने वा जमानीमा छोड्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भएसरहको अधिकार हुनेछ।

(२) यस ऐन बमोजिम कारवाही गर्दा अन्तःशुल्क अधिकृतले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

१९.[११६]**प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन सम्वन्धी व्यवस्था** : (१) अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असुलीका सम्बन्धमा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र [११७]....... [११८]प्रशासकीय पुनरावलोकनका लागि महानिर्देशकसमक्ष निवेदन दिन सक्नेछ।

तर दफा १६ को उपदफा (१), (२), (३) र (४) बमोजमको कसूरमा अन्तःशुल्क अधिकृतले कैद गर्नेगरी गरेको निर्णय उपर[११९]पैतिस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा [१२०]त्यस्तो गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली म्याद थपको लागि महानिर्देशक समक्ष निवेदन

---

११६ आर्थिक ऐन, २०६५ द्वारा संशोधित।। यसपूर्वको व्यवस्थाः आर्थिक ऐन, २०६३ द्वारा संशोधित व्यवस्थाः
१९.पुनरावेदन :
(१) यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ।
(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ।
(३) उपदफा (१) बमोजिम पुनरावेदन दिएको कारणबाट दफा १६ को उपदफा (१) मा उल्लेखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन (मूल ऐनको यो दफा आर्थिक अध्यादेश, २०६०।१०।०१ ले खारेज गरेको थियो। खारेज हुँदा निम्न व्यवस्था मात्र थियोः
१९. पुनरावेदन : (१) यस ऐन बमोजिम अन्तशुल्क अधिकृतले गरेको निर्णय उपर पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ

११७ आर्थिक ऐन २०७३ द्वारा खारेज। खारेजपूर्व सो निर्णयको विरुद्ध भन्ने शब्द थिए।

११८ आर्थिक ऐन २०७२ द्वारा संशोधन।

११९ आर्थिक ऐन २०७३द्वारा पैतिस दिनभित्र भन्ने शव्द थप।

१२० आर्थिक ऐन २०७३द्वारा संशोधित ।

दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिव देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिनको म्याद थप गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम परको निवेदन उपर छानविन गर्दा निवेदकको जिकिर [१२१]मनासिब देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले अन्तःशुल्क निर्धारण आदेश बदर गरी पुनःअन्तःशुल्क निर्धारण गर्न सम्वन्धित कर अधिकृत वा अन्य कुनै कर अधिकृतलाई आदेश दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो निवेदन उपर महानिर्देशकले निर्णय गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित अन्तःशुल्क रकममध्ये विवादरहित अन्तःशुल्क र जरिवाना रकम बुझाई विवादित अन्तःशुल्क र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको म्यादभित्र महानिर्देशकले निर्णय नगरेमा [१२२]निर्धारित म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो निर्णयको सूचना पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्नेछ।

(७) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन वा पुनरावेदन दिने व्यक्तिले सोको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ।

(८) उपदफा (१) बमोजिम पुनरावलोकनको निवेदन वा पुनरावेदन दिएको कारणबाट दफा१६ को उपदफा (१) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन।

---

१२१ आर्थिक अध्यादेश, २०७० द्वारा “सत्य” सट्टा “उपयुक्त” शब्द प्रयोग गरिएको।

१२२ आर्थिक ऐन, २०६५ द्वारा संशोधित।

२०. **अधिकार प्रत्यायोजन नहुने :** दफा १५ र १६ बमोजिम अन्तःशुल्क अधिकृतलाई प्राप्त अधिकार प्रत्यायोजन हुन सक्ने छैन।

२१. **जफत गर्ने कारवाही स्थगित रहने अवस्था :** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम अन्तःशुल्क अधिकृतबाट कुनै व्यक्तिको सम्पत्ति जफत गर्ने गरी निर्णय भै सो निर्णय उपर पुनरावेदन परेकोमा पुनरावेदन हेर्ने अधिकारीले पुनरावेदनको कारवाही किनारा नगरेसम्म सो सम्पत्ति जफत गर्ने कारवाही स्थगित राख्ने आदेश अन्तःशुल्क अधिकृतलाई दिन सक्नेछ।

तर दफा १७ को उपदफा (२) को अवस्थामा यो दफाको व्यवस्था लागू हुने छैन।

२२. **बाँकी रकम सरकारी बाँकी सरह असुल गर्ने :** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी रहेकोमा त्यस्तो रकम निजबाट अन्तःशुल्क अधिकृतले सरकारी बाँकी सरह असुलउपर गर्नेछ।

२२क.[१२३] **अन्तःशुल्क सरह मानिने :** यस ऐन बमोजिम लाग्ने दस्तुर, बिलम्ब शुल्क वा जरिवाना यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क सरह मानिनेछ।

२३.[१२४] **विभाग जिम्मेवार हुने :** यस ऐनको कार्यान्वयन तथा प्रशासन गर्ने कामको लागि विभाग जिम्मेवार हुनेछ।

२३क[१२५] **पूर्वादेश :** (१) कुनै व्यक्तिले यो ऐन लागू हुने अवस्थाबारे द्विविधा निराकरणका लागि विभाग समक्ष लिखित निवेदन दिएमा विभागले सो ब्यक्तिलाई लिखित रुपमा सूचित गरी पूर्वादेशद्वारा धारणा जारी गर्न सक्नेछ।

---

१२३ आर्थिक ऐन, २०६७ द्वारा थप।

१२४ आर्थिक ऐन, २०६७ द्वारा थप।

१२५ आर्थिक ऐन, २०७१ द्वारा थप।

(२) यस्तो पूर्वादेश माग भएको विषयमा जारी भएको मितिपश्चातका प्रवन्ध तथा निवेदनमा उल्लेख भएका बिषयमा मात्र लागू हुनेछ।

(३) अदालतमा विचाराधीन रहेका विषय र अदालतबाट ब्याख्या भै आदेश भएका विषयहरूमा पूर्वादेशको निवेदन परी जारी भएमा समेत स्वतः निष्कृय भएको मानिनेछ।

**२४.**[126]**अन्तःशुल्क सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि[127].....आर्थिक ऐनले यस ऐनमा संशोधन गरी अन्तःशुल्क लगाउने, निर्धारण गर्ने, बढाउने, घटाउने, छुट दिने वा मिन्हा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका अन्तःशुल्कका व्यवस्थाहरूमा कुनै पनि संशोधन, परिवर्तन गर्न वा अन्तःशुल्क सम्बन्धी अन्य व्यवस्थाहरू गर्न सक्ने छैन।

**२५. नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

**२५क.**[128]**निर्देशिका बनाई लागू गर्न सक्ने** : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विभागले आवश्यक निर्देशिका [129]वनाउन सक्नेछ।

**२६. खारेजी र बचाउ** : (१) अन्तःशुल्क ऐन, २०१५ खारेज गरिएको छ।

(२) अन्तःशुल्क ऐन, २०१५ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिने छन्।

---

१२६ आर्थिक ऐन, २०६७ द्वारा थप।

१२७ आर्थिक ऐन २०७३ ले सालवसाली लागु हुने भन्ने शब्द हटाएको।

१२८ आर्थिक अध्यादेश, २०५९ ले थप गरेकोमा आर्थिक ऐन २०६५ले शंशोधन गरेको। शंशोधन पूर्व निम्ननानुसारको व्यवस्था रहेको थियो :

निर्देशिका बनाई जारी गर्न सक्ने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विभागले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ।

१२९ आर्थिक ऐन २०७३ द्वारा संशोधन यस पूर्व निर्देशिका वनाई लागु गर्न सक्नेछ भन्ने व्यवस्था रहेका थियो

# अनुसूची

## (दफा ३ सँग सम्बन्धित)

अन्तःशुल्क दरबन्दी

आर्थिक ऐन,२०७३

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| १४.०४ | | अन्यत्र नपरेको वनस्पति उत्पादन | |
| | | -अन्यः | |
| | १४०४.९०.११ | --अर्धतयारी खयर कत्था( कत्था रस) | प्रति किलो. रु.१०।- |
| | १४०४.९०.१२ | --खयर कत्था | प्रति किलो. रु.११५।- |
| १६.०१ | १६०१.००.०० | ससेज र मासु, अफल र रगतबाट वनेको यस्तै उत्पादन; यी उत्पादनहरूमा आधारित खाद्य पदार्थ। | मोल प्रतिशत ५ |
| १६.०२ | | तयारी वा सुरक्षित मासु, अफल वा रगत। | |
| | १६०२.१०.०० | -समरुपी परिकार | मोल प्रतिशत ५ |
| | १६०२.२०.०० | -कुनै जनावरको कलेजोको | मोल प्रतिशत ५ |
| | | -शीर्षक ०१.०५ को चरा चुरुङ्गीकोः | |
| | १६०२.३१.०० | --टर्कीको | मोल प्रतिशत ५ |
| | १६०२.३२.०० | --ग्यालुस डोमेष्टिक जातका चराहरू (फाउल्स) को | मोल प्रतिशत ५ |
| | १६०२.३९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -सुगुरको | |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | १६०२.४१.०० | --फिला र फिलको टुक्रा | मोल प्रतिशत ५ |
| | १६०२.४२.०० | अगाडीको फिला र त्यसको टुक्रा | मोल प्रतिशत ५ |
| | १६०२.४९.०० | --अन्य, मिश्रण समेतको | मोल प्रतिशत ५ |
| | १६०२.५०.०० | -चौपाया (बोभाइन) जिवजन्तुको | मोल प्रतिशत ५ |
| | १६०२.९०.०० | -अन्य, कुनै जनावरको रगतको परिकार समेत | मोल प्रतिशत ५ |
| १६.०३ | १६०३.००.०० | मासु, माछा, क्रुष्टासियन, मोलस्क वा अन्य जलीय इनभर्टिब्रेटको सार र रस। | मोल प्रतिशत ५ |
| १६.०४ | | तयारी र सुरक्षित माछा; क्याभिर (माछाको फुल) र माछाको फुल (क्याभिर) को प्रतिस्थापक (सब्स्टीच्यूट) | |
| | | -सिङ्गै वा टुक्रा माछा तर केम्रा नपारेको: | |
| | १६०४.११.०० | --साल्मोन | मोल प्रतिशत ५ |
| | १६०४.१२.०० | --हेरङ्गस् | मोल प्रतिशत ५ |
| | १६०४.१३.०० | --स्प्राट माछाको सार्डिन्स, सार्डिनेला, र ब्रिसलिङ | मोल प्रतिशत ५ |
| | १६०४.१४.०० | --टुनाज, स्कीपज्याक र वोनितो (सार्डा एस पी पी) | मोल प्रतिशत ५ |
| | १६०४.१५.०० | --म्याकारल | मोल प्रतिशत ५ |
| | १६०४.१६.०० | --एन्कोभिज | मोल प्रतिशत ५ |
| | १६०४.१७.०० | --बाम(ईल) हरू | मोल प्रतिशत ५ |
| | १६०४.१९.०० | --अन्य | मोल प्रतिशत ५ |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | १६०४.२०.०० | -अन्य तयारी वा सुरक्षित माछा | मोल प्रतिशत ५ |
| | | -क्याभियर र क्याभिएरका प्रतिस्थापकहरू | |
| | १६०४.३१.०० | --क्याभिएर | मोल प्रतिशत ५ |
| | १६०४.३२.०० | --कयाभिएरका प्रतिस्थापकहरू | मोल प्रतिशत ५ |
| १६.०५ | | तयारी वा सुरक्षित क्रुष्टासियन्स, मोलस्क, र अन्इ ढाडको हाड नभएको (इनभर्टिब्रेट) जलचरहरू। | |
| | १६०५.१०.०० | -गंगटो | मोल प्रतिशत ५ |
| | | -झिंगे माछा (स्रीम्प र प्राउन) हरू | |
| | १६०५.२१.०० | --हावा नछिर्ने भाँडोमा नराखिएको | मोल प्रतिशत ५ |
| | १६०५.२९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | १६०५.३०.०० | -लोब्स्टर | मोल प्रतिशत ५ |
| | १६०५.४०.०० | -अन्य कुष्टासियन्स | मोल प्रतिशत ५ |
| | | -बाहिरी खबटा हुने जीव (मोलस्क) हरूः | |
| | १६०५.५१.०० | --सिपी(ओइस्टर) हरू | मोल प्रतिशत ५ |
| | १६०५.५२.०० | --घुंगी (स्कालोप) हरू रानी घुंगी (क्वीन स्कालोप) हरू समेत | मोल प्रतिशत ५ |
| | १६०५.५३.०० | --मसलाहरू | मोल प्रतिशत ५ |
| | १६०५.५४.०० | --कटल माछा र स्क्विड् | मोल प्रतिशत ५ |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
| --- | --- | --- | --- |
| | १६०५.५५.०० | -- क्लाम, कोकल र आर्क सेलहरू | मोल प्रतिशत ५ |
| | १६०५.५६.०० | --क्लाम, कोकल र आर्क सेलहरू | मोल प्रतिशत ५ |
| | १६०५.५७.०० | --एबालोन | मोल प्रतिशत ५ |
| | १६०५.५८.०० | --शंखेकिरा (स्नेल) हरू, समुन्द्रि शंखेकिरा (सी स्नेल) हरू वाहेक | मोल प्रतिशत ५ |
| | १६०५.५९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -अन्य ढाडमा हाड नहुने जलचरहरू | |
| | १६०५.६१.०० | --समुद्री क्युकम्वरहरू | मोल प्रतिशत ५ |
| | १६०५.६२.०० | --समुद्री अर्चिनहरू | मोल प्रतिशत ५ |
| | १६०५.६३.०० | --जेलि माछा | मोल प्रतिशत ५ |
| | १६०५.६९.०० | --अन्य | मोल प्रतिशत ५ |
| १७.०१ | | ठोस रुपमा उखु वा चुकन्दर र रासायनिक तवरबाट शुद्ध गरिएको सुक्रोज (उखुको चिनी) | |
| | | -रंगाउने र सुवास स्वाद आउने पदार्थ नमिसाएको कच्चा चिनी | |
| | १७०१.१३.१० | ---सख्खर (गुंड र भेलीसमेत), गुँडगट्टा (पैठारीमा मात्र) | प्रति. क्वीन्टल. रु.९०।- |
| | | --उखुको अन्य चिनीः | |
| | १७०१.१४.१० | ---सख्खर (गुंड र भेलीसमेत), गुँडगट्टा (पैठारीमा मात्र) | प्रति. क्वीन्टल. रु.९०।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| १७.०३ | | चिनी वानउदा निस्कने शिरा वा उखुको रस (टेमा छुवा खुदो समेत) | |
| | १७०३.१०.०० | -उखुको खुंदो (मोलासिस) | प्रति. क्वीन्टल. रु.५०।- |
| | १७०३.९०.०० | -अन्य | प्रति. क्वीन्टल. रु.५०।- |
| १९.०२ | | स्पेगेटी, म्याकारोनी, नूडल्स, लसाने, नोकी, राभिओली, क्यानेलोनी कुकुहरू जस्ता पकाइएका वा नपकाइएका, (मासु वा अन्य पदार्थ) भरिएका वा नभरिएका वा अन्य किसिमबाट तयार पारिएका पाष्टाका परिकारहरू; तयार गरिएको वा नगरिएको कुकुहरू । | |
| | | -नपकाएको पास्टा (मुछेको पिठो), नभरेको (नौट स्टफेड) वा अन्य प्रकारको तयारी | |
| | १९०२.११.०० | --फुल हालेको | प्रति किलो. रु.७।५० |
| | १९०२.१९.०० | --अन्य | प्रति किलो. रु.७।५० |
| | १९०२.२०.०० | -पकाएको वा नपकाएको वा अन्य प्रकारले तयार गरेको भरेको पास्टा (मुछेको पिठो) | प्रति किलो. रु.७।५० |
| | १९०२.३०.०० | -अन्य पास्टा (मुछेको पिठो) | प्रति किलो. रु.७।५० |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | १९०२.४०.०० | -कुकु (उत्तरी अफ्रिकी खाद्य पदार्थ) | प्रति किलो. रु.७।५० |
| १९.०५ | | कोको परेको वा नपरेको पाउरोटी, पेष्ट्री, केक, बिस्कुट र अरु रोटी सम्बन्धी सामान; कम्युनियम, वेफर्स (पकाएको रोटी बिर्कोको काम गर्ने), औषधी भर्न हुने खाली क्याप्सूल, (एम्टी क्यासे) सिलिङ वेफयर्स (टाल्ने रोटी), राइस पेपर (तोफु, ममचा बनाउने पिठोको रोटी जस्तो पदार्थ) र अन्य यस्तै उत्पादन। | |
| | | -अन्यः | |
| | १९०५.९०.२० | --आलु चिप्स | प्रति किलो रु.७।५० |
| २०.०९ | | चिनी हालेको वा नहालेको, स्प्रीट नहालेको र नकुहाएको फलफूलको रस (अंगुरको कांचो रस समेत) र वनस्पति रस। | |
| | | -सुन्तलाको रस (ओरेन्ज जुस)ः | |
| | २००९.११.०० | --हिमीकृत (फ्रोजेन) | प्रति लिटर रु.४।५० |
| | २००९.१२.०० | --हिमीकृत नगरिएको, वृक्षमूल्य २० ननाघेको | प्रति लिटर रु.४।५० |
| | २००९.१९.०० | --अन्य | प्रति लिटर रु.४।५० |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | | -भोगटे (पोमेलो समेत) को रस (ग्रेपफ्रुट इन्क्लुडिङ्ग पोमेलो जूस) : | |
| | २००९.२१.०० | --वृक्ष मूल्य २० ननाघेको | प्रति लिटर रु.४।५० |
| | २००९.२९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | | -अन्य कुनै जम्बिर जाति (सिटरस) को एकल फलको रसः | |
| | २००९.३१.०० | --वृक्ष मुल्य २० ननाघेको | प्रति लिटर रु.४।५० |
| | २००९.३९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | | -भुंइकटहरको रस (पाइनेपल जूस)ः | |
| | २००९.४१.०० | --वृक्ष मुल्य २० भन्दा बढी नभएको | प्रति लिटर रु.४।५० |
| | २००९.४९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | २००९.५०.०० | --गोलभेडाको रस (टमाटो जूस) | प्रति लिटर रु.४।५० |
| | | -अंगुरको रस (ग्रेप जूस) (अंगुरको कांचो रस) (ग्रेप मष्ट) समेतः | |
| | २००९.६१.०० | --वृक्ष मूल्य ३० ननाघेको | प्रति लिटर रु.४।५० |
| | २००९.६९.०० | --अन्य | प्रति लिटर रु.४।५० |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | | -स्याउको रस (एपुल जूस) : | |
| | २००९.७१.०० | --वृक्ष मूल्य २० ननाघेको | प्रति लिटर रु.४।५० |
| | २००९.७९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | | -अन्य कुनै एउटै फलफूल वा वनस्पतिको रसः | |
| | २००९.८१.०० | --क्र्यानबेरी (भ्याक्सिनियम म्याक्रोकार्पोन, भ्याक्सिनियम अक्सिककस, भ्याक्सिनियम भिटिस-इडिया) को रस (जुस) | प्रति लिटर रु.४।५० |
| | २००९.८९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | २००९.९०.०० | -रसको मिश्रण | प्रति लिटर रु.४।५० |
| २१.०६ | | अन्यत्र नपरेको खाद्य पदार्थ | |
| | | -अन्य | |
| | २१०६.९०.२० | सुर्तीरहित पान मसला | प्रति किलो रु.४२०।- |
| | २१०६.९०.६० | कुरकुरे, कुरमुरे, चिजबल्स, लेज, र त्यस्तै उत्पादन | प्रति किलो रु.७।५० |
| | २१०६.९०.७० | सूर्ति रहित सुगन्धित सुपारी | प्रति किलो रु १५५।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| २२.०२ | | चिनी हालेको वा गुलियो गरेको र वास्ना आउने सुरुचिकर पानी, प्राकृतिक र कृत्रिम खनिज पानी र वायु प्रवाहित पानी (एरिटेड) समेत र शीर्षक २०.०९ को फलफूल र वनस्पतिको रस समावेश नभएको अल्कोहल रहित पेय पदार्थ। | |
| | २२०२.९०.०० | - अन्य | प्रति लिटर .रु.७।- |
| २२.०३ | २२०३.००.०० | जौबाट वनेको वियर। | प्रति लिटर रु.१०६।- |
| २२.०४ | | ताजा अंगुरको वाइन र अल्कोहलहाली सुरक्षित गरिएको (फोर्टिफाइड) वाइन समेत शिर्षक २०.०९ को वाहेक काँचो अंगुरको रस(ग्रेप मस्ट) | |
| | | -स्पार्किङ वाइनः | |
| | २२०४.१०.१० | --१२ प्रतिशतसम्म अल्कोहल भएका (पैठारीमा मात्र) | प्रति लिटर रु.२८०।- |
| | २२०४.१०.२० | --१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२८०।- |
| | २२०४.१०.३० | --१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.३२५।- |
| | | -अन्य वाइन; कांचो अंगुरको रस, अल्कोहल हालेर कुहुन रोकेको वा ढीलो गरेकोः | |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | | --२ लिटर वा कम जाने भांडोमा रहेकोः | |
| | २२०४.२१.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएका (पैठारीमा मात्र) | प्रति लिटर रु.२८०।- |
| | २२०४.२१.२० | ---१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२८०।- |
| | २२०४.२१.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.३२५।- |
| | | --अन्यः | |
| | २२०४.२९.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२८०।- |
| | २२०४.२९.२० | ---१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२८०।- |
| | २२०४.२९.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.३२५।- |
| | २२०४.२९.४० | स्वदेशमा निर्मित वाईन (चुत्रो, स्याउ र ऐसेलुबाट, निर्मित १२ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.७४।- |
| | | -अन्य कांचो अंगुरको रसः | |
| | २२०४.३०.१० | --१२ प्रतिशतसम्म अल्कोहल भएका वाईन (पैठारीमा मात्र) | प्रति लिटर रु.२८०।- |
| | २२०४.३०.२० | --१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका वाईन | प्रति लिटर रु.२८०।- |
| | २२०४.३०.३० | --१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका वाईन | प्रति लिटर रु.३२५।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| २२.०५ | | भरमाउथ र वास्ना आउने सार वा सुगन्धित वोट विरुवा मिश्रित ताजा अंगुरको अन्य वाइन। | |
| | | -२ लिटर वा कम जाने भाडामा रहेकोः | |
| | २२०५.१०.१० | --१२ प्रतिशतसम्म अल्कोहल भएका (पैठारीमा मात्र) | प्रति लिटर रु.२८०।- |
| | २२०५.१०.२० | --१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२८०।- |
| | २२०५.१०.३० | --१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.३२५।- |
| | | -अन्यः | |
| | २२०५.९०.१० | --१२ प्रतिशतसम्म अल्कोहल भएका (वाइन पैठारीमा मात्र) | प्रति लिटर रु.२८०।- |
| | २२०५.९०.२० | --१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२८०।- |
| | २२०५.९०.३० | --१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.३२५।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| २२.०६ | | अन्य कुहाएको (फर्मेण्टेड) पेय पदार्थहरू (उदाहरणतः स्याउबाट बनेको साइडर, नासपातीबाट बनेका पेरी, कुहाएको मह र पानी मिलाएको मिड); अन्यत्र नपरेका वा समावेश नभएका कुहाएको पेय पदार्थहरू (फर्मेण्टेड् विभरेजेज) को मिश्रण र कुहाइएका पेय पदार्थहरू (फर्मेण्टेड् विभरेजेज) तथा अमारक पेय पदार्थ ( ननअल्कोहोलिक विभरेजेज) हरूको मिश्रण। | |
| | २२०६.००.१० | --छ्याङ्ग (कन्ट्री वियर) | प्रति लिटर रु.२२।- |
| | २२०६.००.२० | --सेम्पेन, सेरी, मिड, पेरी, विदेशमा उत्पादित साइडर | प्रति लिटर रु.३१३।- |
| | २२०६.००.३० | --स्वदेशमा उत्पादित साइडर | प्रति लिटर रु.१०८।- |
| | २२०६.००.४० | --१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको जडिवुटी मिश्रित मदिरा, कक्टेल (अल्कोहलिक/ अल्कोहलिक/ नन्अल्कोहलिक मिश्रण) तथा अन्य फर्मेण्टेड मदिराहरू | प्रति लिटर रु.३२५।- |
| | २२०६.००.९० | -अन्य | प्रति लिटर रु.३२५।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| २२.०७ | | ८० प्रतिशत घनत्व अल्कोहल शक्ति वा सो भन्दा माथि अल्कोहल शक्ति भएको अन्डिनेचर्ड इथायल अल्कोहल र जुनसुकै अल्कोहल शक्ति भएको डिनेचर्ड इथाइल अल्कोहल र अन्य स्प्रिट | |
| | २२०७.१०.१० | -८० प्रतिशत घनत्व अल्कोहल शक्ति वा सो भन्दा माथि अल्कोहल शक्ति भएको अन्डिनेचर्ड इथायल अल्कोहल | प्रति लिटर रु.५०।- |
| | २२०७.१०.२० | आयतनमा ८० प्रतिशत वा सो भन्दा बढी अल्कोहल भएका मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने रेक्टिफाइड स्प्रिट | प्रति लिटर रु.५०।- |
| | २२०७.१०.३० | ई.एन.ए. (एक्ट्रा न्युट्रल अल्कोहल) | प्रति लिटर रु.५०।- |
| | २२०७.१०.४० | एनहाइड्रस इथानोल (९९ प्रतिशतभन्दा बढी अल्कोहल भएको) | प्रति लिटर रु.६।- |
| | २२०७.२०.०० | -डिनेचर्ड स्प्रिट (८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको) | प्रति लिटर रु.१०।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| २२.०८ | | ८० प्रतिशत भन्दा कम घनत्व अल्कोहल शक्ति भएको अविकृत (अनडिनेचर्ड) एथिल अल्कोहल; अरख (स्पिरिट्स), मदिरा (लिकर्स) र अन्य मादक (स्पिरिचुअस) पेयहरू (बेभरेजेज)। | |
| | | -अंगुरको वाइन वा अंगुर मार्कबाट निकालीएको स्प्रिट (ब्राण्डी) | |
| | २२०८.२०.१० | --वाइन वा ब्राण्डीको कच्चा पदार्थको रुपमा प्रयोग हुने सवै प्रकारका मादक द्रबहरू (स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.२०.९०.१० | --- १५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.९१२।- प्रति एल.पि. लिटर रु.१०७३।- |
| | २२०८.२०.९०.२० | --- २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६८०।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | २२०८.२०.९०.३० | --- ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६३४।- प्रति एल.पि. लिटर रु.९०६।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | | -ह्वीस्कीहरू | |
| | २२०८.३०.१० | -- ह्वीस्कीको कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरू (स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.३०.९०.१० | --- १५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.९१२।- प्रति एल.पि. लिटर रु.१०७३।- |
| | २२०८.३०.९०.२० | ---२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६८०।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | २२०८.३०.९०.३० | ---३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु६३४।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | | -उखुको उत्पादनहरूलाई कुहाएर चुलाई गरी निकालिको रम र अन्य स्प्रिट | |
| | २२०८.४०.१० | -- रम र अन्य स्प्रीटहरूको कच्चा पदार्थको रुपमा प्रयोग हुने उखुको उत्पादनहरूलाई कुहाएर चुलाई गरी निकालिएको स्प्रीट समेतका मादक द्रबहरू | प्रति लिटर रु.११५।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | | --अन्य | |
| | २२०८.४०.९०.१० | ---१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.९१२।- प्रति एल.पि. लिटर रु.१०७३।- |
| | २२०८.४०.९०.२० | ---२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६०।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | २२०८.४०.९०.३० | ---३० यु.पि. शक्तिको(३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६३४।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | | -जीन र जेनेभा | |
| | २२०८.५०.१० | -- जिन र जेनेभाको कच्चा पदार्थको रुपमा प्रयोग मादक द्रबहरू (स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.५०.९०.१० | ---१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.९१२।- प्रति एल.पि. लिटर रु.१०७३।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | २२०८.५०.९०.२० | ---२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६८०।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | २२०८.५०.९०.३० | --- ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६३४।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | | -भोड्का | |
| | २२०८.६०.१० | -- भोड्काको कच्चा पदार्थको रुपमा प्रयोग मादक द्रबहरू( स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.६०.९०.१० | ---१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.९१२।- प्रति एल.पि. लिटर रु.१०७३।- |
| | २२०८.६०.९०.२० | ---२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६८०।- प्रति एल.पि. लिटर रु.९०६।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | २२०८.६०.९०.३० | ---३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६३४।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | | -मदिरा (लिकर्स) तथा उद्दीपक (कार्डियल्स) | |
| | २२०८.७०.१० | -- मदिरा (लिकर्स) तथा उद्दीपक(कार्डियल्स) को कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरू (स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.७०.९०.१० | --- १५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.९१२।- प्रति एल.पि. लिटर रु.१०७३।- |
| | २२०८.७०.९०.२० | --- २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६८०।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | २२०८.७०.९०.३० | --- ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.६३४।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | | -अन्य | |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | २२०८.९०.१० | अन्य मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरू (स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.९०.९०.१० | ---१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.९१२।- प्रति एल.पि. लिटर रु.१०७३।- |
| | २२०८.९०.९०.२० | --- २५ यु.पि. शक्तिको(४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.६८०।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | २२०८.९०.९०.३० | ---३० यु.पि. शक्तिको(३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.६३४।- प्रति एल.पि. लिटर रु.९०६।- |
| | २२०८.९०.९०.४० | ---४०यु.पि. शक्तिको (३४.२३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.३२१।- प्रति एल.पि. लिटर रु.५३५।- |
| | २२०८.९०.९०.५० | --- ५० यु.पि. शक्तिको (२८.५३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.१३२।- प्रति एल.पि. लिटर रु.२६५।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | २२०८.९०.९०.६० | ---७० यु.पि. शक्तिको(१७.१२ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.२६।- प्रति एल.पि. लिटर रु.८८।- |
| | द्रष्टव्य | तर आयातित मदिराको हकमा माथि उल्लेखित दरबन्दीमा तोकिएको अल्कोहलको मात्रामा एक प्रतिशत सम्म फरक भएमा सोही दरबन्दी लाग्नेछ र एक प्रतिशत भन्दा बढी फरक भएमा नजिकको उच्चदरको दरवन्दी अनुसार अन्तशुल्क लगाई असुलउपर गरिनेछ। | |
| २४.०१ | | अनिर्मित (अन्म्यानुफ्याक्चर्ड) सुर्ती; सुर्तीको अवशेष (पैठारीमा मात्र) | |
| | २४०१.१०.०० | -डांठबाट नछुट्याइएको वा ननिकालिएको सुर्ती (नट स्टेम्ड/स्ट्रीप्ड) | प्रति कि.ग्रा. रु.६७।- |
| | २४०१.२०.०० | -आंशिक वा पूर्णरुपमा डांठबाट छुट्याइएको वा निकालिएको सूर्ति (स्टेम्ड/ स्ट्रीप्ड) | प्रति कि.ग्रा. रु.६७।- |
| | २४०१.३०.०० | -सुर्तीको अवशेष | प्रति कि.ग्रा. रु.६७।- |
| २४.०२ | | सुर्ती वा सुर्तीको प्रतिस्थापक (सब्स्टिच्यूट) बाट वनेको सिगार, चुरोट (चेरुट्स), सानो सिगार (सिगारिलस) र चुरोट (सिगरेट)। | |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | २४०२.१०.०० | -सूर्तीको सिगार, चुरोट (चेरुट) र सानो सिगार ( सिगारीलस) | प्रति खिल्ली रु.१२।- |
| | | -सूर्तीको चुरोट (सिगरेट) | |
| | २४०२.२०.१० | --फिल्टर नभएको | प्रति एमरु.३४६।- |
| | | --फिल्टर भएको | |
| | २४०२.२०.२१ | ---७० मि.मि. सम्मको लम्वाईमा | प्रति एम रु.७९५।- |
| | २४०२.२०.२२ | ---७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्वाईमा (फिल्टर भएको) | प्रति एम रु.१०२४।- |
| | २४०२.२०.२३ | ---७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्वाईमा (फिल्टर भएको) | प्रति एम रु.१३३६।- |
| | २४०२.२०.२४ | --- ८५ मि.मि. भन्दा बढी लम्वाईमा (फिल्टर भएको) | प्रति एम रु.१८६८।- |
| | | -अन्य | |
| | २४०२.९०.१० | --तयारी विडी | प्रति एम रु. ८४।- |
| | २४०२.९०.२० | --सवै प्रकारका सिगार | प्रति खिल्ली रु.१२।- |
| २४.०३ | | अन्य निर्मित (म्यानुफ्याक्चर्ड) सुर्ती र प्रतिस्थापक सुर्ती; समरुपी (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिच्यूएटेड) सुर्ती; सुर्तीको रस र सार। | |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | | -कुनै पनि अनुपातमा सुर्तीको प्रतिस्थापक (सब्स्टिच्यूट) भएको वा नभएको धूमपान गर्ने सुर्तीः | |
| | | --अन्य : | |
| | २४०३.१९.१० | ---पाइप टोबाको | प्रति कि.ग्रा. रु.१००८।- |
| | २४०३.१९.२० | --चुरोट तथा बिडीको लागि प्रशोधित सुर्ती | प्रति कि.ग्रा. रु.२०५।- |
| | २४०३.१९.९० | ---अन्य | प्रति कि.ग्रा. रु.२०५।- |
| | | -अन्य | |
| | २४०३.९१.०० | --समरुपी (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिचूएटेड) सुर्ती | प्रति कि.ग्रा. रु.२३०।- |
| | | --अन्य | |
| | २४०३.९९.१० | ---जर्दा, खैनी, नस (स्नफ) र गुट्खा र निकोटीनयुक्त पान मसलाहरू तथा यस्तै सूर्ती मिश्रित तयारी वस्तुहरू | प्रति कि. ग्राम रु.४२०।- |
| | २४०३.९९.२० | ---चूना मिलाई खाने खुद्रा विक्रीको लागि प्याकिङ्ग गरिएको सुर्ती | प्रति कि.ग्रा. रु.२३०।- |
| | २४०३.९९.३० | ---खुद्रा विक्रीको लागि नराखिएको काटिएको सुर्ती (कट् टोबाको); धुलो सुर्ती (डस्ट टोबाको) | प्रति कि.ग्रा. रु.२३०।- |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| २५.१५ | | अलि अलि टुक्राएको वा करौतीद्वारा काटेको वा अरु किसिमले काटेको विशिष्ट गुरुत्व २.५ वा बढी भएको चरपाटे (बर्गाकार समेत) ढिक्का वा पाता मार्वल (सिंगमर्मर), ट्राभरटिन, इकोजिन र अन्य चूनद्वारा स्मारक वा भवन बनाउने ढुंगा र एलावाष्टर (स्फटिक ढुंगा)। | |
| | | -मार्वल संगमर्मर र ट्राभरटिनः | |
| | २५१५.१२.०० | --करौंतिद्वारा अलि अलि काटिएको वा अरु किसिमले काटेको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाता | मोल प्रतिशत ५ |
| | २५१५.२०.०० | -इकोजिन वा अन्य चून मिश्रित स्मारक वा भवन बनाउने ढुंगा र एलावाष्टर (स्फटिक ढुंगा) | मोल प्रतिशत ५ |
| २५.१६ | | करौंतिद्वारा वा अन्य किसिमले अलि अलि ताछिएको, काटिएको वा टुक्राइएको चारपाटे (बर्गाकार समेत) ढिक्का वा पाताको रुपमा रहेको ग्रेनाइट (कडा पत्थर), पर्फाइरी, रेशा नभएको आग्नेय चट्टान, वेसाल्ट, बलौटेढुंगा र स्मारक एवं भवन बनाउने अन्य ढुंगा। | |
| | | -कडा पथ्थर (ग्रेनाइट) | |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | २५१६.१२.०० | --करौंतिद्वारा अलि अलि काटिएको वा अन्य प्रकारले काटेको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाता | मोल प्रतिशत १५ |
| | २५१६.२०.०० | -बलौट ढुङ्गा | मोल प्रतिशत १५ |
| | २५१६.९०.०० | -अन्य स्मारक वा भवन बनाउने ढुंगा | मोल प्रतिशत १५ |
| | | -पोर्टल्याण्ड सिमेण्टः | |
| | २५२३.२१.०० | --कृत्रिम रुपले रंगाएको वा नरंगाएको सेतो सिमेण्ट | प्र.मे.टन रु.१८० |
| | २५२३.२९.०० | --अन्य (पोर्टल्याण्ड सिमेण्ट खैरो) | प्र.मे.टन रु.१८० |
| | २५२३.३०.०० | -आलुमिनस सिमेण्ट | प्र.मे.टन रु.१८० |
| | २५२३.९०.०० | -अन्य हाइड्रोलिक सिमेण्ट | प्र.मे.टन रु.१८० |
| ३२.०८ | | अजलीय माध्यममा प्रक्षिप्त (डिस्पर्स्ड) वा घुलित (डिजोल्भ्ड) संश्लेषित पोलिमरहरू (बहुभाव) वा रासायनिक ढंगबाट परिवर्तित (मोडिफाइड) संश्लेषित पोलिमर-हरूमा आधारित रंगलेप (पेन्टस) र रोगन (वार्निस) हरू (इनामेल र प्रलाक्षारस समेत); यस भागको द्रष्टब्य मा परिभाषा गरे अनुसारका घोलहरू(सोल्यूशन)। | |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | ३२०८.१०.०० | –पोलिष्टरमा आधारित | मोल प्रतिशत ५ |
| | ३२०८.२०.०० | –एक्रेलिक वा भिनाइन पोलिमरहरूमा आधारित | मोल प्रतिशत ५ |
| | ३२०८.९०.०० | –अन्य | मोल प्रतिशत ५ |
| ३२.०९ | | जलीय माध्यममा डिष्पर्स्ड (प्रक्षिप्त) वा डिजल्भ (घुलित) गरिएको कृत्रिम पोलिमरहरू (बहुभाग) वा रासायनिक तवरले परिवर्तन गरिएको प्राकृतिक पोलिमरहरूमा आधारित रङ्गलेप (पेन्ट) र रोगन वार्निस) (इनामेल र प्रलाक्षारस (ल्याकर्स) समेत)। | |
| | ३२०९.१०.०० | –एक्रेलिक वा भिनाइल पोलिमरमा आधारित | मोल प्रतिशत ५ |
| | ३२०९.९०.०० | –अन्य | मोल प्रतिशत ५ |
| ३२.१० | ३२१०.००.०० | अन्य रंङ्गलेप (पेन्ट) र रोगन (वार्निस) (इनामेल, प्रलाक्षारस (ल्याकर) र डिष्टेम्पर समेत) र छाला तयारी गर्ने (लेदर फिनिशिङ्ग) काममा प्रयोग हुने खालका तयारी बाटर पिगमेन्ट (जलीय वर्णक)। | मोल प्रतिशत ५ |
| ३८.१४ | ३८१४.००.०० | प्रांगारिक संयुक्त द्रावक (सोल्भेन्ट) र पातलो पार्ने (थिनर) पदार्थ, अन्यत्र नपरेको; प्रलेप (पेन्ट) र रोगन (वार्निस) हटाउने वा मेट्ने तयारी सामानहरू। | प्रति लि. रु.२२।– |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| ३९.२० | | अकोशीय (नन्सेलुल्यर) र असवल (नट्रिइन्फोर्स्ड), अस्तर नहालिएको वा पटलित (लेमिनेट) नगरिएको, आधार (सपोर्ट) नहालिएको वा यस्तै अरु सामानसँग नजोडिएका प्लाष्टिकका अन्य प्लेटहरू, सिटहरू, फिल्म, फ्वाईल र स्ट्रिपहरू । | |
| | ३९२०.१०.०० | -इथाइलिनको पोलिमरको | मोल प्रतिशत ५ |
| | ३९२०.२०.०० | -प्रोपिलिनको पोलिमरको | मोल प्रतिशत ५ |
| | ३९२०.३०.०० | -स्टाइरिनको पोलिमरको | मोल प्रतिशत ५ |
| | | -भिनायल क्लोराइडको पोलिमरहरूका | |
| | ३९२०.४३.०० | --तौलको हिसावले ६ प्रतिशतभन्दा घटी सुघट्यकारी (प्लाष्टिसाइजर्स) नरहेको | मोल प्रतिशत ५ |
| | ३९२०.४९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -एक्रेलिक पोलिमरकोः | |
| | ३९२०.५१.०० | --पोलि (मिथाइल मिथाक्रिलेट) को | मोल प्रतिशत ५ |
| | ३९२०.५९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -पोलिकावोर्नेटहरू, अल्किडरेजिन्स, पोलिएलिल इष्टरहरू वा अन्य पोलिष्टरहरू : | |
| | ३९२०.६१.०० | --पोलिकार्वोनेटहरूको | मोल प्रतिशत ५ |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | ३९२०.६२.०० | --पोलि (इथाइलिन टेरिफ्थालेट) को | मोल प्रतिशत ५ |
| | ३९२०.६३.०० | --असंतृप्त पोलिष्टरहरूको | मोल प्रतिशत ५ |
| | ३९२०.६९.०० | --अन्य पोलिष्टरहरूको | मोल प्रतिशत ५ |
| | | -सेलुलोज वा यसका रासायनिक ब्यूत्पत्तिहरूको : | |
| | ३९२०.७१.०० | --पुनर्उत्पादिन सेलुलोजको | मोल प्रतिशत ५ |
| | ३९२०.७३.०० | --सेलुलोज एसिटेटको | मोल प्रतिशत ५ |
| | ३९२०.७९.०० | --अन्य सेलुलोज ब्यूत्पत्तिहरूको | मोल प्रतिशत ५ |
| | | -अन्य प्लाष्टिकहरूको: | |
| | ३९२०.९१.०० | --पोलि (भिनायल वुटाईरन) को | मोल प्रतिशत ५ |
| | ३९२०.९२.०० | --पोलियामाइडको | मोल प्रतिशत ५ |
| | ३९२०.९३.०० | --एमिनो-रेजिन्सको | मोल प्रतिशत ५ |
| | ३९२०.९४.०० | --फेनोलिक रेजिन्सको | मोल प्रतिशत ५ |
| | ३९२०.९९.०० | --अन्य प्लाष्टिकको | मोल प्रतिशत ५ |
| ३९.२१ | | प्लाष्टिकका अन्य प्लेटहरू, सिटहरू,फिल्म, फ्वाइलहरू र स्ट्रीपहरू। | |
| | | -कोशमय (सेलुलर) : | |
| | ३९२१.११.०० | --स्टाइरिनको पोलिमरको | मोल प्रतिशत ५ |
| | ३९२१.१२.०० | --भिनायल क्लोराइड पोलिमरको | मोल प्रतिशत ५ |
| | ३९२१.१३.०० | --पोलियूरेथेनको | मोल प्रतिशत ५ |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| | ३९२१.१४.०० | --पुनर्उत्पादित (रिजेनरेटेड) कोष (सेलुलोज) को | मोल प्रतिशत ५ |
| | ३९२१.१९.०० | --अन्य प्लाष्टिकहरूको | मोल प्रतिशत ५ |
| | ३९२१.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ३९.२२ | | प्लाष्टिकका स्नानगार (वाथ्स) हरू, वहुधार स्नानागार(सावर वाथ्स्) हरू, पानी आउने र निस्कने ब्यवस्था सहितको डुंड (सिङ्क)हरू, प्रक्षालनाधार (वश - बेसिन), सबडेटहरू, ल्याभोटरी प्यानहरू, आसनहरू(सिट्स) र ढकनीहरू(कभर्स), प्रक्षालन जलाधार (फ्लसिङ्ग सिस्टर्न्स) हरू र यस्तै सरसफाइका समानहरू (स्यानीटरी वेयर) | |
| | ३९.२२.१०.०० | -स्नानागार (वाथ्स) हरू, वहुधार स्नानागार (शावर वाथ्स) हरू डुंड (सिङ्क्स) हरू तथा प्रक्षालनाधार (वास वेसिन्स हरू) | मोल प्रतिशत ५ |
| | ३९.२२.२०.०० | -ल्याभोटरी सिटहर (आसनहरू) र ढकनीहरू (कभरहरू) | मोल प्रतिशत ५ |
| | ३९.२२.९०.०० | -अन्य | मोल प्रतिशत ५ |

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| ३९.२३ | | मालसामानको ओसारपसार (कन्भेयेन्स) वा परिवेष्टन (प्याक) गर्ने प्लाष्टिकका सामानहरू; प्लाष्टिकका पौलो वा वुजो (स्टोपर्स) ढकनी (लिड्स), बिर्काहरू(क्याप्स) र अन्य बन्द गर्ने (क्लोजर्स) सामग्रीहरू। | |
| | | -बाकस (कन्तुर वा सन्दूस) हरू, केस (वट्टा वा पेटी) हरू, टोकरी वा डालो (क्रेटस) र यस्तै सामाग्रीहरू: | |
| | २४०२.२०.०० | (४) ८५ मि.मि. भन्दा बढी लम्वाईमा (फिल्टर भएको) | प्रति एम | ९१५।- |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| २५ | | सिमेण्ट | | |
| | २५२३.२१.०० | (क) पोर्टल्याण्ड सिमेण्ट सेतो (रंगी वा रंगविहिन) | प्रति मे.टन | रु. १७०।- |
| | २५२३.२९.०० | (ख) पोर्टलैण्ड सिमेण्ट (खैरो) | प्रति मे.टन | रु. १७०।- |
| | २५२३.३०.०० | (ग) अलुमिनियस सिमेण्ट | प्रति मे.टन | रु. १७०।- |
| | २५२३.९०.०० | (घ) अन्य हाइड्रोलिक सिमेण्ट | प्रति मे.टन | रु. १७०।- |
| २६ | ३२०८, ३२०९, ३२१० | सबै प्रकारका पेन्ट्स | मोल प्रतिशत | ५ प्रतिशत |
| २७ | ६९०४.१०.०० | (क) सबै प्रकारका (सेरामिक) ईटाहरू (आन्तरिक उत्पादन बाहेक) | प्रति हजार | रु. ५८०।- |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| २८ | | सवारी साधनहरू : | | |
| | | (क) कार, जीप र भ्यानहरू (भन्सार शीर्षक ८७०२ र ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ४५ प्रतिशत |
| | | (ख) माइक्रोबसहरू (११ देखि १४ सिटसम्म भएको (भन्सार शीर्षक ८७०२) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ३५ प्रतिशत |
| | | (ग) डवल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ३५ प्रतिशत |
| | | (घ) तीन पांग्रे गाडीहरू (अटोरिक्सा) (भन्सार शीर्षक ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ३५ प्रतिशत |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | | (ङ.) सिंगल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | ३० प्रतिशत |
| | | (च) डेलिभरी भ्यान (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | २५ प्रतिशत |
| | | (छ) मिनिबसहरू ( १५ देखि २५ सिटसम्म भएको) (भन्सार उपशीर्षक ८७०२१०२०) | मोल प्रतिशत | २५ प्रतिशत |
| | | (ज) मिनिबसहरू (१५ देखि २५ सिटसम्म भएको) (भन्सार उपशीर्षक ८७०२९०.२०) | मोल प्रतिशत | २० प्रतिशत |
| | | (झ) भन्सार शीर्षक ८७०२ मा पर्ने (१५ देखि २५ सिटसम्म भएको) मिनिवसका चेसिस (भन्सार शीर्षक ८७०६) | मोल प्रतिशत | २० प्रतिशत |
| | | (ञ) बस र ट्रकहरू तथा तिनका चेसिस (भन्सार शीर्षक ) | मोल प्रतिशत | ५ प्रतिशत |
| | | (ट) मोटरसाइकल (भन्सार शीर्षक ८७११) | मोल प्रतिशत | १५ प्रतिशत |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| २९ | ८४.४३ | प्लेटहरू, सिलिण्डरहरू र शीर्षक ८४.४२ का छपाईका अन्य उपादानहरूद्वारा मुद्रण कार्यको लागि  प्रयोग हुने छाप्ने (मुद्रण) यन्त्रावली; अन्य मुद्रण यन्त्रहरू, प्रतिलिपि उतार्ने यन्त्रहरू, र फ्याक्स गर्ने यन्त्रहरू, संयोजित भएका वा नभएका; तिनका अङ्गहरू र सहायक वस्तुहरू (पार्ट्स एण्ड एसेसरिज) । | | |
| | | -अन्य मुद्रकहरू, प्रतिलिपि उतार्ने यन्त्रहरू र फ्याक्स गर्ने यन्त्रहरू; संयोजन भएका वा नभएकाः | | |
| | ८४४३.३१.०० | --मुद्रण गर्ने, प्रतिलिपि उतार्ने वा फ्याक्स पठाउने मध्ये दुई वा दुई भन्दा बढी कार्यहरू सम्पन्न गर्न सक्ने यन्त्रहरू, स्वचालित आँकडा प्रशोधन यन्त्र वा संजाल (नेटवर्क) मा जोड्न  सकिने किसिमका | मोल प्रतिशत | १० |
| | ८४४३.३९.०० | -- अन्य | मोल प्रतिशत | १० |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ३० | ८४.७२ | अन्य कार्यालय यन्त्रहरू (अफिस मशिन्स) (उदाहणतः हेक्टोग्राफ वा स्टेन्सिल डुप्लिकेटिङ्ग मशिनहरू, एड्रेसिङ्ग मशिनहरू, अटोम्याटिक ब्याङ्कनोट डिस्पेन्सरहरू, क्वाइनसौर्टिङ्ग मशिनहरू (मुद्रा छाांट्ने यन्त्र), क्वाइन काउण्टिङ्ग वा र्‍यापिङ्ग मशिनहरू, पेन्सिल शार्पेनिङ्ग मशिनहरू, परफोरेटिङ्ग वा स्ट्याप्लिङ्ग मशिनहरू)। | | |
| | ८४७२.९०.०० | - अन्य | मोल प्रतिशत | १५ |
| ३१ | ८४.७९ | यस भागको अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, ब्यक्तिगत कार्य (इनडिभिजुअल फङ्कसन्स) भएका यन्त्रहरू र यान्त्रिक साधित्रहरू (मेकानिकल अप्लायन्सेस)। | | |
| | | --अन्य : | | |
| | ८४७९.८९.९० | ---अन्य | मोल प्रतिशत | १० |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ३२ | ८५.१७ | टेलिफोन सेटहरू, सेलुलर संजालहरू वा अन्य तारविहिन संजालहरूका लागि प्रयोग हुने टेलिफोनहरू समेत; ध्वनी, छवी वा अन्य आँकडा प्रसारण वा संग्रहण निमित्तका उपकरणहरू, तारसहित वा ताररहित संजाल (जस्तैः स्थानीय वा बृहत क्षेत्र संजाल (लोकल अर वाइड एरिया नेटवर्क)) मा संचार गर्न प्रयोग हुने उपकरणहरू समेत, शीर्षक ८४.४३, ८५.२५, ८५.२७ वा ८५.२८ का प्रसारण वा संग्रहण उपकरणहरू बाहेक। | | |
| | | -ध्वनी, छवी वा अन्य आँकडा प्रसारण वा संग्रहण निमित्तका उपकरणहरू, तारसहित वा ताररहित संजाल (जस्तैः स्थानीय वा बृहत क्षेत्र संजाल (लोकल अर वाइड एरिया नेटवर्क)) मा संचार गर्न प्रयोग हुने उपकरणहरू समेतः | | |
| | ८५१७.६१.०० | --आधार स्थानहरू (बेस स्टेशन्स) | मोल प्रतिशत | ५ |
| | ८५१७.६२.०० | --ध्वनी, छवी वा अन्य आँकडालाई संग्रहण गर्ने परिवर्तन गर्ने र प्रसारण वा पुनरुत्पादन गर्ने यन्त्रहरू, स्वीचीङ्ग र राउटिङ्ग उपकरणहरू समेत | मोल प्रतिशत | ५ |
| | ८५१७.६९.०० | --अन्य | मोल प्रतिशत | ५ |
| | ८५१७.७०.०० | -अङ्गहरू (पार्टस) | मोल प्रतिशत | ५ |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ३३ | ८५.१८ | सूक्ष्मध्वनीवाहक (माइक्रोफोन) हरू र त्यस निमित्तकाधारकहरू(स्टयाण्डस); संलग्नक (इनक्लोजर) मा आरोपित (माउण्टेड्) भए वा नभएका ध्वनि विस्तारक यन्त्रहरू (लाउड् स्पीकर्स); सुक्ष्मध्वनि वाहक (माइक्रोफोन) सम्मिलित (कम्वाइण्ड) भएको वा नभएको कर्ण श्रवणयन्त्र (हेड फोन) हरू तथा कर्ण श्रवणयन्त्र (इयर फोन) हरू, र एक सूक्ष्मध्वनिवाहक (माइक्रोफोन) तथा एक वा एक भन्दा बढी ध्वनि विस्तारक यन्त्र ( लाउडस्पीकर) हरू भएका समुच्चय (सेट) हरू; श्रब्यावृत्ति वैद्युतिक विस्तारक (अडियो फ्रिक्वेन्सीइलेक्ट्रिक एम्प्लिफायर) हरू; वैद्युतिक ध्वनी प्रवर्द्धक यन्त्र (इलेक्ट्रिक साउण्ड एम्प्लीफायर) का समुच्चयहरू (सेट्स) | | |
| | ८५१८.१०.०० | -माइक्रोफोन र तिनका अडेसाहरू | मोल प्रतिशत | ५ |
| | | -बट्टाभित्र अड्याइएका वा नअड्याइएका लाउड स्पिकरहरू : | | |
| | ८५१८.२९.०० | --अन्य | मोल प्रतिशत | ५ |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ३४ | ८५.२३ | डिस्कहरू, टेपहरू, सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) संचय उपकरणहरू, "स्मार्ट कार्डहरू" र ध्वनी वा अन्य प्रवृत्तिलाई अभिलेखन गर्न निमित्तका अन्य माध्यम, अभिलेखन गरिएका वा नगरिएका डिस्क उत्पादनका लागि प्रयोग हुने म्याट्रिसहरू र माष्टरहरू, तर भाग ३७ का उत्पादनहरूबाहेक। | | |
| | | -चुम्वकीय माध्यमः | | |
| | ८५२३.२९.९० | --अन्य | मोल प्रतिशत | ५ |
| | ८५२३.४०.०० | -चाक्षुषीय (अप्टिकल) माध्यम | मोल प्रतिशत | ५ |
| | ८५२३.५१.०० | --सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) संचय उपकरणहरू | मोल प्रतिशत | ५ |
| | ८५२३.५२.०० | --"स्मार्ट कार्डहरू" | मोल प्रतिशत | ५ |
| | ८५२३.५९.०० | --अन्य | मोल प्रतिशत | ५ |
| | ८५२३.८०.०० | -अन्य | मोल प्रतिशत | ५ |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ३५ | ८५.२५ | संग्रहण उपकरण (रिसेप्सन ऐपरेटस) वा ध्वनि अभिलेखन (साउण्ड रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण (ऐपरेटस) समाविष्ट भए वा नभएको, रेडियो प्रसारण (रेडियो-ब्रोडकास्टिङ्ग) वा टेलिभिजन निमित्तका प्रसारण उपकरण (ट्रान्समिसन एपरेटस); टेलिभिजन क्यामराहरू; डिजिटल क्यामराहरू र भिडियो क्यामरा-रिकर्डर्स। | | |
| | ८५२५.६०.०० | -संग्रहण उपकरण (रिसेप्सन एपरेटस्) समाविष्ट ट्रान्समिसन उपकरणहरू | मोल प्रतिशत | ५ |
| | ८५२५.८०.०० | -टेलिभिजन क्यामराहरू, डिजिटल क्यामराहरू र भिडियो क्यामरा रिकर्डरहरू (भिडियो क्यामरा रेकर्डर्स) | मोल प्रतिशत | ५ |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ३६ | ८५.२८ | रेडियो प्रसारण (ब्रोडकास्ट) ग्राहकहरू (रिसिभर्स) अथवा ध्वनि वा भिडियो अभिलेखन (रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरणहरू (ऐपरेटस) समाविष्ट (इनकरपोरेटिङ्ग) भएका वा नभएका, टेलिभिजन निमित्तका संग्रहण (रिसेप्सन) उपकरण (ऐपरेटस); टेलिभिजन संग्रहण उपकरणहरू समाविष्ट नभएका मोनिटरहरू (परीविक्षकहरू) र प्रोजेक्टर (प्रक्षेपित्र) हरू। | | |
| | | -प्रोजेक्टर (प्रक्षेपित्र) हरू | | |
| | ८५२८.६१.०० | --शीर्षक ८४७१ को स्वचालित आँकडा प्रशोधन प्रणालीमा पूर्णरुपमा वा मुख्यरुपमा प्रयोग हुने किसिमको | मोल प्रतिशत | १० |
| ३७ | ८५२८.७२.०० | रङ्गिन टेलिभिजन | मोल प्रतिशत | ५ प्रतिशत |
| | ८५४०.११.०० | रङ्गिन टेलिभिजनका पिक्चर ट्युबहरू | मोल प्रतिशत | ५ प्रतिशत |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ३८ | ८५.२९ | शीर्षक ८५.२५ देखि ८५.२८ सम्मका उपकरणहरूको लागि पूर्णतया र मुख्यतया प्रयोग योग्य पार्टपूर्जाहरू। | | |
| | | -अन्य : | | |
| | ८५२९.९०.१० | टेलिभिजन रिसिभरका | मोल प्रतिशत | १५ |
| ३९ | ८५.३१ | शीर्षक ८५.१२ वा ८५.३० बाहेकका विद्युतीय ध्वनि वा दृश्य सूचक उपकरणहरू (जस्तै-घण्टी, साइरन, इंडिकेटर प्यानेल, चोर घण्टी (वर्गलर एलार्म) वा आगलागिको घण्टी (फायर अलार्म)। | | |
| | ८५३१.२०.०० | -तरल स्फटिक सामाग्री (एल.सी.डि.) वा प्रकाश इमिटिङ डायोड्स (एल.इ.डी.) समाविष्ट इण्डीकेटर प्यानेल | मोल प्रतिशत | १० |
| | ८५३१.९०.०० | -पार्टपुर्जाहरू | मोल प्रतिशत | १० |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ४० | ८५.३२ | स्थिर भ्यारिएवल र मिलाउन हुने विद्युतीय सन्धारित्र (क्यापासिटर) (प्रि-सेट)। | | |
| | ८५३२.१०.०० | -५०।६० हर्ज सर्किटको प्रयोगको लागि तयार गरिएको स्थिर सन्धारित्र (क्यापासिटर) र ०.५ के.भार (पावर क्यापासिटर) भन्दा कम क्षमता नभएको रिएक्टीभ शक्ति संचालन गर्न सक्ने भएको | मोल प्रतिशत | १० |
| | | -अन्य स्थिर सन्धारित्र (क्यापासिटर) : | | |
| | ८५३२.२१.०० | --ट्यान्टालम | मोल प्रतिशत | १० |
| | ८५३२.२२.०० | --आल्मुनियम इलेक्ट्रोलाइटिक | मोल प्रतिशत | १० |
| | ८५३२.२३.०० | --सेरामिक डाइईलेक्ट्रिक, सिङ्गल लेयर | मोल प्रतिशत | १० |
| | ८५३२.२४.०० | --सेरामिक डाइईलेक्ट्रिक, मल्टिलेयर | मोल प्रतिशत | १० |
| | ८५३२.२५.०० | --कागज वा प्लाष्टिकको डाइईलेक्ट्रिक | मोल प्रतिशत | १० |
| | ८५३२.२९.०० | --अन्य | मोल प्रतिशत | १० |
| | ८५३२.३०.०० | -भ्यारिएवल वा एडजष्टेवल (मिलाउन हुने)(प्रि-सेट) क्यापासिटर | मोल प्रतिशत | १० |
| | ८५३२.९०.०० | -पार्टपुर्जाहरू | मोल प्रतिशत | १० |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ४१ | ८५.३३ | विद्युत प्रतिरोधक (रेसिष्टर) (रियोस्ट्याट् र पोटेन्शीयोमिटर समेत), ताप प्रतिरोधक बाहेक। | | |
| | ८५३३.१०.०० | -स्थिर कार्बन प्रतिरोधक, कम्पोजिसन वा फिल्म जस्ता | मोल प्रतिशत | १० |
| | | -अन्य स्थिरप्रतिरोधक : | | |
| | ८५३३.२१.०० | --२० बाट सम्मको शक्ति संचालन क्षमताका लागि | मोल प्रतिशत | १० |
| | ८५३३.२९.०० | --अन्य | मोल प्रतिशत | १० |
| | | -तार जोडिएको घटबढ हुने (भ्यारिएवल) प्रतिरोधक, रियोस्ट्-याट्स र पोटेन्शीयोमिटर : | | |
| | ८५३३.३१.०० | --२० बाट सम्मको शक्ति संचालन क्षमताका लागि | मोल प्रतिशत | १० |
| | ८५३३.३९.०० | --अन्य | मोल प्रतिशत | १० |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | ८५३३.४०.०० | -अन्य घटबढ हुने प्रतिरोधक, रियोष्ट्याट्स र पोटेन्शीयोमिटर समेत | मोल प्रतिशत | १० |
| | ८५३३.९०.०० | -पार्टपुर्जाहरू | मोल प्रतिशत | १० |
| | ८५३४.००.०० | प्रिन्टेड सर्किट (छापिएका परिपथहरू)। | मोल प्रतिशत | १० |
| ४२ | ८५.३६ | १००० भोल्टसम्मको भोल्टेज भएको वाल्ने निभाउने (स्वीचिङ) वा विद्युतीय परिपथको लागि वा विद्युत परिपथमा वा संग जोड्नको लागि चाहिने वैद्युतिक उपकरणहरू (जस्तै, स्वीच, रिले, फ्यूज, सर्ज सप्रेसर, प्लग, सकेट, ल्याम्प-होल्डर र अन्य संयोजकहरू (कनेक्टर्स) जक्सन बक्सेस); चाक्षुषीय तन्तुहरू (अप्टिकल फाइवर्स), चाक्षुषीय तन्तुका मुट्ठा वा मोटा तारहरू निमित्तका संयोजकहरू (कनेक्टर्स)। | | – |
| | ८५३६.५०.०० | -अन्य स्वीचहरू | मोल प्रतिशत | १० |
| | | -ल्याम्प होल्डर, प्लग र सकेटहरू : | | |
| | ८५३६.६९.०० | --अन्य | मोल प्रतिशत | १० |
| | ८५३६.९०.०० | -अन्य उपकरणहरू | मोल प्रतिशत | १० |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ४३ | ८५.४४ | विद्युतरुद्ध (इन्सुलेटेड), (इनामेल लगाएको वा एनोडाइज समेत), तार (वायर), केबुल (को-एक्सेल केबुल समेत) र कनेक्टरसंग जोडिएको वा नजोडिएको अन्य इन्सुलेटेड कन्डक्टर; अप्टिकल फाइबर केबुल, तार, विद्युत कण्डक्टर वा कनेक्टर जोडेको वा नजोडेको प्रत्येक ढाकिएका रेशाहरू (शिद्ड फाइबर) बाट बनेको तार। | | |
| | | -१००० भोल्टसम्मको लागि अन्य इलेक्ट्रिक कण्डक्टरहरू: | | |
| | ८५४४.४२.०० | --कनेक्टरसंग जोडिएका | मोल प्रतिशत | १५ |
| | ८५४४.४९.०० | --अन्य | मोल प्रतिशत | १५ |
| | ८५४४.७०.०० | (अप्टिकल फाइवर केवुल | मोल प्रतिशत | १० |
| ४४ | ९०.१० | यो भागको अन्यत्र उल्लेख नभएको वा समावेश नभएको तस्वीर सम्बन्धी (चलचित्र सम्बन्धी समेत) प्रयोगशालाहरूमा प्रयोग हुने उपकरण र औजारहरू; नेगेटोस्कोप; प्रोजेक्सन स्क्रीन (प्रक्षेपक पर्दा)। | | – |
| | ९०१०.९०.०० | -पार्टपुर्जा र सहायक सामानहरू | मोल प्रतिशत | १० |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ४५ | ९०.११ | सूक्ष्म फोटोग्राफी (फोटोमाइक्रोग्राफी), सिनेफोटोमाइक्रोग्राफी वा माइक्रोप्रोजेक्सन (सूक्ष्म प्रक्षेपण) को लागि  समेत संयुक्त चाक्षुष सूक्ष्मदर्शी यन्त्रहरू (कम्पाउण्ड अप्टिकल माइक्रोस्कोप)। | | – |
| | ९०११.१०.०० | –स्टीरियोस्कोपिक माइक्रोसकोप्स | मोल प्रतिशत | ५ |
| | ९०११.२०.०० | –सूक्ष्म फोटो खिच्ने (फोटोमाइक्रोग्राफी), सूक्ष्म चलचित्र खिच्ने (सिनेफोटोमाइक्रोग्रा फी) वा सूक्ष्म प्रक्षेपण (माइक्रो प्रोजेक्सन) का अन्य सूक्ष्म दर्शक यन्त्रहरू (माइक्रोस्कोप्स) | मोल प्रतिशत | ५ |
| | ९०११.९०.०० | –पार्टपूर्जाहरू र सहायक सामानहरू | मोल प्रतिशत | ५ |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
| --- | --- | --- | --- | --- |
| ४६ | ९०.१२ | चाक्षुष (अप्टिकल) सूक्ष्मदर्शक यन्त्रहरू (माइक्रोस्कोप्स) बाहेकका सूक्ष्मदर्शक यन्त्रहरू; विवर्तित उपकरणहरू( डिफ्र्याक्सन एपरेटस))। | | |
| | ९०१२.१०.०० | -दुरुवीक्षण यन्त्रहरू -माइक्रोस्कोप्स), अप्टिकल माइक्रोस्कोपहरू बाहेक; विवर्तन उपकरणहरू (डिफ्रयाक्सन एपरेटस्) | मोल प्रतिशत | ५ |
| | ९०१२.९०.०० | -पार्टपूर्जाहरू र सहायक सामग्रीहरू | मोल प्रतिशत | ५ |
| ४७ | ९०.१७ | खिच्ने, चिनो लगाउने, वा गणितीय हिसाव गर्ने औजारहरू (जस्तै-खिंच्ने मेशिन, नक्सा उतार्ने यन्त्र, प्रोट्रयाक्टर, नक्साका सेटहरू, स्लाइड् रुलहरू, डिस्क क्याल्कुलेटर); यस भागमा अन्यत्र नपरेको, हातले लम्वाई नाप्ने औजारहरू (जस्तै-नाप्ने डण्डी र फित्ता वा माइक्रोमिटर, क्यालिपर्स)। | | |
| | ९०१७.२०.०० | -अन्य खिच्ने, चिनो लगाउने र गणितीय हिसाव गर्ने औजारहरू | मोल प्रतिशत | ५ |
| | ९०१७.९०.०० | -पार्टपूर्जाहरू र सहायक सामग्रीहरू | मोल प्रतिशत | ५ |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ४८ | ९०.२६ | ग्यांस वा अरु तरल पदार्थका प्रवाह, तह, दवाव वा अन्य विविधता (भेरियवल्स) नाप्ने वा परीक्षण गर्ने (जस्तै-प्रवाहमापक, सतहमापक, म्यानोमीटर (हावा वा वाष्पको दवाव नाप्ने यन्त्र) तापमापक) औजार र उपकरणहरू, शीर्षक ९०.१४, ९०.१५, ९०.२८ वा ९०.३२ का औजार र उपकरणहरू बाहेक। | | |
| | ९०२६.१०.०० | -तरलको प्रवाह वा सतह नाप्न वा परीक्षण गर्नको लागि | मोल प्रतिशत | ५ |
| | ९०२६.२०.०० | -दवाव नाप्न वा परीक्षण गर्नको लागि | मोल प्रतिशत | ५ |
| | ९०२६.८०.०० | -अन्य औजारहरू र उपकरणहरू | मोल प्रतिशत | ५ |
| | ९०२६.९०.०० | -पार्टपूर्जाहरू र सहायक सामग्रीहरू | मोल प्रतिशत | ५ |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ४९ | ९०.२७ | भौतिक वा रासायनिक विश्लेषण (जस्तै-ध्रुवीकरणमापक (पोलारी-मिटर), परावर्तमापक रिफ्रयाक्टोमिटर), बर्णक्रममापक (स्पेक्ट्रो- मिटर), ग्यांस वा धुवां विश्लेषण गर्ने उपकरणहरू) का प्रयोगका औजारहरू र उपकरणहरू; च्यापच्याप लाग्ने (भिस्कोसिटी), छिद्रता (पोरोसिटी),प्रसारण (एक्सपान्सन) सतहको धारण-क्षमता (सर्फेस टेन्सन) वा यस्तै नाप्ने वा परीक्षण गर्ने औजार र यन्त्रहरू; तापको मात्रा, ध्वनि वा प्रकाशको नाप वा परीक्षण गर्ने औजारहरू र उपकरणहरू (एक्स्पोजर मीटर समेत); सूक्ष्मकर्तक (माइक्रोटोम्स) | | |
| | ९०२७.२०.०० | -वर्णलेख (क्रोक्याटोग्राफ) र विद्युत् संरचण सम्बन्धी (इलेक्ट्रोफोरिसिस) उपकरणहरू | मोल प्रतिशत | ५ |
| | ९०२७.५०.०० | -चाक्षुष विकीरण (यू.भी., भिजिवल, आइ. आर.) प्रयोग गर्ने अन्य औजारहरू र उपकरणहरू | मोल प्रतिशत | ५ |
| | ९०२७.८०.०० | -अन्य औजारहरू र उपकरणहरू | मोल प्रतिशत | ५ |

| क्र.सं. | शीर्षक/उपशीर्षक नं. | वस्तु वा सेवाको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ५० | ९०.३० | ओसीलोस्कोप (दोलनदर्शी), स्पेक्ट्रम (वर्णपट) विश्लेषक र शीर्षक ९०.२८ का मापक (मिटर) बाहेकका विद्युतको मात्रा नाप्ने वा परीक्षण गर्नको लागि प्रयोग हुने अन्य औजारहरू र उपकरणहरूस अल्फा, बिटा, गामा, एक्स-रे, कस्मिक (अन्तरिक्ष) वा अन्य आयोनाइजिङ (विद्युत अणु) विकीरण (रेडीएसन) नाप्ने वा पत्ता लगाउने औजार र उपकरणहरू। | | |
| | ९०३०.४०.०० | -विशेषतः दूरसंचारको लागि निर्मित अन्य औजारहरू र उपकरणहरू (जस्तै-क्रस-टकमीटर, गेन मिजरिङ्ग गर्ने औजारहरू, डिस्टोर्सन फ्याक्टर मिटर, सोफोमिटर) | मोल प्रतिशत | ५ |
| | ९०३०.९०.०० | -पार्टपूर्जाहरू र सहायक सामग्रीहरू | मोल प्रतिशत | ५ |

(१) अन्तःशुल्क दरबन्दीमा माथि जुनसुकै कुरा लेखिएको भए तापनि एम्बुलेन्स, शव वाहन र ब्याट्रिबाट चल्ने टेम्पोको चेसिसमा अन्तःशुल्क लाग्ने छैन।

(२) अन्तः शुल्क लाग्न सक्ने वस्तुहरूको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसंग परामर्श लिई विभागले गर्न सक्नेछ।

(३) सवारी साधनको पैठारीमा तिरेको अन्तःशुल्क रकम उक्त सवारीसाधन बिक्री गर्दा तिनुपर्ने अन्तःशुल्कमा कट्टा गर्न दिइनेछ।

(४) उद्योगले पैठारी गर्ने शीर्षक ७२१३ को उपशीर्षक ७२१३.९१.१० को M.S Wire Rod in Coil कच्चा पदार्थमा उद्योग विभागको सिफारिशमा अन्तःशुल्क छुट दिइनेछ।

(५) अन्तःशुल्क दरबन्दी प्रयोजनको लागि निर्धारित आठ अंकको उपशीर्षकलाई तथ्यांक प्रयोजनको लागि महानिर्देशकले अंक थप गर्न सक्नेछ।

(६) कुनै पनि मदिराको कक्टेल गरेमा सि.नं. १० बमोजिमको दरवन्दी लाग्नेछ।

(७) मार्वलको स्थानीय उत्पादनमा अन्तःशुल्क लाग्ने छैन।

(८) झिटि, गुन्टा भारी आदेशको सुविधा अन्तरगत भंसार महसुल छुटमा पैठारी गरिएको ब्यक्तिगत प्रयोजनमा वस्तुहरूमा अन्तःशुल्क लाग्ने छैन।

अनुसूची

# (दफा ३ सँग सम्बन्धित)

## अन्तःशुल्क दरबन्दी

### आर्थिक ऐन, २०६४

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| १ | खुदो (मोलासेस) | १७०३.१०.०० र १७०३.९०.०० | प्रति क्वीन्टल | रु. ३५।- |
| २ | सख्खर (गुड), कालो सख्खर,खाडसारीबाट निस्कने रसकट ( पैठारीमा मात्र) | १७०१.११.९० | प्रति क्वीन्टल | रु. ६५।- |
| ३ | प्लाष्टिकका प्याक गर्ने सामान | ३९२३.१०.९० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४ | प्लाष्टिकका प्याक गर्ने सामान | ३९२३.२१.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ५ | प्लाष्टिकका प्याक गर्ने सामान | ३९२३.२९.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ६ | प्लाष्टिकका प्याक गर्ने सामान | ३९२३.९०.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ७ | प्लाष्टिकका अन्य सामान | ३९२६.९०.९० | मोल प्रतिशत | ५ प्रतिशत |
| ८ | तयारी फलफूलको रस :– | | | |
| | (क) सुन्तलाको रस (अरेन्ज जुस) | २००९.१९.००, २००९.११.०० र २००९.१२.०० | प्रति लिटर | रु.२।– |
| | (ख) अंगुरको रस (ग्रेपफ्रुट जुस) | २००९.२९.०० र २००९.२१.०० | प्रति लिटर | रु.२।– |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | (ग) अन्य कुनै जंवीर जाती (सिटरस)को एक फलको रस | २००९.३९.०० र २००९.३१.०० | प्रति लिटर | रु.२।– |
| | (घ) भुईंकटरको रस (पाइनेपल जुस) | २००९.४९.०० र २००९.४१.०० | प्रति लिटर | रु.२।– |
| | (ङ)गोलभेडाको रस (टमाटो जुस) अंगुरको रस (ग्रैप जुस) अंगुरको काँचो रस (ग्रैप मस्ट) समेत | २००९.६९.००, २००९.५०.०० र २००९.६१.०० | प्रति लिटर | रु.२।– |
| | (च) स्याउको रस (एपल जुस) | २००९.७९.०० र २००९.७१.०० | प्रति लिटर | रु.२।– |
| | (छ) अन्य कुनै एउटै फलफुल वा वनस्पतिको रस | २००९.८०.०० | प्रति लिटर | रु.२।– |
| | (ज) रसको मिश्रण | २००९.९०.०० | प्रति लिटर | रु.२।– |
| ९ | चूना मिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरू र यस्तै अन्य पदार्थहरू | २१०६.९०.२० | प्रति किलो | रु.२००।- |
| १० | कत्था | १४०४.९०.०० | प्रति किलो | रु.१००।– |
| ११ | पेय पदार्थ | | | |
| | (क) अल्कोहल रहित सबै किसिमको पेय पदार्थहरू | २२०२.९०.०० | प्रति लिटर | रु.२।– |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | (ख) शुन्य दशमलब पाँच प्रतिशत भन्दा कम अल्कोहल मिश्रित हल्का पेय पदार्थ | २२०२.९०.०० | प्रति लिटर | रु.४।- |
| | (ग) ०.५ प्रतिशत देखि १ प्रतिशतसम्म अल्कोहल मिश्रित हल्का पेय पदार्थ | | प्रति लिटर | रु.६।- |
| १२ | वियर | २२०३.००.०० | प्रति लिटर | रु.५०।- |
| १३ | कण्ट्री वियर (छ्याङ्) | २२०६.००.१० | प्रति लिटर | रु.१५।- |
| १४ | स्वदेशमा निर्मित वाईन (चुत्रो, स्याउ र ऐसेलुबाट, निर्मित १२ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको) वा स्वदेशी साईडर | २२०४.२९.०० | प्रति लिटर | रु.४५।- |
| १५ | १२ प्रतिशतसम्म अल्कोहल भएका वाइन र वियर बाहेकका अन्य पेय पदार्थहरू (पैठारीमा) | | प्रति लिटर | रु.१२५।- |
| १६ | १२ प्रतिशतसम्म अल्कोहल भएका वाइन (पैठारीमा) | २२०४.१०.००, २२०५.९०.००, २२०४.२१.००, २२०४.२९.००, २२०४.३०.०० र २२०५.१०.०० | प्रति लिटर | रु.१४०।- |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| १७ | १२-१७ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको वाइन | २२०४.१०.००, २२०५.९०.००, २२०४.२१.००, २२०४.२९.००, २२०४.३०.०० र २२०५.१०.०० | प्रति लिटर | रु.१४०।- |
| १८ | १७ प्रतिशतभन्दा बढी अल्कोहल भएको वाइन, जडिबुटी मिश्रित मदिरा, कक्टेल् (अल्कोहलिक/ अल्कोहलिक / नन्अल्कोहलिक मिश्रण) तथा अन्य फर्मेण्टेड मदिराहरू | २२०४.१०.००, २२०५.९०.००, २२०४.२१.००, २२०४.२९.००, २२०४.३०.००, २२०५.१०.०० र २२०६.००.९० | प्रति लिटर | रु. १४५।- |
| १९ | सेम्पेन, सेरी, मिड, पेरी, साइडर | २२०६.००.९० र २२०४.१०.०० | प्रति लिटर | रु. १४५।- |
| २० | डिनेचर्ड स्प्रिट (८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको) | २२०७.२०.०० | प्रति लिटर | रु. ३०।- |
| २१ | थिनर, सल्भेण्ट | ३८१४.००.०० | प्रति लिटर | रु. २०।- |
| २२ | एनहाइड्रस इथानोल (९९ प्रतिशत भन्दा बढी अल्कोहल भएको) | २२०७.१०.०० | प्रति लिटर | रु. ६।- |
| २३ | आयतनमा ५७.३८ प्रतिशतदेखि ८० प्रतिशतसम्म अल्कोहल भएको मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने सबै प्रकारका मादक द्रवहरू | | | |
| | (क) वाइन तथा ब्राण्डीको कच्चा पदार्थ | २२०८.२०.१० | प्रति लिटर | रु. १००।- |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | (ख) ह्विस्कीको कच्चा पदार्थ | २२०८.३०.१० | प्रति लिटर | रु. १००।- |
| | (ग) रम एण्ड टाफीयाको कच्चा पदार्थ | २२०८.४०.१० | प्रति लिटर | रु. १००।- |
| | (घ) जीन र जेनेभाको कच्चा पदार्थ | २२०८.५०.१० | प्रति लिटर | रु. १००।- |
| | (ङ) भोड्काको कच्चा पदार्थ | २२०८.६०.१० | प्रति लिटर | रु. १००।- |
| | (च) लिकर्स र कर्डियल्सको कच्चा पदार्थ | २२०८.७०.१० | प्रति लिटर | रु. १००।- |
| | (छ) अन्य मदिराको कच्चा पदार्थ (स्प्रिट समेत) | २२०८.९०.१० | प्रति लिटर | रु. १००।- |
| २४ | आयतनमा ८० प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने रेक्टिफाइड स्प्रिट | २२०७.१०.०० | प्रति लिटर | रु. ३०।- |
| २५ | ई.एन.ए | २२०७.१०.०० | प्रति लिटर | रु. ४०।- |
| २६ | तयारी मदिरा | | | |
| | (क) वाइन तथा ब्राण्डी | | | |
| | (१) २५ यू.पी. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.२०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२७०।-<br>रु.३६०।- |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | (२) ३० यू.पी. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.२०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२५२।-<br>रु.३६०।- |
| | (ख) ह्वीस्की | | | |
| | (१) २५ यू.पी. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.३०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२७०।-<br>रु.३६०।- |
| | (२) ३० यू.पी. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.३०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२५२।-<br>रु.३६०।- |
| | (ग) रम एण्ड टाफिया | | | |
| | (१) २५ यू.पी. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.४०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२७०।-<br>रु.३६०।- |
| | (२) ३० यू.पी. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.४०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२५२।-<br>रु.३६०।- |
| | (घ) जीन र जेनेभा | | | |
| | (१) २५ यू.पी. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.५०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२७०।-<br>रु.३६०।- |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | (२) ३० यू.पी. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.५०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२५२।-<br>रु.३६०।- |
| | (ङ) भोड्का | | | |
| | (१) २५ यू.पी. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.६०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२७०।-<br>रु.३६०।- |
| | (२) ३० यू.पी. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.६०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२५२।-<br>रु.३६०।- |
| | (च) लिकर्स र कर्डियल्स | | | |
| | (१) २५ यू.पी. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.७०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२७०।-<br>रु.३६०।- |
| | (२) ३० यू.पी. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.७०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२५२।-<br>रु.३६०।- |
| | (छ) अन्य तयारी मदिरा | | | |
| | (१) १५ यू.पी. शक्तिको (४८.७८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.३६१।२५<br>रु.४२५।- |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | (२) २५ यू.पी. शक्तिको (४३.०५ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२७०।-<br>रु.३६०।- |
| | (३) ३० यू.पी. शक्तिको (४०.१८ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.२५२।-<br>रु.३६०।- |
| | (४) ४० यू.पी. (३४.४४ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.१२६।-<br>रु.२१०।- |
| | (५) ५० यू.पी. (२८.७० प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.४७।५०<br>रु.९५।- |
| | (६) ७० यू.पी. (१७.२२ प्रतिशत अल्कोहलको मात्रा भएको) | २२०८.९०.९० | प्रति लिटर<br>प्रति एल.पि.लिटर | रु.७।८०<br>रु.२६।- |
| | तर आयातित मदिराको हकमा माथि उल्लेखित दरबन्दीमा तोकिएको अल्कोहलको मात्रामा एक प्रतिशतसम्म फरक भएमा सोही दरबन्दी लाग्नेछ र एक प्रतिशतभन्दा बढी फरक भएमा नजिकको उच्चदरको दरबन्दी अनुसार अन्तःशुल्क लगाई असुलउपर गरिनेछ। | | | |
| २७ | चुना मिलाई खाने प्याकिङ्ग गरिएको कोरा सूर्ती | २४०३.९१.०० | प्रति कि.ग्राम | रु.१३०।- |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| २८ | सूर्तीबाट तयार भएको सबै प्रकारको जर्दा र खैनी | २४०३.९१.०० | प्रति कि.ग्राम | रु.२००।- |
| २९ | नस तथा सूर्तीको धूलो मिसिएको दाँत माझ्ने वस्तु | २४०३.९९.०० | प्रति कि.ग्राम | रु.१९०।- |
| ३० | तयारी विडी | २४०३.१०.९० | प्रति एम | रु.५०।- |
| ३१ | पाइप सूर्ती | २४०३.१०.१० | प्रति कि.ग्राम | रु.५२५।- |
| ३२ | सबै प्रकारको सिगार | २४०२.१०.०० र २४०२.९०.०० | प्रति खिल्ली | रु.३।- |
| ३३ | फलामे डण्डी | ७२१३ र ७२१४ (उप शीर्षक ७२१४.९९.१० बाहेक) | प्रति मे.टन | रु.१०००।- |
| ३४ | मार्वल | २५१६.९०.००, २५१६.२०.००, २५१५.१२.००, २५१५.२०.००, २५१६.१२.०० र ६८०२.२१.०० देखि ६८०२.९९.००सम्म | मोल प्रतिशत | ५ प्रतिशत |
| ३५ | ग्लेज टायलहरू | ६९०८ | मोल प्रतिशत | ५ प्रतिशत |
| ३६ | चाउचाउ (नुडल्स) र तिनका टुक्राटाक्री, म्याकारोनी र पास्ता | १९०२ | प्रति के.जि. | रु.७।५० |
| ३७ | मासु, माछाका तयारी परिकारहरू (टिनप्याक) | भाग १६ | मोल प्रतिशत | ५ प्रतिशत |
| ३८ | कुकुर, बिरालोको खाना | २३०९.१०.०० | मोल प्रतिशत | ५ प्रतिशत |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| ३९ | चुरोट (सूर्तीबाट तयार भएको सबै प्रकारको चुरोट) | | | |
| | (१) ७० मि.मि. सम्मको लम्बाईमा | | | |
| | (क) फिल्टर नभएको | २४०२.२०.०० | प्रति एम | रु.१७५।- |
| | (ख) फिल्टर भएको | २४०२.२०.०० | प्रति एम | रु.३६०।- |
| | (२) ७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | २४०२.२०.०० | प्रति एम | रु.४६०।- |
| | (३) ७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | २४०२.२०.०० | प्रति एम | रु.६००।- |
| | (४) ८५ मि.मि. भन्दा बढी लम्बाईमा (फिल्टर भएको) | २४०२.२०.०० | प्रति एम | रु.७९५।- |
| ४० | सिमेण्ट | | | |
| | (क) पोर्टल्याण्ड सिमेण्ट सेतो (रंगीन वा रंगविहीन) | २५२३.२१.०० | प्रति मे.टन | रु.१५०।- |
| | (ख) पोर्टल्याण्ड सिमेण्ट (खैरो) | २५२३.२९.०० | प्रति मे.टन | रु.१५०।- |
| | (ग) अलुमिनियम सिमेण्ट | २५२३.३०.०० | प्रति मे.टन | रु.१५०।- |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | (घ) अन्य हाइड्रोलिक सिमेण्ट | २५२३.९०.०० | प्रति मे.टन | रु.१५०।- |
| ४१ | सबै प्रकारका पेन्ट्स | ३२०८, ३२०९, ३२१० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४२ | (क) सबै प्रकारका ( सेरामिक) ईटाहरू (आन्तरिक उत्पादन बाहेक) | ६९०४.१०.०० | प्रति हजार | रु.५२५।- |
| ४३ | रंगीन टेलिभिजन | ८५२८.७२.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४४ | रंगीन टेलिभिजनका पार्टपूर्जाहरू मात्र | ८५२९.९०.१० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४५ | रंगीन टेलिभिजनका पिक्चर ट्यूबहरू | ८५४०.११.०० | मोल प्रतिशत | ५ प्रतिशत |
| ४६ | सवारी साधनहरूः | | | |
| | (क) कार, जीप र भ्यानहरू (भन्सार शीर्षक ८७०२ र ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | ३५ प्रतिशत |
| | (ख) माइक्रोबसहरू (११ देखि १४ सिटसम्म भएको (भन्सार शीर्षक ८७०२) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | ३५ प्रतिशत |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | (ग) डबल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | ३५ प्रतिशत |
| | (घ) तीन पांग्रे गाडीहरू (अटोरिक्सा) (भन्सार शीर्षक ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | ३५ प्रतिशत |
| | (ङ) सिँगल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | २० प्रतिशत |
| | (च) डेलिभरी भ्यान (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | २० प्रतिशत |
| | (छ) मिनिबसहरू (१५ देखि २५ सिटसम्म भएको) (भन्सार उपशीर्षक ८७०२.१०.२०) | | मोल प्रतिशत | १५ प्रतिशत |
| | (ज) मिनिबसहरू (१५ देखि २५ सिटसम्म भएको) (भन्सार उपशीर्षक ८७०२.९०.२०) | | मोल प्रतिशत | १० प्रतिशत |

| क्र.सं. | वस्तु वा सेवाको विवरण | शीर्षक/ उपशीर्षक नं. | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| | (झ) भन्सार शीर्षक ८७०२ मा पर्ने (१५ देखि २५ सिटसम्म भएको मिनिबसका चेसिस (भन्सार शीर्षक ८७०६) | | मोल प्रतिशत | १० प्रतिशत |
| | (ञ) मोटरसाइकल (भन्सार शीर्षक ८७११) | | मोल प्रतिशत | १० प्रतिशत |

(१) अन्तःशुल्क दरबन्दीमा माथि जुनसुकै कुरा लेखिएको भएता पनि एम्बुलेन्स, शव बाहन र ब्याट्रीबाट चल्ने टेम्पोको चेसिसमा अन्तःशुल्क लाग्ने छैन।

(२) अन्तःशुल्क लाग्न सक्ने वस्तुहरूको ब्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसँग परामर्श लिई विभागले गर्न सक्नेछ।

(३) सवारी साधनको पैठारीमा तिरेको अन्तःशुल्क रकम उक्त सवारी साधन बिक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न दिइनेछ।

(४) उद्योगले पैठारी गर्ने शीर्षक ७२१३ को उपशीर्षक ७२१३.९१.१० को M.S. Wire Rod in Coil कच्चा पदार्थमा उद्योग विभागको सिफारिशमा अन्तःशुल्क छुट दिइनेछ।

(५) अन्तःशुल्क दरबन्दी प्रयोजनको लागि निर्धारित आठ अंकको उपशीर्षकलाई तथ्याङ्क प्रयोजनको लागि महानिर्देशकले अंक थप गर्न सक्नेछ।

(६) मार्वलको स्थानीय उत्पादनमा अन्तःशुल्क लाग्ने छैन।

# अन्तः शुल्क नियमावली, २०५९

# अन्तःशुल्क नियमावली, २०५९

राजपत्रमा प्रकाशित मितिः २०५९।०३।२४

**संशोधनः**

पहिलो संशोधनः २०५९।०९।२२

दोश्रो सशोधनः २०६०।०४।०१

तेस्रो संसोधनः २०६१।०४।०१

चौथो संसोधनः २०६२।०४।०१

पाचौ संसोधनः २०६२।०४।०१

छैटौं संशोधनः २०६३।०३।२८

सातौं संशोधनः २०६४।०३।२८

आठौं संशोधनः २०६४।०६।०३

नवौं संशोधनः २०६५।०६।०३

दशौं संशोधनः २०६६।०३।२९

एघारौं संशोधनः २०६७।०८।०४

बाह्रौं संशोधनः २०६८।०३।३१

तेह्रौं संशोधनः २०७०।०३।३०

चौधौं संशोधनः २०७१।०३।३१

पन्ध्रौ संशोधनः२०७२।०३।२९

सोह्रौ संशोधनः २०७३।०२।१५

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद-१

# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यी नियमहरूको नाम "अन्तःशुल्क नियमावली, २०५९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :-** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"ऐन"** भन्नाले अन्तःशुल्क ऐन, २०५८ सम्झनुपर्छ।

(ख) **"इजाजतपत्रवाला"** भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चयगर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदानका लागि नियम ४ बमोजिम इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(ग) **"गोदाम"** भन्नाले अन्तःशुल्क लाग्ने वस्तु [१].........संचय गरेको स्थान सम्झनुपर्छ।

(घ) **"कार्यालय"** भन्नाले विभाग अन्तर्गत स्थापना भएको कार्यालय सम्झनु पर्छ र सो शब्दले अन्तःशुल्क असुलउपर गर्ने प्रयोजनको लागि नेपाल सरकारले तोकेको कार्यालय समेतलाई जनाउँछ।

(ङ) [२]**"अन्तःशुल्क विवरण"** भन्नाले अन्तःशुल्क असुल तथा दाखिला गर्ने दायित्व भएका इजाजतपत्रवालाले प्रत्येक महिना बुझाउनु पर्ने अन्तःशुल्क लाग्ने बस्तु तथा सेवाको कारोवार सम्बन्धी विवरण सम्झनुपर्छ।

---

१ एघारौं संशोधनले झिकेको। सो अघि यसमा "अन्तःशुल्क नतिरी" भन्ने शब्द थिए।

२ नवौं संशोधनले थप गरेको।

परिच्छेद-२

# इजाजतपत्र सम्बन्धी व्यवस्था

**३.** [३]**इजाजतपत्रका लागि निवेदन दिनु पर्ने :-** ऐनको दफा ९ को उपदफा (१) बमोजिम इजाजतपत्र लिनका लागि अनुसूची-२ बमोजिमको इजाजतपत्र दस्तुर दाखिला गरेको प्रमाण संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ।

**४.** [४]**इजाजतपत्र दिनु पर्ने :-** नियम ३ बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकको माग बमोजिम इजाजतपत्र दिन मनासिव देखेमा अन्तःशुल्क अधिकृतले अनुसूची - ३ बमोजिमको ढाँचामा आवश्यक शर्त तथा वन्देजहरू तोकि इजाजतपत्र दिनु पर्नेछ।

**५.** [५]**इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्था :-** (१) इजाजतपत्रवालाले

३ नवौं संशोधनद्वारा संशोधन भएको।

दोश्रो संशोधनद्वारा संशोधित व्यवस्था निम्न थियोः

३. इजाजतपत्रको लागि निवेदन दिनु पर्ने :- कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अनुसूची-२ मा उल्लेख भएका अन्तःशुल्क लाग्ने वस्तु उत्पादन,पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न चाहेमा सोही अनुसूचीमा तोकिएको इजाजतपत्र दस्तुर समेत संलग्नगरी अन्तःशुल्क अधिकृतसमक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

दोश्रो संशोधनपूर्व निम्न व्यवस्था थियोः

कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्नचाहेमा सोही अनुसूची-२ बमोजिमको इजाजतपत्र दस्तुर समेत संलग्न गरी विभागले तोकेको अन्तःशुल्क अधिकृतसमक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

४ नवौं संशोधनद्वारा संशोधन भएको। यसपूर्वको व्यवस्था निम्न थियोः

४. इजाजतपत्र दिनु पर्ने : नियम ३ बमोजिम कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको निवेदन पर्न आएमा विभागले तोकेको अन्तःशुल्क अधिकृतले निवेदनमा उल्लिखित व्यहोरा जाँचबुझ गरी अनुसूची-३ बमोजिमको ढाँचामा शर्त तथा बन्देजहरू समेत तोकि त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा संचय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न इजाजतपत्र दिन सक्नेछ।

५ नवौं संशोधनद्वारा संशोधित। यसपूर्व निम्न व्यवस्था थियोः

(क) ऐन जारी हुंदाको व्यवस्थाः

(१) नियम ४ बमोजिम दिइएको इजाजतपत्र एक आर्थिक वर्षसम्मका लागि कायम हुनेछ।

(२) इजाजतपत्रवालाले उपनियम (१) बमोजिमको इजाजतपत्रको अवधि समाप्त भएको मितिले एक महिनाभित्र अनुसूची–२ मा तोकिएबमोजिमको नवीकरण दस्तुर विभागले तोकेको अन्तःशुल्क

आफूले प्राप्त गरेको इजाजतपत्र नवीकरण गराउन चाहेमा त्यस्तो इजाजतपत्र नवीकरणको लागि अनुसूची - २ बमोजिमको नवीकरण दस्तुर दाखिला गरेको प्रमाण संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अन्तःशुल्क बाँकी वक्यौता भएको नदेखिएमा र इजाजतपत्र नवीकरण गर्न मनासिव देखेमा अन्तःशुल्क अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

**५क. [६]इजाजतपत्र रद्द सम्बन्धी व्यवस्था :-** (१) कुनै इजाजतपत्रवालाले

अधिकृतसमक्ष बुझाई एक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरणगराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले सो अवधि समाप्त भएको मितिले छ महिनाभित्र अनुसूची–२ मा तोकेबमोजिम नवीकरणवापत लाग्ने दस्तुरमा दश प्रतिशतले हुन आउने थप दस्तुर र अन्तःशुल्क बक्यौता रकम समेत बुझाई एक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र पनि इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः रद्द हुनेछ।

(ख) उक्त व्यवस्थामा उपनियम (४) मा दोश्रो संशोधनले निम्न व्यवस्था गरेको र यसलाई तेश्रो, चौथो र पाचौं संशोधनले निरन्तरता दिएको।

(४) उपनियम (३) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा अनुसूची–२ मा तोकिए बमोजिमको नवीकरणवापतलाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शत प्रतिशत थप दस्तुर र वक्यौता रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउनसक्नेछ।

(ग) छैंठौं संशोधनद्वारा संशोधित व्यवस्थाः

५. इजाजतपत्रको अवधि तथा नवीकरणः- (१) नियम ४ बमोजिम दिइएको इजाजतपत्र एक आर्थिक वर्षको लागि कायम रहनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपनियम (१) बमोजिमको अवधि समाप्त हुनु अगावै अनुसूची-२ बमोजिमनवीकरण दस्तुर विभागले तोकेको अन्तःशुल्क अधिकृतसमक्ष बुझाई एक आर्थिक वर्षको लागि इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

तर यो नियम प्रारम्भ हुँदाका बखत नवीकरण गराउन पर्ने इजाजतपत्रवालाले यो नियम प्रारम्भ भएको मितिले पैतालिस दिनभित्र नवीकरणगराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण गराउन नसक्ने इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन
महिनाभित्र नवीकरण गराउनेले पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र नवीकरण गराउनेले पचास प्रतिशत, त्यसपछिको तीनमहिनाभित्र नवीकरण गराउनेले पचहत्तर प्रतिशत र त्यसपछिको तीन महिनाको अवधिको लागि शत प्रतिशत जरिवाना बुझाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः रद्द हुनेछ।

६ नवौं संशोधनद्वारा थप गरिएको।

अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्नछाडेको वा इजाजतपत्रवालाको मृत्यु भएको कारणले इजाजतपत्र रद्द गर्नुपर्ने भएमा कारोवार छाडेको हकमा इजाजतपत्रवालाले र इजाजतपत्रवालाको मृत्यु भएको हकमा निजको हकवालाले इजाजतपत्र रद्द गर्न अन्तःशुल्क अधिकृतसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजतपत्र रद्द गर्न मनासिव देखेमा अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालासँग कुनै अन्तःशुल्क रकम, जरिवाना असुल गर्न बाँकी भए सो असुलउपर गरी इजाजतपत्र रद्द गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र रद्द गरिएको जानकारी तीस दिनभित्र निवेदकलाई दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा इजाजतपत्र रद्द गर्नु नपर्ने देखिएमा सोही बमोजिमको जानकारी तीस दिनभित्र निवेदकलाई दिनुपर्नेछ।

(५)[७]उपनियम (३) बमोजिम इजाजतपत्र रद्द भएको जानकारी प्राप्त नभएसम्म इजाजतपत्रवालाले मासिक रुपमा अन्तःशुल्क विवरण पेश गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम इजाजतपत्र रद्द गरिएको जानकारी उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य सम्वन्धित निकायलाई समेत दिनु पर्नेछ।"

---

७ एघारौं संशोधनद्वारा संशोधन गरिएको। संशोधन पूर्व निम्न व्यवस्था थियो : उपनियम (३) बमोजिम इजाजतपत्र रद्द भएको जानकारी प्राप्त नभएसम्म मासिक रुपमा अन्तःशुल्क विवरण पेश गर्नु पर्ने दयित्व भएका इजाजतपत्रवालाले तीन महिनासम्म अन्तःशुल्क विवरण पेश गर्नु पर्नेछ।

## परिच्छेद-३

# अन्तःशुल्क असुली सम्बन्धी व्यवस्था

६. [८]**अन्तःशुल्क लगाउने प्रक्रिया :-** (१)[९]मदिरा, स्प्रिट, खुदो (मोलासेस) र वियरलाई उत्पादन गरी निष्कासन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असुलउपर गर्ने गरी भौतिक नियन्त्रण प्रणाली अन्तर्गत निष्कासन गर्न दिइनेछ।

(२) उपनियम (१) मा उल्लिखित वस्तुबाहेकका अन्य अन्तःशुल्क लाग्ने वस्तु तथा सेवालाई स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन गर्न दिइनेछ।

[१०](२क) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि [११]चुरोट, सूर्ती, खैनी, गुट्खा, निकोटिनयुक्त वा निकोटिनरहित पानमसला तथा यस्तै अन्य सूर्तीजन्य पदार्थहरू निष्कासन गर्दा लाग्ने अन्तःशुल्क राजस्व दाखिला गरी माग फारम स्वीकृत गराई निष्काशन गर्न दिइने छ

(३) उत्पादन गरी निष्कासन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई

---

८ नवौं संशोधनद्वारा संशोधन गरिएको। यसपूर्वको व्यवस्था निम्न थियोः

६. उत्पादनको अवस्थामा अन्तःशुल्क लगाउने प्रक्रिया :- (१) उत्पादनको अवस्थामा नै अन्तःशुल्क लगाउनु पर्ने गरी विभागले तोकेकावस्तुहरूको हकमा उपनियम (२) बमोजिमको प्रक्रिया पुरा गरी अन्तःशुल्क लगाई असुलउपर गरिनेछ।

(२) उत्पादनको अवस्थामा नै अन्तःशुल्क लगाई असुलउपर गर्नु पर्ने वस्तुको हकमा उत्पादकले आर्थिक वर्ष भरीमा उत्पादन गर्ने वस्तु रसो वापत बुझाउनु पर्ने अन्तःशुल्क रकमको अन्तःशुल्क अधिकृतले हिसाब गरी त्यस्तो रकम उत्पादकबाट अग्रिम रुपमा धरौटीको रुपमाराख्न लगाउन सक्नेछ। त्यसरी धरौटीको रुपमा राखिएको रकम अन्तःशुल्क वापत बुझाउनु पर्ने रकम भन्दा कम्ती भएमा अन्तःशुल्कअधिकृतले नपुग रकम जति उत्पादकबाट राख्न लगाउन सक्नेछ र बढी भए जति रकम उत्पादकलाई फिर्ता गर्नु पर्नेछ।

९ मिति २०७२।०३।२९ को .........औं संशोधनद्वारा संशोधित। संशोधन पूर्व निम्न व्यवस्था थियो : (१) मदिरा, स्प्रिट, खुदो (मोलासेस), वियर र चुरोटलाई उत्पादन गरी निष्कासन गर्दाको अवस्थामा नै अन्तःशुल्क लगाई असुलउपर गर्ने गरी भौतिक नियन्त्रण प्रणाली अन्तर्गत निष्काशन गर्न दिइनेछ।

१० मिति २०७२।०३।२९ को पन्ध्रौं संशोधनद्वारा थप गरिएको।

११ मिति २०७२।०३।२९ को पन्ध्रौं संशोधनद्वारा चुरोट शब्द थप गरिएको।

असुलउपर गर्नु पर्ने भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा उत्पादकले आर्थिक वर्षभरीमा उत्पादन गर्ने वस्तु र सो वापत बुझाउनु पर्ने अन्तःशुल्क रकमको अन्तःशुल्क अधिकृतले हिसाब गरी त्यस्तो रकम उत्पादकबाट अग्रिम रुपमा धरौटी राख्न लगाउन सक्नेछ। त्यसरी धरौटी राखिएको रकम अन्तःशुल्क वापत बुझाउनुपर्ने रकम भन्दा कम भएमा अन्तःशुल्क अधिकृतले नपुग रकमजति उत्पादकबाट दाखिला गर्न लगाउन सक्नेछ र बढी भएजति रकम उत्पादकलाई फिर्ता गर्नु पर्नेछ।

(४) स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन हुने वस्तु तथा सेवाका हकमा अनुसूची- १३ बमोजिमको बीजकमा अन्तःशुल्क असुल गरी ऐनको दफा ३ बमोजिम दाखिला गर्नु पर्नेछ।

[१२]........................................

(५) भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका वस्तुको निष्कासन माग फाराम स्वीकृत भएपछि पनि अनुसूची - १३ बमोजिमको बीजक जारी गरी सामान निष्कासन गर्नुपर्नेछ।

**६क[१३]अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने :-** (१) ऐनको दफा १०घ. को उपदफा(१) बमोजिम अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्दा अनुसूची-४क बमोजिमको ढाँचामा अन्तःशुल्क निर्धारण आदेश जारी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जारी भएको आदेशका सम्बन्धमा ऐनको दफा १०घ. को उपदफा (२) बमोजिमको म्यादभित्र पेश भएका प्रमाण तथा लिएका जिकिरको छानविन गरी अन्तःशुल्क अधिकृतले अनुसूची- ४ख. बमोजिमको अन्तिम अन्तःशुल्क निर्धारण आदेश जारी गर्नु पर्नेछ। त्यस्तो आदेशमा अन्तःशुल्क निर्धारण आदेश जारी भएको

१२ एघारौं संशोधनले झिकेको। सो अघि निम्न व्यवस्था थियो : तर त्यसरी बुझाउनुपर्ने अन्तःशुल्क रकमलाई सो महिनामा अग्रिम बुझाउन अन्तःशुल्क अधिकृतले आदेश दिन सक्नेछ।

१३ नवौं संशोधनद्वारा थप गरिएको।

मितिसम्मको ऐनको दफा- ४ख. को उपदफा (२) बमोजिम लाग्ने विलम्ब दस्तुर समेत समावेश गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम जारी भएको अन्तःशुल्क निर्धारण आदेश बमोजिमको अन्तःशुल्क, विलम्ब दस्तुर तथा जरिवाना रकम सम्बन्धित व्यक्तिले त्यस्तो आदेश प्राप्त गरेको मितिले सात दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्नेछ।

**६ख. अन्तःशुल्क निर्धारण आदेशको सूचना पठाउने कार्यविधि :-** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएका भए तापनि अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालालाई नियम ६क. बमोजिम अन्तःशुल्क निर्धारण आदेशको सूचना पठाउँदा निजलाई बुझाउन वा त्यस्तो व्यक्तिको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा त्यस्तै विद्युतीय उपकरण मार्फत पठाउन वा निजको कार्यालयमा बुझाउन वा निजको ठेगानामा रजिष्ट्री गरी हुलाक मार्फत पठाई तामेल गर्न सकिनेछ। त्यसरी तामेल गरिएको सूचना रीतपूर्वक तामेल भएको मानिनेछ।

(२) उपनियम (१) बमोजिम अन्तःशुल्क निर्धारण आदेशको सूचना तामेल हुन नसकेमा अन्तःशुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै पत्रपत्रिकामा तत्सम्बन्धी आदेशको सूचना प्रशारण वा प्रकाशन गरी जानकारी गराउन सक्नेछ र यसरी सूचना प्रसारण वा प्रकाशन गरिएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो सूचना प्राप्त गरेको मानिनेछ।

**६ग. इजाजत पत्र नलिई उठाएको अन्तःशुल्कको निर्धारण र असुली :-** कसैले इजाजतपत्र नलिई अन्तःशुल्क वा अन्तःशुल्कको नाममा अन्य कुनै रकम उठाएमा निजले उठाएको अन्तःशुल्क रकम नियम ६क. बमोजिम निर्धारण गरी असुलउपर गरिनेछ।

**६घ. अन्तःशुल्क निर्धारणको अवधि :–** ऐनको दफा १०घ. को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको अवधि गणना गर्दा अन्तःशुल्कको सम्बन्धमा कुनै अदालतमा निवेदन परी स्थगन आदेश जारी भएको अवस्थामा सोको निर्णय नभएसम्मको अवधि कटाई गणना गरिनेछ।

**७. बाँकी अन्तःशुल्क रकम असुल उपर गर्न सकिने :–** अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बापत कसैले ऐन तथा यस नियमावली बमोजिम अन्तःशुल्क रकम भन्दा घटी रकम बुझाएको देखिएमा अन्तःशुल्क अधिकृतले निजबाट बाँकी अन्तःशुल्क रकम असुलउपर गरिलिन सक्नेछ।

**८. इजाजतपत्र रद्द भएमा मौज्दात रहेको वस्तु बिक्री गर्ने :–** ऐन तथा यस नियमावली बमोजिम इजाजतपत्र रद्द हुँदाका अवस्थामा गोदाममा मौज्दात रहेको वस्तुका हकमा वक्यौता अन्तःशुल्क बुझाई विभागको स्वीकृति लिई बिक्री गर्न सकिनेछ। विभागलाई बुझाउनु पर्ने वक्यौता अन्तःशुल्क नबुझाएमा विभागले त्यस्तो वस्तु लिलाम बिक्री गरी प्राप्त भएको रकमबाट वक्यौता अन्तःशुल्क लिई बाँकी रहन गएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ।

परिच्छेद-४

# सम्पत्ति रोक्का, लिलाम बिक्री र जफत सम्बन्धी व्यवस्था

९. **सम्पत्ति रोक्का गर्न सकिने :-** (१) कुनै व्यक्तिले उत्पादन स्थलबाट अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क छली निष्कासन गरी वा विदेशबाट पैठारी गरी लिई जान लागेको अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले फेला पारेमा त्यस्तो वस्तु लान नपाउने गरी अन्तःशुल्क अधिकृतले रोक्का राख्न सक्नेछ।

(२) कुनै व्यक्तिले ऐन र यस नियमावली बमोजिम बुझाउनु पर्ने अन्तःशुल्क म्यादभित्र नबुझाएमा अन्तःशुल्क अधिकृतले त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का राख्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम अन्तःशुल्क अधिकृतले रोक्का राखेको वस्तु वा सम्पत्ति बिक्री वितरण वा कुनै पनि किसिमले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्नको लागि त्यस्तो वस्तु वा सम्पत्ति रोक्का गर्न त्यस्तो वस्तु वा सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ। यसरी रोक्का राख्नको लागि लेखी आएकोमा त्यस्तो वस्तु वा सम्पत्ति रोक्का राखिदिनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।

१०. **लिलाम बिक्री सम्बन्धी व्यवस्था :-** (१)[१४]ऐनको दफा १७ बमोजिम रोक्का रहेको वस्तु वा सम्पत्ति लामो समयसम्म कब्जामा राख्दा खिया लागि वा अरु कुनै परिवन्दबाट टुटफुट वा नोक्सान हुन सक्ने देखिएमा वा सडी गली जाने भएमा वा पुरानो भै मूल्य घट्न जाने भएमा वा वेवारिसे भएमा वा स्थान अभावको कारणबाट राख्न नसकिने भएमा वा संरक्षण प्रदान गर्न नसकिने अवस्थाको

---

१४ सातौं संशोधनद्वारा संशोधित। यसपूर्व निम्न व्यवस्था थियोः (१) ऐनको दफा १७ बमोजिम रोक्का रहेको वस्तु वा सम्पत्ति तत्काल सड्ने, बिग्रने, नष्ट हुने वा त्यसको मूल्य घट्ने देखिएमा अन्तःशुल्क अधिकृतले त्यस्तो वस्तु वा सम्पत्ति तुरुन्त लिलाम बिक्री गर्नु पर्ने देखिएमा त्यस्तो वस्तु वा सम्पत्तिको अवस्था र प्रकृति हेरी बढीमा सात दिनसम्मको म्याद दिई लिलाम बिक्रीको सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी लिलाम बिक्री गर्नु पर्नेछ।

भएमा त्यस्तो वस्तु वा सम्पत्तिको अवस्था र प्रकृति हेरी बढीमा सात दिनसम्मको म्याद दिई लिलाम बिक्रीको सूचना कार्यालयको सूचना पाटीमा टाँसगरी लिलाम बिक्री गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री गर्ने वस्तु रहेको स्थानको स्थानीय निकायको एकजना प्रतिनिधि वा नजिकको सरकारी कार्यालयको एक जना कर्मचारी र सम्भव भएसम्म सम्बन्धित व्यक्ति वा निजको प्रतिनिधिसमेतलाई रोहवरमा राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम लिलाम बिक्री गरिने वस्तु वा सम्पत्तिको लिलाम बिक्री गर्दा त्यस्तो वस्तु वा सम्पत्तिको प्रचलित बजार मूल्यलाई आधार मानी न्यूनतम मूल्य कायम गरी बढाबढको आधारमा लिलाम बिक्री गर्नु पर्नेछ।

**११. वस्तु वा सम्पत्ति जफत गर्न सकिने :-** (१) अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क नबुझाई प्रतिष्ठानको उत्पादन स्थलबाट निष्कासन गरी लगेको वा विदेशबाट पैठारी गरी ल्याएको प्रमाणित भएमा त्यस्तो वस्तु अन्तःशुल्क अधिकृतले आफ्नो कब्जामा लिई जफत गर्न सक्नेछ।

(२)[१५].............................

(३) झुट्टा लेखा वा किर्ते कागज तयार गरी अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गरेमा वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेको पाइएमा अन्तःशुल्क अधिकृतले सोसँग सम्बन्धित सम्पूर्ण वस्तु जफत गर्न सक्नेछ।

(४) तिर्नु पर्ने अन्तःशुल्क दबाए, छिपाए वा छलेमा अन्तःशुल्क अधिकृतले सोसँग सबन्धित वस्तु र सो वस्तु उत्पादन गर्ने उपकरणसमेत जफत गर्न सक्नेछ।

(५) कब्जामा लिएको वस्तु अन्तःशुल्क अधिकृतले जफत गर्नु अघि सम्बन्धित व्यक्तिलाई जफत गर्नु नपर्ने कुनै कारण भए सोको प्रमाण पेश गर्नको लागि सात दिनको सूचना दिनु पर्नेछ।

---

१५ नवौं संशोधनद्वारा खारेज गरिएको।

परिच्छेद-५

# अन्तःशुल्क अधिकृत र इजाजतपत्रवालाको काम, कर्तव्य र अधिकार

**१२. अन्तःशुल्क अधिकृतको काम, कर्तव्य र अधिकार :–** (१) अन्तःशुल्क अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गोदाममा रहेको अन्तःशुल्क लाग्ने वस्तु बिक्री वितरण वा ओसार पसार गर्न गोदामबाहिर निकाल्दा आफ्नो उपस्थितिमा त्यस्तो वस्तु निकाल्न लगाई सोको लगत प्रतिष्ठानको उत्पादन स्थलमा राख्न लगाउने,

(ख) विभागबाट माग गरिएको अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा बिक्री वितरण वा गोदाममा रहेको वस्तुको परिमाण र असुलउपर भएको अन्तःशुल्क वा विभागले मागेको अरु कुनै कुराको प्रतिवेदन विभागमा पठाउने,

(ग) अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा बिक्रीको विवरण अनुसूची-४ बमोजिमको दैनिक किताबमा राख्न लगाउने,

(घ) भन्सार नाकाबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी भएको अवस्थामा पैठारी गर्ने इजाजतपत्रवालाको नाम, पैठारी गरिएको वस्तुको परिमाण र मूल्य स्पष्ट खुल्ने गरी दैनिक किताबमा जनाई राख्ने,

(ङ) इजाजतपत्रवालाले नियम १३ बमोजिम पूरा गर्नु पर्ने काम, कर्तव्य पूरा गरे नगरेको समय समयमा निरीक्षण गर्ने,

(ङ१)[१६]अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने प्रतिष्ठानको मासिक रुपमा निरीक्षण गरी अन्तःशुल्क निर्धारण गर्ने,

---

१६ तेस्रो संशोधनद्वारा थप गरिएको।

(च) अन्तःशुल्क अधिकृतले यस नियमावली बमोजिम आफ्नो कर्तव्य पालन गर्ने सन्दर्भमा विभागले तोकेको अन्य कार्यहरू गर्ने।

(२) इजाजतपत्रवालाले स्वयम् निष्कासन प्रकृयाअनुसार आफै निष्काशन गरेको अन्तःशुल्क लाग्ने बस्तुको हकमा अन्तःशुल्क अधिकृतले बिभागले तोकेबमोजिमको प्रक्रिया अपनाई इजाजतपत्रवालाको खाता तथा विवरण जाँची प्रमाणित गर्नु पर्नेछ।

१३. **इजाजतपत्रवालाको काम तथा कर्तव्य :–** (१) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क)[१७]यस नियम बमोजिम पेश गर्नुपर्ने विवरण र फाँटवारी विभागले तोकेको ढाँचामा वस्तुको हकमा वस्तु निष्कासन भएपछि तथा सेवाको हकमा बीजक जारी भएपछिको महिनाको पच्चीस गतेभित्र अन्तःशुल्क अधिकृतसमक्ष पेश गर्नुपर्ने।

(ख) उत्पादन भएको र बिक्री वितरण भएको वस्तुको विवरण दैनिक किताबमा जनाई राख्ने र निरीक्षणको क्रममा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई सो किताब देखाउने।

(ग) उत्पादन भएको वस्तुको नमूना अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा पठाउने।

---

१७ सातौं संशोधनद्वारा संशोधित।

छैटौं संशोधनद्वारा संशोधन गर्दा निम्नानुसार व्यवस्था थियोः

(क) यस नियम बमोजिम पेश गर्नुपर्ने विवरण रफाँटवारी विभागले तोकेको ढाँचामा महिनाको सात गतेभित्र अन्तःशुल्क अधिकृतसमक्ष पेश गर्नुपर्ने।

पाचौं संशोधनमा निम्न व्यवस्था थियोः (क) उत्पादन भएको अन्तःशुल्क लाग्ने वस्तुको सम्बन्धमा विभागले तोकेबमोजिमको विवरण उत्पादन भएपछिको लगत्तै अर्को महिनाको पच्चीस गतेभित्र सम्बन्धित कार्यालयमा बुझाउने।

पाचौं संशोधनपूर्व निम्न व्यवस्था थियोः

(क) उत्पादन भएको अन्तःशुल्क लाग्ने वस्तुको सम्बन्धमा विभागले तोकेबमोजिमको विवरण कार्यालयमा पठाउने।

(घ) गोदाममा राखिएको वस्तुको विवरण अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई सो को निस्सा राख्ने ।

(२) अन्तःशुल्क लाग्ने वस्तुको सेवा प्रदान गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) प्रदान गरेको सेवाको बीजक र सोको हिसाब दैनिक रुपमा राख्ने,

(ख)[१८] अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने काममा प्रयोग हुने अन्तःशुल्क लाग्ने वस्तुको खरीद प्रमाण वा खरीद बीजक साथमा राख्ने ।

(ग) अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले मागेका बखत खण्ड (क) बमोजिमको कागजात उपलब्ध गराउने,

(३) अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्ने इजाजतपत्रवालाको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) अन्तःशुल्क लाग्ने वस्तु पैठारी गरिएको अवस्थामा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीसमक्ष खरीद बीजक पेश गर्नु पर्ने ।

(ख) प्रतितपत्रको माध्यमबाट अन्तःशुल्क लाग्ने वस्तु पैठारी गरिएको अवस्थामा वस्तुको किटानी विवरण, भन्सार प्रयोजनको लागि वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण अन्तःशुल्क अधिकृतसमक्ष पेश गर्नु पर्ने ।

(४) इजाजतपत्रवालाले प्राप्त गरेको इजाजतपत्र आफ्नो कारोवार स्थलमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(५)[१९]... ... ... ... ...

---

१८ छैटौं संशोधनद्वारा संशोधित । यसपूर्व निम्न व्यवस्था थियोः

(ख) अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले मागेका बखत खण्ड (क) बमोजिमको कागजात उपलब्ध गराउने ।

(ग) अन्तःशुल्क लाग्ने वस्तुको खरीद प्रमाण वा खरीद बीजक साथमा राख्ने ।

१९ छैटौं संशोधनद्वारा हटाइएको । तेस्रो संसोधनद्वारा थप गरिएको यस उपदफामा निम्न व्यवस्था थियो : "यस नियम बमोजिम पेश गर्नु पर्ने विवरण रफाँटवारी प्रत्येक महिनाको सात गते भित्र अन्तःशुल्क अधिकृतसमक्ष पेश गर्नु पर्नेछ ।"

[20]परिच्छेद ५क.

# कारोवारको अभिलेख सम्वन्धी व्यवस्था

**१३ क. अभिलेख राख्नु पर्ने :–** (१) इजाजतपत्रवालाले ऐन र यस नियमावलीको प्रयोजनको निमित्त देहायका कागजात र विवरणको अभिलेख राख्नु पर्नेछ :-

(क) चुरोट उत्पादक इजाजतपत्रवालाले अनुसूची- ४, ५, ६, ७, ८, ९ र ९क बमोजिमका खाता र तिनको विवरण,

(ख) मदिरा, स्प्रिट, खुदो र वियर उत्पादक इजाजतपत्रवालाले अनुसूची - ४, ९क., १०, ११ र १२ बमोजिमका खाता, फाँटवारी र तिनको विवरण,

(ग) अन्तःशुल्क विवरण वुभाउनु पर्ने सबै इजाजतपत्रवालाले अनुसूची–४ग र ४घ बमोजिमका खरीद तथा बिक्री खाताहरू,

(घ) आफूले जारी गरेका तथा प्राप्त गरेका बीजकहरू,

(ङ) व्यापार, लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख,

(च) आफूले गरेको आयात र निर्यातसँग सम्बन्धित सम्पूर्ण कागजातहरू,

(छ) विभागले तोकेका अन्य कागजातहरू।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग वा खास व्यवसायको लागि थप अभिलेखहरू राख्नुपर्ने गरी विभागले तोक्न सक्नेछ।

---

२० नवौं संशोधनद्वारा थप गरिएको।

(३) इजाजतपत्रवालाले यस नियम बमोजिम राख्नु पर्ने अभिलेखहरू विभागको अनुमति लिई कम्प्यूटर वा त्यस्तै अन्य यान्त्रिक प्रणालीमा विभागले तोकिदिए बमोजिमको तरिका अपनाई राख्न सक्नेछ।

(४) यस नियम बमोजिम इजाजतपत्रवालाले राखेको अभिलेख अन्तःशुल्क अधिकृतले कारोबार समय वा कार्यालय समयमा जुनसुकै बखत हेर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम अन्तःशुल्क अधिकृतले अभिलेख जाँच गर्ने सिलसिलामा माग गरेका कागजात र विवरण उपलब्ध गराउनु र आवश्यक सहयोगका लागि कर्मचारीको व्यवस्था गर्नु इजाजतपत्रवालाको कर्तब्य हुनेछ।

**१३ख. खाता प्रमाणित सम्बन्धी व्यवस्था** : ऐनको दफा १०ख. को उपदफा (२) बमोजिमका खाताहरू कारोवार शुरु गर्नु पूर्व अन्तःशुल्क अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ।

**१३ग. इजाजतपत्रवालाले अन्तःशुल्क विवरण पेश गर्नु पर्ने** : अन्तःशुल्क उठाई बुझाउनु पर्ने दायित्व भएका इजाजतपत्रवालाले विक्रम संवत् अनुसारको एक महिनाको अन्तःशुल्कको विवरण सो महिना समाप्त भएको मितिले २५ दिनभित्र अनुसूची - ४ङ. बमोजिमको ढाँचामा सम्बन्धित अन्तःशुल्क अधिकृतसमक्ष पेश गर्नु पर्नेछ।

**१३घ. अन्तःशुल्क विवरण पेश गर्न लगाउन सकिने** : कुनै इजाजतपत्रवालाको मृत्यू भएमा वा निजले अन्तःशुल्क विवरण पेश गर्न शारीरिक वा मानसिक रुपमा असमर्थ भएमा निजको मृत्यु भएको वा निज शारीरिक वा मानसिक रुपमा असमर्थ भएको अघिल्लो दिनसम्मको अवधिसम्म निजले अन्तःशुल्कजन्य कारोबार गरेको मानी अन्तःशुल्क अधिकृतले सो महिनाको अन्तःशुल्क विवरण निजको हकवाला वा कानून बमोजिमको प्रतिनिधिलाई पेश गर्न लगाउन सक्नेछ।

**१३ङ.**[२१]**अन्तःशुल्क फिर्ता सम्बन्धी व्यवस्था** : (१) ऐनको दफा ३ख. को उपदफा (५) बमोजिम अन्तःशुल्क फिर्ता पाउन आन्तरिक राजस्व विभागले तोकेको ढाँचामा कर अधिकृतसमक्ष दरखास्त पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश हुने दरखास्तसाथ निर्यात प्रमाणित हुने विभागले तोकेबमोजिमका कागजात पेश गर्नु पर्नेछ ।

(३) ऐनको दफा ३ख. को उपदफा (६) बमोजिम फिर्ता गरिने अन्तःशुल्क रकम बीस हजार रुपैयाँभन्दा बढी भएमा सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा हुने गरी चेक मार्फत भुक्तानी गर्नु पर्नेछ ।

परिच्छेद–६

# चुरोट र बिँडीका सम्बन्धमा विशेष व्यवस्था

**१४. चुरोटको उत्पादन तथा बिक्री वितरण** :– चुरोट उत्पादन गर्ने इजाजतपत्रवालाले देहाय बमोजिमको कार्यगर्नु पर्नेछ :–

**(क) कच्चा र कोरा सूर्तीको हिसाब राख्नु पर्ने** : चुरोट बनाउनको निमित्त प्रतिष्ठानमा झिकाइएको सबै प्रकारको स्वदेशी र विदेशी सूर्तीको हिसाब तथा विवरण अनुसूची–५ बमोजिमको ढाँचामा राखी प्रतिष्ठानमा खटिएका अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्ने ।

**(ख) सूर्ती खपतको हिसाब राख्ने** : चुरोट बनाउनलाई प्रयोग गरिएको सूर्तीको हिसाब अनुसूची–६ बमोजिमको ढाँचामा राखी प्रतिष्ठानमा खटिएका अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रत्येक दिन जँचाई प्रमाणित गराई राख्नु पर्ने ।

---

२१ मिति..२०७२।०३।२९ को पन्ध्रौं संशोधनद्वारा थप गरिएको ।

(ग) **चुरोटमा सूर्तीको अनुपात खुलाउने** : विभिन्न प्रकारको चुरोट बनाउन प्रयोग गरिने स्वदेशी र विदेशी सूर्तीको अनुपात खुलाई विभागबाट स्वीकृति लिई राख्नु पर्ने।

(घ) **तयारी चुरोट वट्टा बन्दी गर्ने** : बिक्रीयोग्य तयारी चुरोटलाई राम्रोसँग जाँचबुझ गरी वट्टामा हाली बन्द गर्ने तथा गोदामबाट बिक्रीको लागि निकालिएको चुरोट [22]अन्तःशुल्क अधिकृतको स्वीकृति बेगर कारखानामा पुनः ल्याउन नहुने।

(ङ) **चुरोटका वट्टाहरू प्याकिङ्ग गर्ने** : तयारी चुरोटका वट्टाहरूलाई ठूलो कागजमा बन्द गरी दैनिक बन्द गरिएको चुरोटको वट्टा संख्या, सिलसिलेवार नम्बर र बन्द गरिएको मितिसमेत स्पष्ट देखिने गरी अनुसूची–७ बमोजिमको ढाँचामा उल्लेख गर्ने तथा गोदाममा राखिएको चुरोटको हिसाब अनुसूची–८ बमोजिमको ढाँचामा राख्नु पर्ने।

(च) **गोदामबाट चुरोट निकाल्ने तरिका** : चुरोट बिक्री गर्नको निमित्त गोदामबाट बाहिर निकाल्नलाई अनुसूची–९ बमोजिमको ढाँचामा फाराम भरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारी समक्ष पेश गर्ने तथा निजहरूबाट जाँची निष्कासन गर्ने इजाजत प्राप्त भएपछि सोको विवरण भरी राख्ने।

**१४क.[23]विभागले चुरोट र बिडीको प्रतिलब्धी दर तोक्न सक्ने** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चुरोट र बिडीको उत्पादनको प्रतिलब्धी दर विभागले तोक्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम विभागले प्रतिलब्धी दर नतोकेको अवस्थामा चुरोट र बिडी उत्पादन गर्ने इजाजतपत्रवालाले पेश गरेको प्रतिलब्धी दर उपर जाँचबुझ गरी त्यस्तो प्रतिलब्धी दरलाई विभागले मान्यता दिन सक्नेछ।”

---

२२ एघारौं संशोधनद्वारा कार्यालयको सट्टा अन्तःशुल्क अधिकृत गरिएको।
२३ नवौं संशोधनद्वारा थप गरिएको।

**१५.**[२४]**बिंडीको उत्पादन तथा बिक्री वितरणः** (१) बिडी उत्पादन गर्ने इजाजतपत्रवालाले सो बिडी उत्पादन गर्नको लागि खपत भएको कच्चा सूर्तिको हिसाब राखी बिडीको उत्पादन तथा बिक्री वितरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बिडीको उत्पादन गरी बिक्री गर्नु पूर्व अनूसूची -९ बमोजिमको निष्काशन माग फाराम अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीबाट स्वीकृत गराएर मात्र निष्काशन गर्नु पर्नेछ।"

परिच्छेद-७

## मदिरा सम्बन्धी विशेष व्यवस्था

**१६. मदिरा उत्पादन :-** (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले पेटेन्ट स्टिल प्लाण्टबाट उत्पादित स्प्रिटको मिश्रण (ब्लेण्डिङ्ग) बाट मात्र मदिरा उत्पादन गर्नु पर्नेछ।

[२५](२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वियर, वाइन तथा

२४ नवौं संशोधनद्वारा संशोधन गरिएको। यसपूर्वको व्यवस्था निम्नानुसार थियोः
दोश्रो संशोधनद्वारा संशोधित। १५. बिँडीको उत्पादन तथा बिक्री वितरण : बिँडी उत्पादन गर्ने इजाजतपत्रवालाले ब्याण्ड रोल वापत प्रतिहजार
बिँडीको लागि अन्तःशुल्क वापतको रकम (यसपूर्व "चालीस रुपैयाँ" भन्ने शब्दहरू थिए)। तिरी कार्यालयबाट खरीद गर्नु पर्नेछ। बिँडी उत्पादन गर्नेइजाजतपत्रवालाले सोही ब्याण्डरोल प्रयोग गरी बिँडी उत्पादन तथा बिक्री गर्नु पर्नेछ। बिँडी उत्पादन गर्नका लागि लागेको कच्चा सूर्तीको हिसाबराख्ने कर्तव्य बिँडी उत्पादन गर्ने इजाजतपत्रवालाको हुनेछ।

२५ ........औं संशोधनद्वारासंशोधित।
यस अघि नवौं संशोधनद्वारा संशोधित व्यवस्था निम्नानुसार थियो :
(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेका १५, २५, ३०, ४० र ५० यू.पी. शक्तिको मदिरालाई बिभागले तोकेबमोजिम बोतलबन्दी गर्नु पर्नेछ।
छैटौं संशोधनद्वारा संशोधित व्यवस्था निम्न थियोः
(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेका ज्ञछ (पाचौं द्वारा थप भएको), २५, ३० र ४० यू.पी. शक्तिको मदिरालाई विभागले तोकेबमोजिम बोतलबन्दी गर्नु पर्नेछ।
पाँचौ संशोधनमा निम्न व्यवस्था थियोः
(३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको ५० र ७० यू.पी. शक्तिको मदिरालाई ५०० र ३०० मिलीलिटरको पेटबोतलमा मात्र बिक्री गर्नुपर्नेछ।

१५, २५, ३०, ४०, ५० र ७० यू.पी. शक्तिका मदिरा बिभागले तोकेबमोजिमको परिमाणमा बोतलबन्दी गरी उत्पादन गर्नु पर्नेछ।

[२६](३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको ७० यू.पी. शक्तिको मदिरालाई ३०० मिलि लिटरको पेट बोतल वा विभागले तोकेबमोजिम बोतलबन्दीमा मात्र बिक्री गर्नु पर्नेछ।

१७. **कच्चा पदार्थको संरक्षण :-** मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मोलासिस, स्प्रिट लगायतका कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध गर्नु पर्नेछ। त्यस्ता कच्चा पदार्थको उचित संरक्षणको प्रबन्ध नगरी हानी नोक्सानी भएमा सो वापत त्यस्तो इजाजतपत्रवालाले उत्पादन गर्ने मदिरा तर्फको उच्चतम दरबन्दी अनुसार लाग्ने राजस्व सो इजाजतपत्रवालाबाट असुलउपर गरी लिनु पर्नेछ।

१८.[२७]**ब्याच र सिलसिलेवार नम्बर अंकित गर्नुपर्ने :-** (१) मदिराको उत्पादन प्रक्रिया समाप्त भएपछि त्यस्तो मदिरा राखिएको प्रत्येक बोतलमा ब्याच नम्बर, सिलसिलेवार नम्बर, उत्पादन मिति, उत्पादन गर्ने इजाजतपत्रवालाको नाम, ट्रेडमार्क र शक्ति लेखिएको लेवल अंकित गरी गोदाममा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गोदाममा पठाउँदा अनुसूची-९क बमोजिमको ढाँचामा ब्याच नियन्त्रण खाता प्रमाणित गरी राख्नु पर्नेछ।

---

पाँचौं संशोधनपूर्व निम्न व्यवस्था थियोः

(३) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आँफूले उत्पादन गरेको ६५ यू.पी. शक्तिको मदिरालाई ३००, १००० र १५०० मिलीलिटरको पेटबोतलमा मात्र बोतलबन्दी गर्नु पर्नेछ।

२६ नवौं संशोधनद्वारा संशोधित। यसपूर्व निम्न व्यवस्था थियोः

मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको ५० यू.पी. शक्तिको मदिरालाई ३०० मिलीलिटरको पेटबोतलमात्र बिक्री गर्नुपर्नेछ।

२७ सातौं संशोधनद्वारा संशोधित। यसपूर्व निम्न व्यवस्था थियोः

१८. ब्याच र सिलसिलेवार नम्बर अंकित गर्नु पर्नेः मदिराको उत्पादन प्रक्रिया समाप्त भएपछि त्यस्तो मदिरा राखिएको प्रत्येक बोतलमा ब्याचनम्बर, सिलसिलेवार नम्बर, उत्पादन गर्ने इजाजतपत्रवालाको नाम, ट्रेडमार्क र शक्ति लेखिएको लेवल अंकित गरी गोदाममा पठाउनु पर्नेछ।

१९. **वास सम्बन्धी रेकर्ड राख्ने :-** (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वास बनाउनको लागि फर्मेन्टेशन गर्दा प्रयोग गरेको कच्चा पदार्थ, पानीको मात्रासमेत उल्लेख गरी सोको विवरण स्पष्ट देखिने गरी लगत राख्नु पर्नेछ।

(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले डिष्टिलेशन (चुहान) को लागि तयार भएको वास डिष्टिलेशन प्लाण्टमा हाल्नु अगावै डिष्टिल गर्ने वासको परिमाण र भेट नं. को लगत राखी सोको जानकारी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीलाई दिनु पर्नेछ।

२०. **इजाजत वेगर डिष्टीलरी वा ब्रुअरीभित्र प्रवेश गर्न नपाउने :-** डिष्टीलरी वा ब्रुअरीभित्र मदिरा बनाउने वा मदिरा राखेको ठाउँनिर डिष्टीलरी र ब्रुअरीको कामदारबाहेक बेसरोकारवाला अन्य कुनै पनि व्यक्ति अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको इजाजत बेगर प्रवेश गर्न पाउने छैन।

२१. **निरीक्षण पुस्तिका राख्नु पर्ने :-** मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले डिष्टीलरी वा ब्रुअरीमा विभागले तोकेबमोजिमको एउटा निरीक्षण पुस्तिका राख्नु पर्नेछ। अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले डिष्टीलरी वा ब्रुअरी निरीक्षण गर्दा निरीक्षण मिति, समय र मदिरा उत्पादन प्रक्रियामा सम्बन्धमा देखेको त्रुटी सम्बन्धी सबै कुरा सो पुस्तिकामा लेख्नु पर्नेछ।

२२. **मदिराको हिसाब राख्ने :-** (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वासबाट चुहान भएको मदिराको परिमाण र त्यसको शक्ति समेत खुलाई अनुसूची-१० र मदिरा बिक्री र सोबाट प्राप्त हुने अन्तःशुल्कको फाँटवारी अनुसूची-११ बमोजिमको ढाँचामा विवरण तयार गरी राख्नु पर्नेछ।

(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले मदिरा बनाउन प्रयोग गरेको अन्न र फलफूलको हिसाब राखी त्यसबाट के कति मदिरा

उत्पादन भयो सोको विवरण भरी अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(३)[२८]... ... ... ... ... ... ... ... ... ...

**२३.**[२९]**मौज्दात कमीको मिन्हाः–** (१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले आफूसँग रहेको मदिराको मौज्दातमा वाष्पीकरण, दुर्वौधीकरण, चुहावट वा बोतलमा मदिरा भर्दाको कारणबाट [३०]एक प्रतिशत [३१]सम्म कमी हुन आएमा मासिक विवरणमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृतसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले [३२] तीस दिनभित्र जाँच गरी [३३]मिनाहाको कारवाही गर्नुपर्नेछ । सो अवधि भित्र निर्णय नगरेमा पेश भएकै जर्ति मान्य हुनेछ ।

(३) उपनियम (२) बमोजिम जाँच गर्दा मौज्दात कमी भएको मनासिब माफिकको कारण भएमा आधार स्पष्ट खुलाई अन्तःशुल्क अधिकृतले [३४]एक प्रतिशतसम्म मौज्दात कमी मिन्हा दिन सक्नेछ ।

---

२८ छैटौं संशोधनद्वारा झिकिएको । दोश्रो संशोधनद्वारा थप भएको यस उपदफामा निम्न व्यवस्था थियोः मदिरा उत्पादन गर्ने इजाजतपत्रवालालेमदिरा उत्पादन प्रक्रियामा रहेको वास, स्प्रिट, मदिरा समेत सम्पूर्ण तरल पदार्थहरू एक प्रकृयाबाट अर्को प्रकृयाको लागि एकबाट अर्को भाँडामा लैजाँदा वा बोतलवन्दी गर्दा विभाग वा आन्तरिक राजस्व कार्यालयबाट सिलबन्दी गरिएको फ्लोमिटर सहितको स्थायी रुपमा जडित पाइपबाटमात्र गर्ने गरी विभागले तोक्न सक्नेछ ।

२९ दोश्रो संशोधनद्वारा थप । यसपूर्व निम्न व्यवस्था थियोः

२३. मौज्दात कमीको मिन्हाः

(१) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले कम्तीमा वर्षमा एकपटक आफूसँग रहेको मौज्दात अन्तःशुल्क अधिकृत वा निजले खटाएकोकर्मचारीबाट जाँच गराउनु पर्नेछ । वाष्पीकरण, दुर्वौधिकरण, चुहावट वा बोतलमा मदिरा भर्दा मदिराको मौज्दातमा कमी हुन आएमात्यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली मौज्दात जाँच्ने अन्तःशुल्क अधिकृतले कमी हुन आएको मौज्दात कट्टीको मिन्हाकोलागि कार्यालय मार्फत विभाग समक्ष सिफारिश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम मौज्दात कट्टीको मिन्हाको लागि प्राप्त भएको सिफारिशको आधारमा विभागले मिन्हा दिन सक्नेछ ।

३० ........औं संशोधनले थप गरेको ।

३१ मिति २०७३।०२।१५ को सोह्रौं संशोधनले संशोधन गरेको यस भन्दा अगाडी सम्मको ठाउमा भन्दा बढीले भन्ने शब्द रहेको थियो ।

३२ मिति २०७३।०२।१५ को सोहौ संशोधनले संशोधन गरेको यस भन्दा अगाडी पन्ध्र दिन भन्ने थियो ।

३३ मिति २०७३।०२।१५ को सोहौ संशोधनले थप गरेको ।

३४ ३४ मिति २०७३।०२।१५ को सोहौ संशोधनले संशोधन गरेको यस भन्दा अगाडी दुई प्रतिशत थियो ।

(४)[३५]... ... ... ... ... ... ... ... ... ...

(४क)[३६].. ... ... ... ... ... ... ... ... ... ...

(५)[३७]... ... ... ... ... ... ... ... ... ...

**२३क.**[३८]**वियर मौज्दात कमीको मिन्हा** : (१) वियर उत्पादन गर्ने इजाजतपत्रवालाले तयारी वियर अन्तिम रुपमा बोतल बन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतल बन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी र पाश्चरराइजेशन, प्याकेजिङ्ग तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा बिग्रेर बोतलमा प्रयोग हुन नसक्ने अवस्थाका क्राउनकर्कको मौज्दात कमीको विवरण विभागले तोकेको ढाँचामा मासिक रुपमा उल्लेख गरी मिन्हाका लागि अन्तःशुल्क अधिकृतसमक्ष पेश गर्नु पर्नेछ।

---

३५ छैटौं संशोधनद्वारा झिकिएको। यसपूर्व मूल नियमावलीको यो व्यवस्था निम्नानुसार थियोः "उपनियम (३) बमोजिम तोकिएको सीमा भन्दा बढी मिन्हा दिनु पर्ने देखिएमा सो मिन्हाको लागि अन्तःशुल्क अधिकृतले यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली विभागमा सिफारिश गर्नुपर्नेछ।"

३६ सातौं संशोधनद्वारा झिकिएको। पाँचौं संशोधनद्वारा थप भएको यसमा निम्न व्यवस्था थियोः संबत २०५९ साल आाषाढ मसान्त भन्दा पहिलेको मिन्हा हुन बाँकी जर्तिको सम्बन्धमा १.५ प्रतिशत सम्मको जर्तिलाई छुट दिइ सो भन्दा बढीको जर्तिमा तत्काल प्रचलित अन्तःशुल्क दरबन्दीको १० प्रतिशत अन्तःशुल्क २०६२ साल चैत्र महिना भित्रमा दाखिला गरेमा छुट हुनेछ।

३७ सातौं संशोधनद्वारा झिकिएको। झिकिएको व्यवस्था निम्नानुसार थियोः (५) उपनियम (४) बमोजिम सिफारिश भई आएको प्रतिवेदनमा सम्वन्धित विषयको विशेषज्ञको प्रतिवेदन लिई मनासिव कारण भएमा विभागले मिन्हा गर्न सक्नेछ।

३८ नवौं संशोधनद्वारा थप गरिएको। दोश्रो संशोधनद्वारा थप भएको व्यवस्था निम्नानुसार थियोः

२३क. क्राउन कर्कको मौज्दात कमीको मिन्हा : (१) वियर उत्पादन गर्ने इजाजतपत्रवालाले वियरको बोतलमा प्रयोग गर्ने क्राउन कर्क वियर भर्दा टुटफुट वा बिग्रेर बोतलमा प्रयोग हुन नसक्ने अवस्था भएमा मासिक विवरणमा उल्लेख गरी मिन्हाको लागि अन्तःशुल्क अधिकृतसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले पन्ध्र दिनभित्र जाँच गर्नु पर्नेछ। त्यसरी जाँच गर्दा क्राउन कर्कको मौज्दातमा कमी भएको मनासिब माफिकको कारण भएमा आधार स्पष्ट खुलाई खर्च भएको क्राउन कर्कको बढीमा चार प्रतिशतसम्म मिन्हा दिन सक्नेछ।

(३) उपनियम (२) मा उल्लेख भएको सीमाभन्दा बढी मौज्दात कमी भै मिन्हा दिनु पर्ने भएमा अन्तःशुल्क अधिकृतले त्यस्तो मौज्दात कमी हुनाको कारण समेत खोली विभागमा सिफारिश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सिफारिश भई आएको प्रतिवेदनमा मनासिब कारण भएमा विभागले मौज्दात कमी मिन्हा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको विवरण अन्तःशुल्क अधिकृतले [३९]तीस दिनभित्र जाँच गर्नु पर्नेछ। त्यसरी जाँच गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतल बन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशतसम्म र पाश्चरराइजेशन, प्याकेजिङ्ग तथा गोदाममा भण्डारण गर्दा टुटफुट वा बिग्रेको वियरको भौतिक परीक्षण गरी बढीमा दुई प्रतिशतसम्म मौज्दात कमीको मिन्हा दिन सक्नेछ।"

**स्पष्टीकरणः**[४०] ....

परिच्छेद-८

# सखर र खुदो (मोलासिस) सम्बन्धी विशेष व्यवस्था

**२४. सुरक्षित साथ राख्नु पर्ने :-** चिनी तथा खाँडसारी मिलले आँफूले उत्पादन गरेको मोलासिस सञ्चय गर्दा पानी नपस्ने गरी संरक्षणको उचित प्रबन्ध गरी सोको बिक्री कार्यालयको सिफारिशमा गर्नु पर्नेछ। त्यसरी उपयुक्त संरक्षणको व्यवस्था नगरी हानी नोक्सानी भएमा त्यस्ता मोलासिसमा लाग्ने अन्तःशुल्क मिन्हा दिइने छैन।

**२५. उत्पादन र बिक्रीको हिसाब राख्नु पर्ने :-** चिनी वा खाँडसारी मिलले सख्खर वा खुदो (मोलासिस) उत्पादन गरेपछि दैनिक रुपमा भएको त्यस्तो उत्पादनको बिक्रीको हिसाब अनुसूची-१२ बमोजिमको

---

३९ मिति २०७३।०२।१५ को सोहौं संशोधनले संशोधन गरेको यस भन्दा अगाडी पन्ध्र दिन थियो।

४० एघारौं संशोधनले झिकेको। झिकिनु अघि निम्न व्यवस्था थियो :

यस दफाको प्रयोजनको लागि ,-

(क) एल.पी.भन्नाले लण्डन प्रुफमा स्प्रिटको शक्ति सम्झनु पर्छ।

(ख) एल.पी.ग्यालन भन्नाले प्रति ग्यालनमा ५७.०६ प्रतिशत स्वच्छ स्प्रिटको मात्रा भएको सम्झनु पर्छ।

(ग) ओ.पी.भन्नाले लण्डन प्रुफभन्दा बढी शक्तिको रक्सी सम्झनु पर्छ।

(घ) यू.पी.भन्नाले लण्डन प्रुफभन्दा घटी शक्तिको रक्सी सम्झनु पर्छ।

ढाँचामा अद्यावधिक गरी मासिक रुपमा कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

**२५क.[४१]स्प्रिट तथा इथानोललाई अन्य प्रयोगमा ल्याउने :-**

(१) इजाजतपत्रवालाले स्प्रिटलाई अन्य प्रयोगमा ल्याउने उद्देश्यले डिनेचर्ड स्प्रिट बनाउँदा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट स्वीकृति लिई रेक्टिफाइड वा हेड्स स्प्रिटमा पाइरिडिन वा कोचिसिन वा मिथायल अल्कोहल आयतनको हिसाबबाट कम्तिमा ०.०२ प्रतिशत मिश्रण गरी डिनेचर्ड स्प्रिट बनाउनु पर्नेछ। यस्तो मिश्रण गर्दा आवश्यकतानुसार रङ्गीन गर्नुपर्ने गरी विभागले इजाजतपत्रवालालाई निर्देशन दिन सक्नेछ। आन्तरिक राजस्व कार्यालयले रेक्टिफाइड स्प्रिटबाट डिनेचर्ड स्प्रिट बनाउने स्वीकृति दिंदा रेक्टिफाइड स्प्रिटबाट आउने अन्तःशुल्क नघट्ने गरी मात्र स्वीकृति दिनु पर्नेछ।

(२) इजाजतपत्रवालाले पेट्रोलमा समिश्रण गर्ने प्रयोजनको लागि उत्पादन गरेको एनहाइड्रस इथानोल नेपाल आयल निगम वा नेपाल सरकारबाट स्वीकृति प्राप्त निकायलाई मात्र बिक्री गर्नु पर्नेछ। यस्तो वस्तु बिक्रीको लागि प्रतिष्ठानबाट निष्कासन गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्वीकृति लिनु पर्नेछ । आन्तरिक राजस्व कार्यालयले यस्तो स्वीकृति दिंदा त्यस्तो वस्तुमा कम्तीमा दुई प्रतिशत पेट्रोल मिश्रण गर्नु पर्ने गरी निष्कासन गर्न स्वीकृति दिनु पर्नेछ।

(३)[४२]मोलासेस, रेक्टिफाईड स्प्रिट, इ.एन.ए, माल्ट स्प्रिट लगायतका मदिराका कच्चा पदार्थ तथा डिनेचर्ड स्प्रिटको पैठारी, उत्पादन तथा बिक्री वितरणका लागि विभागले प्रकृया तोकि नियन्त्रण गर्न सक्नेछ।

४१ दोस्रो संशोधनले थप गरेको।

४२ नवौं संशोधनले थप गरेको।

परिच्छेद-९

# विविध

**२६. मौज्दात जाँच्न सक्ने :-** इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु सम्बन्धी कच्चा पदार्थ अर्ध तयारी पदार्थ वा वस्तु तथा तयारी पदार्थ वा वस्तुको मौज्दात जाँच गर्नका लागि कार्यालयले कुनै पनि समयमा कर्मचारी खटाउन सक्नेछ। त्यस्तो कर्मचारीलाई मौज्दात जाँच गर्न दिनु इजाजतपत्रवालाको कर्तव्य हुनेछ। त्यसरी जाँच गरिएको विवरणको प्रतिवेदन कार्यालयले विभागमा पेश गर्नु पर्नेछ।

**२७. इजाजतपत्रवालाले दुर्घटनाको सूचना दिनु पर्ने :-** इजाजतपत्रवालाले उत्पादन स्थलमा कुनै किसिमको दुर्घटना भएमा सो कुराको सूचना यथाशीघ्र सम्बन्धित अन्तःशुल्क अधिकृत वा विभागलाई दिनुपर्नेछ। सो बमोजिमको सूचना नदिएमा त्यस्तो दुर्घटनाबाट नेपाल सरकारलाई हुन गएको अन्तःशुल्क सम्बन्धी हानी नोक्सानी इजाजतपत्रवालाले नै व्यहोर्नु पर्नेछ।

[४३]तर इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु वा पदार्थ एक स्थानबाट अर्को स्थानमा ढुवानीगर्दा दुर्घटना भै त्यस्तो वस्तु वा पदार्थ नोक्सानी भएको अवस्थामा सो वस्तुको वीमा गराएको रहेछ र सोको क्षतिपूर्ति प्राप्त भएको रहेछ भने सो क्षतिपूर्ति प्राप्त भएको हदसम्म नेपाल सरकारलाई हुन गएको अन्तःशुल्क सम्बन्धी हानी नोक्सानी इजाजतपत्रवालाले व्यहोर्नु पर्नेछैन।

**२८. प्रतिष्ठान बन्द गर्दा सूचना दिनु पर्ने :-** (१) कुनै प्रतिष्ठान कुनै पनि कारणले बन्द गर्नु परेमा त्यस्को कारण प्रष्ट खुलाई त्यसरी बन्द गर्नुभन्दा तीन दिन अगावै सम्बन्धित अन्तःशुल्क अधिकृत र विभागलाई लिखितरुपमा जानकारी गराउनु पर्नेछ।

---

४३ सातौं संशोधनले थप गरेको।

[४४]तर ईंटा उद्योगको हकमा यो व्यवस्था लागू हुने छैन।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा विभागले आवश्यक सम्झेमा सो प्रतिष्ठान चालु राख्न सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ।

२९. [४५]**मूल्य खुलाउनु पर्ने :–** (१) मदिरा, वियर, चुरोट सूर्ती, खैनी, गुट्खा, निकोटिनयुक्त वा निकोटिनरहित पानमसला तथा यस्तै अन्य सूर्तीजन्य पदार्थहरू उत्पादन गर्ने तथा पैठारी गर्ने इजाजतपत्रवालाले वितरक, थोक तथा खुद्रा बिक्रेतालाई बिक्री गर्ने मूल्य सार्वजनिक गरी आफूले उत्पादन गरेको वस्तुमा अधिकतम खुद्रा मूल्य अंकित गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको इजाजतपत्रवालाले आकार र गुणस्तर परिवर्तन गर्नु परेमा वा नयाँ ब्राण्ड उत्पादन गर्नु परेमा विभागको पूर्व स्वीकृति लिनुपर्ने र नयाँ ब्राण्डको उत्पादन गर्नु अघि बाँकी वक्यौता राजस्व चुक्ता गरेको हुनु पर्नेछ।

२९क. [४६]**सेवा बिक्री गर्दा बीजक जारी गर्नु पर्ने :–** ऐनको दफा ३ को उप दफा (१) बमोजिमको सेवा बिक्री गर्दा अनुसूची १३ बमोजिमको ढाँचाको बीजक जारी गर्नु पर्नेछ।

"२९ख. [४७]**अन्तःशुल्क टिकटको प्रयोग :–** (१) नेपाल भित्र उत्पादन तथा पैठारी हुने विभागले तोकेका अन्तःशुल्कजन्य बस्तुमा विभागले तोकेको ढाँचाका अन्तःशुल्क टिकट प्रयोग गर्नु पर्नेछ।

---

४४ छैठौं संशोधनले थप गरेको।

४५ छैटौं संशोधनद्वारा संशोधित। यसपूर्व निम्न व्यवस्था थियोः

२९. मूल्य खुलाउनु पर्नेः इजाजतपत्रवालाले परिमाणगत दर लागेका अन्तःशुल्क लाग्ने वस्तुको उत्पादनको कारखाना मूल्य स्वीकृत गराउनु पर्नेछैन।

तर इजाजतपत्रवालाले आफ्नो वितरक, थोक तथा खुद्रा बिक्रेतालाई बिक्री गर्ने मूल्य सार्वजनिक गर्नुको साथै अधिकतम खुद्रा मूल्यको समेतआफूले उत्पादन गरेको वस्तुमा अंकित गर्नुपर्नेछ। आकार र गुणस्तर परिवर्तन गर्नु परेमा वा नयाँ ब्राण्ड उत्पादन गर्नु परेमा विभागको पूर्वस्वीकृति लिनुपर्नेछ। यस्ता नयाँ ब्राण्ड उत्पादन गर्नु अघि सबै राजस्व चुक्ता गरेको हुनु पर्नेछ।

४६ पांचौं संशोधनले थप गरेको।

४७ संशोधनले थप गरेको।

(२) उपनियम (१) वमोजिम प्रयोग गर्ने टिकट विभागले तोकेको प्रक्रिया बमोजिम टाँस गर्नु पर्नेछ।"

**३०.**[४८]**अन्तःशुल्क टिकट दस्तुर लाग्ने :-** (१)[४९]नेपाल भित्र उत्पादन तथा पैठारी हुने मदिरा वा सूर्तिजन्य पदार्थ उत्पादन वा पैठारी गरी भण्डारण गर्दाका वखत अन्तःशुल्क टिकट टाँस गर्नु पर्नेछ।

(२)[५०]उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वियर उत्पादन गर्ने प्रतिष्ठानले तयारी वियर अन्तिम रुपमा बोतलबन्दी गर्दा विभाग वा कार्यालयबाट सिलबन्दी गरिएको स्थायीरुपमा जडित विद्युतीय सूचना सम्प्रेषण क्षमता भएको अटो फ्लोमिटर सहितको पाइपबाट मात्र बोतलबन्दी गर्ने गरी विभागले तोक्नेछ। प्रतिष्ठानले वियर निष्कासन गर्दा प्याक भएको प्रत्येक कार्टुनमा विभागद्वारा तोकिएको अन्तःशुल्क टिकट समेत टाँस गर्नुपर्नेछ।

(२क)[५१]सिगारको प्रत्येक बट्टामा र मुखमा राख्ने खैनी वा सूर्तीको प्रत्येक प्याकेट, बट्टा वा पोकामा विभागले तोकेबमोजिम अन्तःशुल्क टिकट लगाउनु पर्ने छ।

---

४८ दोश्रो संशोधनद्वारा संशोधन भएको। यसपूर्व निम्न व्यवस्था थियोः

३०. अन्तःशुल्क टिकर दस्तुर लाग्नेः

नेपाल अधिराज्य भित्र उत्पादन हुने वा पैठारी हुने अन्तःशुल्क लाग्ने वस्तुहरू मध्ये मदिरा र चुरोटको आन्तरिक उत्पादनतर्फ प्रति प्याक (कार्टुन)को दुई रुपैयाँ, मदिरा पैठारीमा प्रति बोतल एक रुपैयाँका दरले अन्तःशुल्क टिकट दस्तुर लाग्नेछ। चुरोटको पैठारीमा प्रति आउटरमा प्रति प्याक (कार्टुन) को एक रुपैयाँको दरले अन्तःशुल्क टिकट दस्तुर लाग्नेछ। उक्त टिकट विभागले तोकेबमोजिम अंकित गरेर मात्र बिक्री गर्नुपर्नेछ।

४९ ...... संशोधनद्वारा संशोधित। यस अघि सातौं संशोधनले निम्न व्यवस्था गरेको थियोःनेपालभित्र उत्पादन हुने वा पैठारी हुने मदिरा र चुरोटको बिक्री तथा पैठारी गर्दा मदिराको प्रत्येक बोतलमा र चुरोटको प्रत्येक बट्टामा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ।

सातौं संशोधन पूर्व निम्न व्यवस्था थियो : नेपाल अधिराज्यभित्र उत्पादन हुने वा पैठारी हुने मदिरा र चुरोटको बिक्री तथा पैठारी गर्दा मदिरा र चुरोटको प्याक(कार्टुन)मा अन्तःशुल्क टिकट लगाउनु पर्नेछ।

५० आठौं संशोधनद्वारा संशोधन भएको। यसपूर्व निम्न व्यवस्था थियोः (२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले मदिरा,वियर, चुरोट वा सूर्तीजन्य पदार्थको प्रत्येक बोतल वा बट्टामा अन्तःशुल्क टिकट लगाउन पर्ने गरी तोक्न सक्नेछ।

५१ बाह्रौं संशोधनबाट थप भएको।

(३)[५२]उपनियम (१), (२) र (२क) बमोजिम लगाइने अन्तःशुल्क टिकट विभागले तोकेको दस्तुर तिरी आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट खरीद गर्नु पर्नेछ। त्यस्तो टिकट विभागले तोकेबमोजिम अंकित गरी अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्नु पर्नेछ।

(४)[५३]करपाटीको दायाँ कुनामा कार्यालयले उपलब्ध गराएका इजाजत चिन्ह (स्टिकर) सबैले देख्ने ठाउँमा टाँसी राख्नु पर्नेछ।

(५)[५४][५५]...............प्रतिष्ठानलाई उपलब्ध गराइएका अन्तःशुल्क टिकट प्रयोग गर्ने सिलसिलामा च्यातिएमा, बिग्रीएमा वा कम भएमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले भौतिक परीक्षण गरी प्रमाणित गरेको आधारमा कार्यालयले त्यस्ता अन्तःशुल्क टिकट प्रतिस्थापन गर्न सक्नेछ। त्यसरी च्यातिएका र बिग्रीएका अन्तःशुल्क टिकटको मुचुल्काको आधारमा विभागले तोकेको प्रक्रिया अनुसार सम्बन्धित कार्यालयले नष्ट गर्नु पर्नेछ।

३१[५६]........................................

५२ तेश्रो संशोधनद्धारा थप गरिएको। यस थपमा "र चुरोटको प्रत्येक बट्टामा " भन्ने शब्द थिए। पछि पाँचौं संशोधनले "प्रत्येक बोतल वा बट्टामा" भनी संशोधन गरेको।

५३ पांचौ संशोधनद्धारा थप गरिएको।

५४ नवौं संशोधनद्धारा थप गरिएको।

५५ ...............औं संशोधनले "चुरोट, सूर्ती, खैनी, गुट्खा, निकोटिनयुक्त वा निकोटिन रहित पानमसला उत्पादन वा पैठारी गर्ने" भन्ने शब्दहरू झिकेको।

५६ नवौं संशोधनद्धारा खारेज गरिएको। खारेज गरिएको व्यवस्था निम्नानुसार थियोः

३१. स्वयं निष्कासन प्रणाली सम्बन्धी व्यवस्था : (१) मदिरा र चुरोट बाहेक अन्य अन्तःशुल्क लाग्ने वस्तुलाई स्वयं प्रणाली अन्तर्गत निष्कासन गर्नदिइनेछ।

(२) उपनियम (१) बमोजिम स्वयं निष्कासन गर्न चाहने इजाजतपत्रवालाले उत्पादन गरेको वस्तुको नाम र परिमाण उल्लेख गरी कार्यालयमानिवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी स्वयं निष्कासन गर्न दिन मिल्ने देखिएमा इजाजत दिनसक्नेछ।

(४) स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन गरिएको वस्तुको नाम र परिमाण उल्लेख गरी इजाजतपत्रवालाले दैनिक विवरण भरी राख्नु पर्नेछ। अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट निरीक्षण हुंदाको अवस्थामा सो विवरण उपलब्ध गराउनु पर्नेछ।

(५) स्वयं निष्कासन गरिएको वस्तुको नाम र विवरण खोली इजाजतपत्रवालाले मासिक रुपमा कार्यालयमा प्रतिवेदन पठाउनु पर्नेछ।

३२. **अन्तःशुल्क [५७]कर्मचारी बस्ने घर :–** कुनै प्रतिष्ठानको लागि नियुक्त भएका अन्तःशुल्क कर्मचारी लाई प्रतिष्ठान परिसरभित्र बस्नको लागि फर्निचरसहितको घर वा कोठाको व्यवस्था प्रतिष्ठानले गर्नु पर्नेछ।

३३. **तयारी वस्तु राख्ने ठाउँ :–** (१) उत्पादन गरिएको वस्तु इजाजतपत्रवालाले त्यस्तो वस्तु उत्पादनस्थल परिसरभित्र गोदाममा राख्नु पर्नेछ। स्वयं निष्कासन प्रणाली अनुरुप निष्कासन हुनेमा बाहेक गोदामको एउटा ताल्चाको साँचो इजाजतपत्रवालाको प्रतिनिधि र अर्को ताल्चाको साँचो अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम राखिएका अन्तःशुल्क लाग्ने वस्तुहरू सुरक्षित साथ राख्ने जिम्मेवारी इजाजतपत्रवालाको हुनेछ। आगो लागि वा चोरी भई वा अरु कुनै कारणले त्यस्तो अन्तःशुल्क लाग्ने वस्तु नोक्सान भएमा उक्त नोक्सानी वापत नेपाल सरकार जवाफदेही हुनेछैन।

(३) अन्तःशुल्क लाग्ने उत्पादनस्थलभित्र रहेका वस्तु अन्तःशुल्क अधिकृतको पूर्ण रेखदेखमा रहनेछ। अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको इजाजतवेगर कुनै पनि अन्तःशुल्क लाग्ने वस्तुसम्बन्धी कच्चा पदार्थ, अर्ध तयारी पदार्थ वा तयारी पदार्थ उत्पादनस्थलबाहिर लैजान हुँदैन। स्वयं निष्कासन प्रणाली अन्तर्गत निष्कासन हुने वस्तुको हकमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले खाता तथा विवरण जाँची प्रमाणित गरे मात्र पुग्नेछ।

३४.[५८]**प्रतिलब्धी दर सम्बन्धी व्यवस्था :–** रेक्टिफाइड स्प्रिट वा इ. एन.

---

५७ छैटौं संशोधनद्वारा संशोधित। यसपूर्व "अधिकृत" भन्ने शब्द थियो।

५८ पाँचौं संशोधनद्वारा संशोधित। यसपूर्वको व्यवस्था निम्नानुसार थियोः

दोश्रो संशोधनको व्यवस्थाः

३४.प्रतिलब्धी दर सम्बन्धी व्यवस्थाः रेक्टिफाइड स्प्रिट वा इ. एन. ए. उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रतिक्वीन्टल खुदोबाट न्यूनतम ६५ ओ.पी. को कम्तीमा २० लिटर

ए. उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुदोबाट न्यूनतम ६५ ओ.पी. शक्तिको कम्तीमा २० लिटर रेक्टिफाइड स्प्रिट वा १९ लिटर इ.एन.ए. उत्पादन गर्नुपर्ने गरी र एनहाइड्रस इथानोल उत्पादन गने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुदो (मोलासेस) बाट न्यूनतम ७२ ओ.पी. शक्तिको कम्तिमा १९ लिटर इथानोल उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धी दर कायम गर्नु पर्नेछ। १०० लिटर रेक्टिफाइड स्प्रिट बाट इ.एन.ए. बनाउँदा न्यूनतम [५९]९५ लिटर प्रतिलब्धी हुनु पर्नेछ। अन्नको दानाबाट प्रति क्वीन्टल ६८.८ ओ.पी. शक्तिको कम्तीमा ३०.५७ लिटर इ.एन.ए. उत्पादन गर्नु पर्नेछ। सो बाहेक अन्य बस्तुबाट उत्पादन हुनेको हकमा बिभागले तोकेबमोजिम हुनेछ। तर सो भन्दा घटी प्रतिलब्धी दर कायम भएमा इजाजतपत्रवालाले त्यसको उचित तथा पर्याप्त कारण विभागमा पेश गरी स्वीकृति लिनु पर्नेछ र विभागबाट स्वीकृति प्राप्त नभएमा फरक परिमाणमा मदिरा तर्फको सो उद्योगले आफ्नो उत्पादनको उच्चतम दरबन्दी अनुसार लाग्ने सम्पूर्ण अन्तःशुल्क कार्यालयले इजाजतपत्रवालाबाट असुलउपर गर्नेछ।

---

रेक्टिफाइड स्प्रिट वा १९ लिटर इ.एन.ए. उत्पादन गर्नुपर्ने गरी रएनहाइड्रस इथानोल उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रति क्वीन्टल खुदो (मोलासेस) बाट न्यूनतम ७२ ओ.पी.शक्तिको कम्तिमा १९ लिटर इथानोल उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धी दर कायम गर्नु पर्नेछ। सो भन्दा घटी प्रतिलब्धी दर कायम भएमाइजाजतपत्रवालाले त्यसको उचित तथा पर्याप्त कारण विभागमा पेश गरी स्वीकृति लिनु पर्नेछ। विभागबाट स्वीकृति प्राप्त नभएमा फरकपरिमाणमा मदिरा तर्फको उच्चतम दरबन्दी अनुसार लाग्ने सम्पूर्ण राजस्व कार्यालयले इजाजतपत्रवालाबाट असुलउपर गर्नेछ।

मूल नियमावलीको व्यवस्थाः

३४. प्रतिलब्धी दर सम्बन्धी व्यवस्थाः रेक्टिफाइड स्प्रिट वा इ. एन. ए. उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको चुलाईमा प्रतिक्वीन्टल खुदोबाट न्यूनतम ६५ ओ.पी. को कम्तीमा २० लिटर रेक्टिफाइड स्प्रिट वा १९ लिटर इ.एन.ए. उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धीदर कायम गर्नुपर्नेछ। सो भन्दा घटी प्रतिलब्धी दर कायम भएमा इजाजतपत्रवालाले त्यसको उचित तथा पर्याप्त कारण विभागमा पेशगरी स्वीकृति लिनु पर्नेछ। विभागबाट स्वीकृति प्राप्त नभएमा फरक परिमाणमा मदिरा तर्फको उच्चतम दरबन्दी अनुसार लाग्ने सम्पूर्णराजस्व कार्यालयले इजाजतपत्रवालाबाट असुलउपर गर्नेछ।

५९ छैटौं संशोधनद्वारा संशोधन भएको। पाँचौं संशोधनमा “९८ लिटर” थियो।

३४क.[६०] ..................................

**३५. अनुसूचीमा हेरफेर तथा संशोधन :-** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा संशोधन गर्न सक्नेछ।

**३६. खारेजी र बचाउ :-** (१) अन्तःशुल्क नियमहरू, २०१९ खारेज गरिएको छ।

(२) अन्तःशुल्क नियमहरू, २०१९ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारवाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछन्।

---

६० नवौं संशोधनद्वारा थप भएको यो नियम मिति ..................को ................औं संशोधनले खारेज गरेको। खारेजी पूर्वको व्यवस्था निम्नानुसारको थियो : मदिरा बिक्री वितरण सम्बन्धी व्यवस्था :- (१) नेपालभित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र र विभागले तोकेका प्रमुख राजमार्ग क्षेत्रमा (होटेल, रेष्टुरेन्ट बाहेक) मदिराको कारोवार गर्नेले मदिरा र सूर्तिजन्य बस्तुको मात्र कारोवार गर्न पाइनेछ।

तर डिपार्टमेण्टल स्टोरले मदिराको अलग्गै बिक्री कक्ष राखी अरु सामानको पनि कारोवार गर्न पाउने छन्।

(२) यो नियम प्रारम्भ हुँदाका वखत मदिरा तथा सूर्तिजन्य बस्तुको कारोवार गर्न इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले यो नियम प्रारम्भ भएको मितिले दुई महिनाभित्र उपनियम (१) बमोजिमको व्यवस्था गर्नु पर्नेछ। सो अनुसार गर्न नसक्ने व्यक्तिले दुई महिनाभित्र आफूसँग भएको मदिरा बिक्री वितरण गरी वा आपूर्तिकर्ता वा उत्पादकलाई फिर्ता गरी मौज्दात शून्य गर्नु पर्नेछ। उत्पादक वा आपूर्तिकर्ताले पनि त्यस्तो मौज्दात फिर्ता लिनु पर्नेछ।

# अनुसूची–१
## (नियम ३ र ५ सँग सम्वन्धित)

श्रीमान प्रमुखज्यू,

आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालय/को.ले.नि.का.,

............. ।

म/हामीले देहायमा उल्लेखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र इजाजतपत्र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेको छौं । उल्लिखित विवरण र तथ्य मैले जानेबुझेसम्म ठीक छन् ।

(१) **अन्तःशुल्क इजाजतपत्रको प्रकार :–** (आफूले लिनुपर्ने इजाजतपत्रको प्रकारमा ✔ (ठीक) लगाउनु होस)

| इजाजतपत्र प्रकार | उत्पादन | पैठारी | बिक्री | संचय | सेवा | ईटा | अन्य |
|---|---|---|---|---|---|---|---|
| नयाँ | | | | | | | |
| नवीकरण | | | | | | | |
| कारोवारको नाम | | | | | | | |

(२) **व्यक्ति/प्रतिष्ठानको नाम :–**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | | | |
| अंग्रेजी | | | | | | |
| व्यक्ति भए निजकोः | पति/पत्नीको नामः | | बाबुको नामः | | बाजे/ससुराको नामः | |

## (३) दर्ता विवरण :–

| स्थायी लेखा नम्वर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

कार्यालयको नाम :

ब्यवसाय दर्ता मिति  कार्यालय र स्थान दर्ता नं.

| | | |
|---|---|---|
| | | |

कारोवार शुरु भएको मिति  नवीकरण हुनुपर्ने आ

२०  /  /

२०  /  /

## (४) मुख्य कार्यालयको ठेगाना :–

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म.☐ उ.म.न.पा.☐ न.पा.<br>☐ गा.वि.स. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | | इमेल |

## (५) कारोवारको मुख्य स्थान :–

| (यदि मुख्य कार्यालय भन्दा फरक भएमा मात्र) | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म.☐ उ.म.न.पा.☐ न.पा.<br>☐ गा.वि.स. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | इमेल | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| चार किल्ला | पूर्व | | पश्चिम | | उत्तर | | दक्षिण | |

(६) इजाजत दस्तुर/नवीकरण दस्तुर सम्बन्धी विवरणः–

| **क्र.सं.** | **कारोवारको नाम/ इजाजतपत्र प्रकार** | **दाखिला** | **जरिवाना** | **बैंक/ कार्यालय** | **भौ.नं./ र.नं.** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

○ कार्यालयमा दाखिला गरेको भए सोको प.सं.................
मिति २० / /

○ कुनै राजस्व बाँकी छ/छैन। छ भने ? आयकर

मू.अ.कर :

अन्तःशुल्क :

अन्य :

**(७) प्रवन्ध निर्देशक/प्रमुख संचालक/कार्यकारी निर्देशक :–**

| (क) नाम | पहिलो | बीचको | थर |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |

(ख) नियुक्ति मिति | | | | (ग) राष्ट्रियता | |

(घ) परिचय गराउने अन्य कागजात

| कागजातको प्रकार | परिचयपत्र नं. | जारी गर्ने कार्यालय र स्थान | जारी मिति |
|---|---|---|---|
| | | | |

(ङ) ठेगाना :–

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म. ☐ उ.म.न.पा. ☐ न.पा.<br>☐ गा.वि.स. | | |

| | | |
|---|---|---|
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | | इमेल |

निवेदकको दस्तखत :

निवेदकको नाम :

पद :

संस्थाको छाप :

---

## (८) कार्यालय प्रयोजनको लागि :

<table>
<tr><td>...........इजाजतपत्र</td><td colspan="2">आ.व...............का लागि स्वीकृत भएको।</td></tr>
<tr><td>.........इजाजतपत्र</td><td colspan="2">आ.व.......का लागि नवीकरण भएको छ।</td></tr>
<tr><td colspan="3">...............................इजाजतपत्रका लागि भौ.नं.............र.नं.......... ..... बाट रु............दस्तुर र रु...................... थप दस्तुर (जरिवाना) दाखिला भएको छ।</td></tr>
<tr><td>पेश गर्ने :</td><td>सिफारिस गर्ने :</td><td>सदर गर्ने :</td></tr>
<tr><td>मिति</td><td colspan="2"></td></tr>
</table>

[६१]**नोट :** केही अनुसूचीहरू परिमार्जन र थप भएको।

---

६१ यस अनुसूची लगायत अनुसूची ४क, ४ख, ४ग , ४घ र ९ नवौं संशोधनद्वारा परिमार्जित भएको। यस पूर्वको अनुसूची १ निम्नानुसार थियोः

अनुसूची - १
(नियम ३ सँग सम्बन्धित)

# अनुसूची–२
## (नियम ३ र ५ संग सम्बन्धित)

**पन्ध्रौं संशोधनद्वारा संशोधित (आ.व. २०७३।०७४ का लागि )**

**इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर**

इजाजतपत्र दस्तुर तथा नवीकरण दस्तुर देहाय बमोजिम हुनेछ :–

**१. मदिरा र इथानोल उत्पादन तर्फ :–**

(क) स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि रु. १,६०,०००।–

(ख) वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि रु. १,६०,०००।–

(ग) ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि रु. १,६०,०००।–

---

इजाजतपत्रको लागि निवेदनको ढाँचा

श्री ..................................

................................

विषयः– उत्पादन/पैठारी/बिक्री/संचय/सेवाको लागि इजाजतपत्र पाउँ।

महोदय,

...................... उत्पादन/पैठारी/बिक्री/सञ्चय गर्न/ .......... सेवा प्रदान गर्नको लागि देहायका कागजात तथा विवरण र इजाजतपत्र दस्तुर बापत लाग्ने रु......................।– समेत संलग्न राखी इजाजतजपत्र पाउनको लागि अन्तःशुल्क ऐन, २०५८, अन्तःशुल्क नियमावली, २०५९ तथा इजाजतपत्रमा तोकिएका शर्त बन्देजका अधीनमा रही कारोवार सञ्चालन गर्न मञ्जुर गरेको व्यहोरा अनुरोध गर्दछु।

१. व्यक्ति वा प्रतिष्ठानको नाम र ठेगाना :–
२. व्यक्ति वा प्रतिष्ठानको स्थायी लेखा नम्बरः–
३. प्रतिष्ठानको चार किल्ला :–
४. स्वामी, हिस्सेदार र प्रबन्ध निर्देशकको पुरा नाम र ठेगाना :–
५. कारोवारको नाम :–
६. पूँजी :–
७. काम शुरु गर्ने मिति :–
८. उत्पादन क्षमता :–
९. अन्य :–

निवेदक

(घ) वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि रु.८०,०००।-

(ङ) अन्य मदिरा उत्पादनका लागि रु. १,६०,०००।-

(च) चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि रु. २,००,०००।-

**२. मदिरा विक्री वितरण तर्फ :-**

(क) होटल, रेष्टुरेण्ट तथा लजहरूको लागि

(१) पाँचतारे होटल रु.५०,०००।-

(२) चारतारे होटल रु.४०,०००।-

(३) तीनतारे होटल रु.३०,०००।-

(४) दुईतारे होटल रु.२०,०००।-

(५) एकतारे होटल रु.१०,०००।-

(६) स्वदेशी तथा विदेशी मदिरा बोतल खोली विक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट रु. ७,०००।-

(७) स्वदेशी मदिरा वोतल खोली विक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज रु. ३,-

(ख) मदिरा विक्रेताको लागि :

(१) मदिरा वितरक रु. ३०,०००।-

(२) थोक विक्रेता रु. २०,०००।-

(३) स्वदेशी तथा विदेशी मदिरा विक्री गर्ने खुद्रा विक्रेता रु. १०,०००।-

| | | |
|---|---|---|
| (४) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरामात्र विक्री गर्ने खुद्रा विक्रेता | रु ७,०००।- |
| (५) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका वाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरामात्र विक्री गर्ने खुद्रा विक्रेता | रु. ३,०००।- |
| (६) | डिपार्टमेण्टल स्टोर | रु. २०,०००।- |
| (ग) | <u>मदिरा निकासी तथा पैठारी कर्ताको लागि</u> : | |
| (१) | विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु. ४०,०००।- |
| (२) | मदिरा निकासीकर्ता | रु. ५,०००।- |

**३. चुरोट, सिगार, सूर्ती,खैनी, पानमसला र अन्य वस्तुहरु पैठारी, निकासी तथा खरीद विक्री र उत्पादन तर्फ :**

| | | |
|---|---|---|
| (क) | विदेशी चुरोट र सिगार | रु. ४०,०००।- |
| (ख) | सूर्ती तथा सूर्तीजन्य वस्तु (विदेशी खैनी, जर्दा, नशा तथा पानमसला आदि) पैठारी गर्नेको लागि | रु. ४०,०००।- |
| (ग) | पानमसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती, तथा सुर्तीजन्य वस्तु थोक बिक्रि | रु. ६,०००।- |
| (घ) | पानमसला, खैनी, जर्दा, नश, सूर्ती तथा सूर्तीजन्य वस्तु (चुरोट बाहेक) उत्पादन गर्नेको लागि | रु.१,००,०००।- |
| (ङ) | चुरोट, खैनी, जर्दा,नश, सूर्ती तथा पानमसला खुद्रा खरीद बिक्रि गर्नेको लागि | रु.१,५००।- |
| (च) | विदेशी खुदो र गुँड पैठारी गर्नेको लागि | रु.१५,०००।- |

(छ) खुदो, गुँड र स्प्रिट खरीद बिक्री (निकासी समेत)
गर्नेको लागि रु.५,०००।-

(ज) नेपाल बाहिर चुरोट र अन्य सूर्तीजन्य वस्तुहरू
निकासीकर्ता रु. ५,०००।-

(झ) माथि खण्ड (क) देखि (झ) सम्म उल्लेख
नभएका तर स्वदेशमा उत्पादन गर्दा
अन्तःशुल्क लाग्ने वस्तुहरू पैठारी गर्नेको लागि रु. १०,०००।-

(ञ) पावर क्रसर प्रयोग गरी उत्पादन हुने
सख्खर (गुण), कालो सख्खर, रसकट
उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागि

(१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको
लागि (दश हर्स पावरसम्मको) रु.२०,०००।-

(२) होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको
लागि (दश हर्स पावर भन्दा बढीको) रु.४०,०००।-

४. माथि दफा १, २ र ३ मा उल्लेखभए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पूंजीको आधारमा प्रत्येक १ लाख रुपैयाँ स्थिर पूंजी भएको प्रतिष्ठानलाई पचास रुपैयाँका दरले उत्पादन ईजाजतपत्र दस्तुर लाग्नेछ। यस्तो ईजाजतपत्र दस्तुर न्युनतम सात हजार रुपैयाँभन्दा कम र अधिकतम चालिस हजार रुपैयाँभन्दा बढी हुने छैन ।

**द्रष्टव्य :**

(१) यस अनुसूची बमोजिमको यस्तो दस्तुर दुर्गम क्षेत्रका फलफुलमा आधारित वाइन एवम् मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम लाग्नेछ।

# अनुसूची–२
## (नियम ३ र ५ संग सम्बन्धित)

**पन्ध्रौं संशोधनद्वारा संशोधित (आ.व. २०७२।०७३ का लागि )**

**इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर**

इजाजतपत्र दस्तुर तथा नवीकरण दस्तुर देहाय बमोजिम हुनेछ :-

**१. मदिरा र इथानोल उत्पादन तर्फ :-**

| | | |
|---|---|---|
| (क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,६०,०००।- |
| (ख) | वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,६०,०००।- |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,६०,०००।- |
| (घ) | वाईन⁄ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु.८०,०००।- |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि | रु. १,६०,०००।- |
| (च) | चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. २,००,०००।- |

**२. मदिरा विक्री वितरण तर्फ :-**

(क) हिोटल, रेष्टुरेण्ट तथा लजहरूको लागि

| | | |
|---|---|---|
| (१) | पाँचतारे होटल | रु.५०,०००।- |
| (२) | चारतारे होटल | रु.४०,०००।- |
| (३) | तीनतारे होटल | रु.३०,०००।- |
| (४) | दुईतारे होटल | रु.२०,०००।- |
| (५) | एकतारे होटल | रु.१०,०००।- |

| | | |
|---|---|---|
| (६) | स्वदेशी तथा विदेशी मदिरा बोतल खोली विक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट | रु. ७,०००।- |
| (७) | स्वदेशी मदिरा वोतल खोली विक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु. ३,- |
| (ख) | मदिरा विक्रेताको लागि : | |
| (१) | मदिरा वितरक | रु. ३०,०००।- |
| (२) | थोक विक्रेता | रु. २०,०००।- |
| (३) | स्वदेशी तथा विदेशी मदिरा विक्री गर्ने खुद्रा विक्रेता | रु. १०,०००।- |
| (४) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरामात्र विक्री गर्ने खुद्रा विक्रेता | रु ७,०००।- |
| (५) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका वाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरामात्र विक्री गर्ने खुद्रा विक्रेता | रु. ३,०००।- |
| (६) | डिपार्टमेण्टल स्टोर | रु. २०,०००।- |
| (ग) | मदिरा निकासी तथा पैठारी कर्ताको लागि : | |
| (१) | विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु. ४०,०००।- |
| (२) | मदिरा निकासीकर्ता | रु. ५,०००।- |

**३. चुरोट, सिगार, सूर्ती,खैनी, पानमसला र अन्य वस्तुहरु पैठारी, निकासी तथा खरीद विक्री र उत्पादन तर्फ :**

| | | |
|---|---|---|
| (क) | विदेशी चुरोट र सिगार | रु. ४०,०००।- |

(ख) सूर्ती तथा सूर्तीजन्य वस्तु (विदेशी खैनी,जर्दा, नश तथा पानमसला आदि) पैठारी गर्नेको लागि रु. ४०,०००।-

(ग) पानमसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती, तथा सुर्तीजन्य वस्तु थोक बिक्रि रु.६,०००।-

तपाईले पेश गर्नुभएको जवाफ तथा प्रमाण कागजातहरूसमेतको मुल्यांकन गर्दा निम्नानुसारको अन्तःशुल्क रकम रु. .............. ... ..... (अक्षेरेपी..... ............. ............................. ...........) मात्र तिर्नु पर्ने देखिन आएको छ। उक्त रकम यो आदेश जारी भएको मितिले सात दिनभित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी ................. स्थित ............................................... बैंकमा नगद दाखिला गर्नु होला। यो आदेश जारी भएको मितिले सात दिनभित्र अन्तःशुल्क नबुझाएमा विलम्व दस्तुर र जरीवाना लाग्ने

व्यहोरा सुचित गरिन्छ। यो आदेशमा चित्त नवुझे ऐन वमोजिम पुनरावलोकन दिन सकिने कुरा जानकारी गराइन्छ।

**<u>अन्तःशुल्क निर्धारण गर्नु पर्ने कारणहरू</u>**

१. म्याद भित्र अन्तःशूल्क विवरण दाखिला नगरेकोले

२. अधूरो वा त्रुटिपूर्ण अन्तःशुल्क विवरण पेश गरेकोले

३. झुट्टा अन्तःशुल्क विवरण पेश गरेकोले

४. अन्य :

५. मिति .....................सम्मको विलम्व दस्तुर र जरिवाना गणना गरिएको छ।

...............................

**अन्तःशुल्क अधिकृत**

**<u>अन्तःशुल्क निर्धारण भएको अवधि</u>**

| क्र.सं. | मासिक | महिना | वर्ष | थप अन्तःशुल्क निर्धारण भएको रकम | विलम्व | जरिवाना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | | | जम्मा | | | | |

---

**कार्यालय प्रयोजनको लागि मात्र**

कम्प्यूटर प्रविष्टि

मिति : __/__/__

..................................................

**अन्तःशुल्क अधिकृतको दस्तखत**

अनुसूची - ४ग

**(नियम १३क. को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)**

# खरीद खाता

स्थायी लेखा नम्वर | | | | | | | | | |

अन्तःशुल्क इजाजत पत्र नं.

खरीद भएको अवधि : महिना ............. साल ..................

| **वीजक** | | | | **जम्मा खरीद मूल्य** | **अन्तःशुल्क नलाग्ने** | **अन्तःशुल्क योग्य खरीद** | | **अन्तःशुल्क योग्य पैठारी** | |
|---|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **वीजक नम्बर** | **आपूति कर्ताको नाम** | **आपूर्ति कर्ताको नम्बर** | | **खरीद मूल्य** | **मूल्य** | **अन्तः शुल्क (रु.)** | **मूल्य** | **अन्तः शुल्क (रु.)** |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| **कूल जम्मा** | | | | | | | | | |

**नोट** : यदि इजाजतपत्रवाला मू.अ.करमा समेत दर्ता भएमा यस खातालाई मू.अ.कर खरीद खातासँग समायोजन गरी तयार गर्न सकिनेछ।

अनुसूची - ४घ

**(नियम १३क. को उपनियम (१) खण्ड (ग) सँग सम्बन्धित)**

# विक्री खाता

| करदाता दर्ता नम्बर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|

अन्तःशुल्क इजाजत पत्र नं.

विक्री भएको अवधि : महिना .................. साल ....................

| वीजक | | | | जम्मा विक्री | | निकासी | अन्तःशुल्क योग्य विक्री | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | वीजक नम्बर | खरीदकर्ताको नाम | खरीद कर्ताको दर्ता नं. | परिमाण | मूल्य | | मूल्य | अन्तः शुल्क |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| कूल जम्मा | | | | | | | | |

**नोट** : यदि इजाजतपत्रवाला मू.अ.करमा समेत दर्ता भएमा यस खातालाई मू.अ.कर विक्री खातासँग समायोजन गरी तयार गर्न सकिनेछ।

अनुसूची - ४ङ

**(नियम १३ग सँग सम्बन्धित)**

# नेपाल सरकार
# अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग

**अन्तःशुल्क विवरण फाराम**

मिति :      /      /

| वर्ष ...................... महिना ............ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

जुन हिनाको हो त्यसमा (√) चिन्ह लगाउनुहोस्।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्वर | | | | | | | | | |
| अन्तःशुल्क इजाजत | | | | | | | | | |

नाम ____________________

ठेगाना ____________________

यदि यस अवधिमा कारोवार नगरेको भए तलको महलमा शुन्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस्। रु.१ भन्दा घटि भएमा पैसालाई रु.१ मा मिलान गरि विवरण भर्नुहोला।

| | **कारोवार मूल्य** | **खरीदमा तिरेको अन्तःशुल्क क्रेडिट** | **विक्रीमा संकलन गरेको शुल्क डेबिट** |
|---|---|---|---|
| १. विक्री | | | |
| १.१. अन्तःशुल्क योग्य विक्री | | | |
| १.२ निकासी | | | |
| २. खरीद /पैठारी | | | |

| | | | |
|---|---|---|---|
| २.१. अन्तःशुल्क योग्य खरीद | | | |
| २.२. अन्तःशुल्क योग्य पैठारी | | | |
| २.३. छुट खरीद | | | |
| २.४. छुट पैठारी | | | |
| ३. अन्य | | | |
| ३.१. अन्य थपघट | | | |
| ४. जम्मा | | | |

५. डेबिट-क्रेडिट (+) वा (–):............................

६. गत महिनाको मिलन गर्न बाँकी क्रेडिट ...............................

७. कुल तिर्नु पर्ने अन्तः शुल्क रु.(५-६) (+) वा (–):........................

म, ______________________(पुरा नाम) यस अन्तःशुल्क विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पुरा भएको व्यहोरा प्रमाणित गर्दछु।

मिति :______________________

हस्ताक्षर : ______________________ पद : ______________________

---

**कार्यालय प्रयोजनको लागि मात्र**

कम्प्यूटर दर्ता

मिति ........./....../......

..............................

**अन्तःशुल्क अधिकृत**

**नोट :** परिमाणको आधारमा अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले शुरु मौज्दात उत्पादन, विक्री तथा अन्तिम मौज्दातको परिमाणात्मक विवरण समेत यस विवरण साथ संलग्न गर्नु पर्नेछ।

अनुसूची- ७

**(नियम १४ को खण्ड (ङ) सँग सम्बन्धित)**

# दैनिक प्याकिङ्ग रुमको विवरण

इजाजतपत्रवालाको नाम र ठेगाना :.........................................

इजाजतपत्र नं. ........................................स्थायी लेखा नम्बरः............................

| मिति | अघिल्लो बांकी बट्टा र पैकेज | आज प्राप्त हुन आएको | जम्मा | गोदाम घरमा गएको पैकेज क्रम संख्या र परिमाण | | बाँकी | अन्तःशुल्क अधिकृतको सही | इजाजतपत्रवालाको वा प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पैकेज सिरियल नम्बर | परिमाण | | | | |
| | | | | | | | | | |

अनुसूची- ८

## (नियम १४ को खण्ड (ङ) सँग सम्बन्धित)

# गोदाममा रहेको चुरोटको दैनिक विवरण

पृष्टाङ्क :-

इजाजतपत्रवालाको नाम र ठेगाना :-................

इजाजतपत्र नं. ...............स्थायी लेखा नम्बरः.............................

| मिति | मालको विवरण | अघिल्लो बांकी मौज्दात | प्याकिङ्ग रुपबाट गोदाम घरमा आएको | | जम्मा | निकासी भएको पैकेजको चिन्ह र संख्या | बांकी | अन्तःशुल्क दर | | अन्तःशुल्क अधिकृतको सहीछाप | इजाजतपत्रवाला वा प्रवन्धकको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पैकिंग रुम संख्या | चुरोटको संख्या | | | | दर | जम्मा | | | |
| | | | | | | | | | | | | |

## अनुसूची ९

**(नियम १४ को खण्ड (च) र नियम १५ को उपनियम (२) सँग सम्बन्धित)**

# चुरोट तथा विडीको निष्काशन माग फाराम

इजाजतपत्रवालाको नाम र ठेगाना :–

इजाजतपत्र नं.............आ.व.......................स्थायी लेखा ......................

| क्र.सं. | गोदाम घरको नं. र मिति | चुरोट विंडीको नाम र प्याकिङ्ग क्रम संख्या | परिमाण (बट्टा, ग्रस वा पोका) | मूल्य | अन्तःशुल्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | दर रु. | अन्तःशुल्क रु. | |
| | | | | | | | |

१. जम्मा प्याकेजको संख्या :–

२. सामानको परिमाण :–

३. अन्तःशुल्क दरः–

४. चुरोटको हकमा मात्र :– आवश्यक अन्तःशुल्क टिकट संख्या :–

---

## कार्यालय प्रयोजनको लागि

१. निष्काशन माग गरेको परिमाणको जम्मा हुने अन्तःशुल्क रकम रु...................... ..... भौ.नं./र.नं. ........... मिति ............ मा दाखिला छ र अन्तःशुल्क टिकट थान ................को प्रति थान रु. ....................ले ................. दाखिला छ।

अन्तःशुल्क निरीक्षक/फाँटवालाको

सहीः ................................................. मिति : .......................................

२. उपरोक्त अनुसार दाखिला भएको तथा सिफारिसका आधारमा चुरोट/विडी निष्कासन स्वीकृति दिइएको छ।

**अन्तःशुल्क अधिकृतको**

सहीः ................................................ मिति : ..................................

# [६२]अनुसूची- ९क

## (नियम १८ सँग सम्बन्धित)

# ब्याच नियन्त्रण खाता

इजाजतपत्रवालाको नाम र ठेगाना ..............................................................

मौसम...............................महिना.........................................................

इजाजतपत्र नं. ..................................स्थायी लेखा नम्बर ................................

| सि.नं. | ब्राण्डको नाम (नाम, शक्ति र परिमाण) | उत्पादन मिति | ब्याच नं. | सिलसिलेवार नं. | | जम्मा बोतल थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा** | | | | | | |

**नोटः**

१. प्रत्येक ब्राण्डको नाम, यू.पी. शक्ति र एम एल खुल्ने गरी क्रमशः उल्लेख गर्नुपर्ने।

२. यो खाता प्रत्येक दिनको स्पष्ट देखिने गरी राख्नुपर्ने।

---

६२ सातौं संशोधनद्वारा थप गरिएको।

अनुसूची- १०

(नियम २२ को उपनियम (१) सँग सम्बन्धित)

# डिष्टिलरी/ब्रुअरीवालाले दिनुपर्ने रक्सी/वीयर/वाइनको फांटवारी

मासिक
त्रैमासिक
अर्धवार्षिक
वार्षिक

मिति .......................................... देखि ........................................... जम्मा

इजाजतपत्रवालाको नाम र ठेगाना :..............................................

इजाजतपत्र नं. .............................. साल .................................... महिना .....................................

शाखा ............................................................................... स्थायी लेखा नम्बरः..................................................

| रक्सी[२]/वीयर/वाइनको अघिल्लो बांकी स्टक | | | | तैयार भएको रक्सी | | | | जम्मा एल.पि.ग्यालन कलम ४+८ | बोतलहरुमा भर्न गएको रक्सी/वीयर/वाइनको परिमाण | | | | स्टकमा वांकी रहेको रक्सी/वीयर/वाइनको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रक्सी/वीयर/ वाइनको नाम | थ्रोक ग्यालन | शक्ति | एल.पि. ग्यालन | रक्सी/ वीयर/ वाइनको नाम | थ्रोक ग्यालन | शक्ति | एल.पि. ग्यालन | | रक्सी/ वीयर/ वाइनको नाम | थ्रोक ग्यालन | शक्ति | एल.पि. ग्यालन | रक्सी/वीयर/ वाइनको नाम | थ्रोक ग्यालन | शक्ति | एल.पि. ग्यालन | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| | | | | | | | | | | | | | | | | | |

अनुसूची- ११

## (नियम २२ को उपनियम (१) सँग सम्बन्धित)

# डिष्टिलरी/ब्रुअरीवालाले दिनुपर्ने रक्सी/वीयर/वाइन बोलतहरुको विक्री र त्यसबाट आउने अन्त:शुल्कको फांटवारी

इजाजतपत्रवालाको नाम र ठेगाना :..................

इजाजतपत्र नं. ....................... साल .......................................

महिना .............................. शाखा ....................................................................

स्थायी लेखा नम्बरः.............................

**मासिक**
**त्रैमासिक**
**अर्धवार्षिक**
**वार्षिक**

| वियर/रक्सीको बोतलको शुरु स्टक | | | | तैयार गरिएको बोतलहरु | | | | जम्मा बोतल | | | विक्री भएको बोतल | | | | | अन्तः शुल्क | स्टकमा बांकी बोतलहरु | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्सी/वियर/वाइन मार्का | बोतलको संख्या | परिमाण | शक्ति | रक्सी/वियर/वाइन मार्का | बोतलको संख्या | परिमाण | शक्ति | रक्सी/वियर/वाइन मार्का | बोतलको संख्या | परिमाण | शक्ति | रक्सी/वियर/वाइन मार्का | बोतलको सं. | परिमाण | शक्ति | दर | जम्मा | रक्सी/वियर/वाइन मार्का | बोतलको सं. | परिमाण | शक्ति | |
| | | | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची- १२

## (नियम २५ सँग सम्बन्धित)

# सख्खर खुँदोको दैनिक हिसाब

इजाजतपत्रवालाको नाम र ठेगाना ..............................................................

मौसम ......................... महिना ......................

इजाजतपत्र नं......................... स्थायी लेखा नम्बरः............................

| मिति | अघिल्लो बांकी स्टक | | प्राप्त भएको | | | | जम्मा हिसाब | | | | | पगलेको | | बांकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कारखाना बाट खरीद भएको | | बाहिरबाट खरीद भएको | | जम्मा | | | | | पगलेको गुड | जम्मा | | | |
| | बोरा वा चक्की | वजन | बोरा वा चक्की | वजन | बोरा वा चक्की | वजन | बोरा वा चक्की | वजन | सेर | बोरा | वजन | बोरा वजन | | बोरा वा चक्की | वजन | |
| | | | | | | | | | | | | | | | | |

[६३]अनुसूची १३

**(नियम ६ को उपनियम (४) र (५) तथा नियम २९क. सँग सम्वन्धित)**

# कर वीजकको ढाँचा

वीजक नं. : कारोवार मिति :

विक्रेताको नाम : वीजक जारी भएको मिति :

ठेगाना : इमेल :

फोन नं.: वेभसाइट :

फ्याक्स नं. :

| विक्रेताको दर्ता नं.: | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|

क्रेताको नाम :

ठेगाना :

भुक्तानीको तरिका : नगद/चेक/ड्राफ्ट/अन्य

| सि.नं. | विवरण | परिमाण | प्रति एकाई मूल्य (रु.) | जम्मा मूल्य (रु.) |
|---|---|---|---|---|
| जम्मा | | | | |
| अन्तःशुल्क प्रतिशत......../परिमाण.........का दरले रु. | | | | |
| कूल रकम | | | | |
| छुट | | | | |
| खुद रकम | | | | |
| ..........% ले मू.अ.कर | | | | |
| कूल जम्मा | | | | |

**विक्रेताको सहीः ..........................................**

---

६३ पाँचौ संशोधनद्वारा थप भएको र नवौं संशोधनद्वारा परिमार्जित।

# मदिरा ऐन, २०३१

# मदिरा ऐन, २०३१

लालमोहर र प्रकाशन मिति : २०३१।०६।२०
पहिलो संशोधन : २०५७।१०।०४
आर्थिक ऐन : २०६५।०६।०३
आर्थिक ऐन : २०७२।०३।२९
२०३१ सालको ऐन नं. १०
मदिराको नियन्त्रण गर्न बनेको ऐन

**प्रस्तावना :** सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नका लागि मदिराको उत्पादन, बिक्री वितरण र निकासी पैठारी समेतमा नियन्त्रण गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :–** (१) यस ऐनको नाम "मदिरा ऐन, २०३१" रहेको छ।

(२) यो ऐन नेपालभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :–** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

[१](क) **"मदिरा"** भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जीन, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन,

१ पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनको व्यवस्था निम्नानुसार थियोः (क) "मदिरा" भन्नाले फलफूल, अन्न वा कुनै पदार्थ कुहाई वा अन्य कुनै तरिकाले तयार गरिने सबै किसिमको रक्सी सम्झनुपर्छ र सो शब्दले जाँड, वियर, ताडी, रक्सी तयार गर्ने महुवा र रेक्टिफाइड स्प्रिटलाई समेत जनाउँछ।

औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्टस्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

[२](ख) **"उत्पादन"** भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्न वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ।

[३](ग) **"इजाजतपत्र"** भन्नाले दफा ६क बमोजिम मदिरा उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न दिइएको इजाजतपत्र सम्झनु पर्छ।

[४](ग१) **"अन्तःशुल्क अधिकृत"** भन्नाले अन्तःशुल्क सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको अधिकृत सम्झनु पर्छ।

[५](ग२) **"उत्पादक"** भन्नाले मदिरा उत्पादन गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

[६](ग३) **"व्यक्ति"** भन्नाले कुनै व्यक्ति, प्रतिष्ठान, संघ, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोषको संचालक, प्रोप्राइटर वा मुख्य भै काम गर्ने प्रतिनिधि वा एजेण्ट सम्झनु पर्छ र सो शब्दले नाफाको उद्देश्य लिई वा नलिई मदिराको उत्पादन वा पैठारी गरी थोक वा खुद्रा वा जुनसुकै रुपमा बिक्री वितरण गर्ने निकाय वा त्यस्तो निकायको शाखा, उपशाखा वा त्यस्तै अन्य कारोवार गर्ने स्थान समेतलाई जनाउनेछ।

---

२ पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनको व्यवस्था निम्नानुसार थियोः(ख) "उत्पादन" भन्नाले रक्सी तयार गर्नका लागि फलफूल ,अन्न वा अन्य कुनै पदार्थलाई कुहाउने, पकाउने वा त्यसमा रक्सीको बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने सबै वा कुनै विधि वा कार्यलाई सम्झनुपर्छ।

३ पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनको व्यवस्था निम्नानुसार थियोः(ग) "अनुमतिपत्र" भन्नाले ठेक्काको सम्बन्धमा दिइने पट्टा, कबुलियतलाई समेत जनाउँछ।

४ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको। आर्थिक अध्यादेश २०७१ समेतले निरन्तरता दिएको।

५ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

६ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

[७](ग४) **"पैठारी"** भन्नाले प्रचलित कानून बमोजिम विदेशबाट नेपालभित्र मदिरा ल्याउने कार्य सम्झनु पर्छ।

[८](ग५) **"विभाग"** भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(घ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. **मदिराको उत्पादनमा नियन्त्रण :–** कुनै व्यक्तिले इजाजतपत्र वेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन।

४. **मदिराको बिक्री वितरणमा नियन्त्रण :–** कुनै व्यक्तिले इजाजतपत्र वेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार, रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन।

[९]**४क. मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज :–** (१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुदैन।

(२) कसैले पनि अठार वर्षको उमेर पुरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्नु हुदैन।

(३) अठार वर्षको उमेर पुरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्नु हुदैन।

५. **मदिराको निकासी पैठारीमा नियन्त्रण :–** कुनै व्यक्तिले इजाजतपत्र वेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन।

---

७ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

८ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

९ आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको।

[10]**६ इजाजतपत्र लिनुपर्ने ः–** (१) अन्तःशुल्क ऐन, २०५८ वा सो ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि मदिराको उत्पादन, पैठारी, बिक्री वा संचय गर्न पाउनेछैन।

[11]**६क. इजाजतपत्र दिनु पर्ने ः–** दफा ६ बमोजिम इजाजतपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन मनासिव देखेमा तोकिए बमोजिमको शर्तको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ। तर अठार वर्षको उमेर पुरा नगरेको व्यक्तिलाई इजाजतपत्र दिइने छैन।

[12]**६ख. इजाजतपत्रको अवधि र नवीकरण ः–** इजाजतपत्रको अवधि र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

[13]**६ग. इजाजतपत्र रद्द गर्न सक्ने ः–** तोकिएको अधिकारीले दफा ६क. बमोजिम दिइएको इजाजतपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछ ः–

क) इजाजतपत्र नवीकरण नगरेमा,

ख) इजाजतपत्रमा तोकिएको शर्त उल्लंघन गरेमा,

ग) दफा ४क. विपरित काम गरेमा।

---

१० आर्थिक ऐन, २०६५ द्वारा संशोधन भएको। पहिलो संशोधनद्वारा संशोधित व्यवस्था यस्तो थियोः

६. अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने ः– मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न चाहनेले अनुमतिपत्र लिनको लागि तोकिएबमोजिमको ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ। त्यसपूर्वको व्यवस्था : (६) अनुमतिपत्र दिने अधिकारी, अनुमतिपत्रको ढाँचा,शर्त, दस्तुर आदिः– यस ऐन अन्तर्गत दिइने अनुमतिपत्रको ढाँचा र शर्त, अनुमतिपत्र दिइने तरिका, अनुमतिपत्र दिने अधिकारी, अनुमतिपत्रकानिमित्त लाग्ने दस्तुर र अनुमतिपत्र सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ।

११ पहिलो संशोधनले थप गरेको।

१२ पहिलो संशोधनले थप गरेको।

१३ पहिलो संशोधनले थप गरेको।

**७. लागू नहुने अवस्था :-** यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपभोगका निमित्त तोकिएको परिमाणमा रक्सी वा जाँड बनाउन यस ऐन अन्तर्गत इजाजतपत्र लिनु पर्ने छैन।

[१४]**८. खानतलासी, कब्जा वा गिरफ्तार गर्न सक्ने :-** (१) कुनै स्थानमा यस ऐन बमोजिम सजाय हुने कसूर भएको छ भन्ने मनासिब माफिकको कारण भएमा अन्तःशुल्क अधिकृतले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा अन्तःशुल्क अधिकृतले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसूर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा अन्तःशुल्क अधिकृतले निजलाई गिरफ्तार गर्न सक्नेछ।

(५) यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा अन्तःशुल्क अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भएसरहको अधिकार हुनेछ।

---

१४ पहिलो संशोधनद्वारा संशोधित। यसपूर्वको व्यवस्थाः- ८. वारेन्ट जारी गर्ने अधिकार :– यस ऐन अन्तर्गत सजाँय हुने अपराध कसैले गरेको छ वागर्न लागेको छ भन्ने विश्वास पर्ने कारण भएमा त्यस्तो व्यक्तिको गिरफ्तारीका निमित्त अन्तःशुल्क अधिकारीले वारेन्ट जारी गर्न सक्नेछ। अन्तःशुल्कअधिकारीले कुनै घरजग्गा वा सवारीमा त्यस्तो अपराधसँग सम्बन्धित कुनै व्यक्ति लुकेको छ वा कुनै पदार्थ राखिएको छ भन्ने आफूलाई विश्वासभएमा त्यस्तो घरजग्गा वा सवारीको खानतलासी गर्नका निमित्त आदेश जारी गर्न सक्नेछ।

(६) अन्तःशुल्क अधिकृतले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा स्थानीय प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(७) अन्तःशुल्क अधिकेतले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **गिरफ्तारी र कब्जाको प्रतिवेदन दिनु पर्ने** :- यस ऐन अन्तर्गत कसैलाई गिरफ्तार गरेको वा [१५]कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा अन्तःशुल्क अधिकृतले सो कुराको प्रतिवेदन चौबीस घण्टाभित्र छिटो साधनद्वारा आफूभन्दा एक तह माथिको अधिकारीसमक्ष पठाउनु पर्नेछ।

१०. **नेपाल सरकारलाई तिर्नु पर्ने रकम सरकारी बाँकी सरह असुल गर्ने** :- यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट अन्तःशुल्क अधिकृतले सरकारी बाँकी सरह असुलउपर गर्नेछ।

[१६]११. **दुःख दिने नियतले खानतलासी, कब्जा वा गिरफ्तार गर्नेलाई सजाँय** :- यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिव शंका नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति

---

१५ पहिलो संशोधनद्वारा संशोधित। यी शब्दहरूका सट्टा यस पूर्व निम्न शब्दहरू थिएः "कुनै घरजग्गा वा सवारीमा खानतलासी गरेको "

१६ पहिलो संशोधनद्वारा संशोधित। मूल ऐनमा निम्न व्यवस्था थियोः

११. दुःख दिने नियतले गिरफ्तार, खानतलासी वा कब्जा गर्नेलाई सजाँयः यसऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शंका नभई अर्कालाई दुःख दिने, हैरानी गर्नै, बेइज्जती गर्ने वा क्षति पुर्‍याउने नियतले कसैको घर,जग्गा वा सवारीभित्र प्रवेश वा खानतलासी गर्ने वा गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, जफत गर्न नहुने चिजवस्तु जफत गर्ने गराउने वाकसैलाई अनावश्यक क्षति वा चोट पुर्‍याउने वा पुर्‍याउन लगाउने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिवाना वा दुवै सजायँहुनेछ।

१२. दण्ड सजायँः (१) यो ऐन विरुद्ध काम गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ।

(२) उपदफा (१) बमोजिमको कामको उद्योग गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन सय रुपैयाँ सम्म जरिवाना वा दुवै सजायँ हुनेछ।

१३. जफत हुनेः यो ऐन विरुद्ध गरेको कामसँग सम्बन्धित मदिरा र सो काम गर्न प्रयोग गरिएका सबै मालसामान जफत हुनेछ।

पुऱ्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउन लगाउने व्यक्तिलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाँय हुनेछ।

[१७]**१२. दण्ड सजाय :-** (१) कसैले देहायका कसूर गरेमा बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक बर्षसम्म कैद वा दुवै सजाय हुनेछ :–

(क) अन्तःशुल्क ऐन, २०५८ बमोजिम मदिरामा तिर्नुपर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख) इजाजतपत्र नलिई मदिरा उत्पादन वा पैठारी गरेमा,

(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐन विपरित कुनै कसूर गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा लेखिएको कसूर गर्न प्रयत्न वा दुरुत्साहन गरेमा सो उपदफामा उल्लेखित सजायको आधा सजाय हुनेछ।

(३) कसूरसँग प्रत्यक्ष वा परोक्ष रुपमा प्रयोग हुन आएको भाँडा वर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेशीन, उपकरण वा सवारी साधन समेत जफत हुनेछ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले [१८]....... सवारी साधन प्रयोग गरेको र सवारी धनीको अनुमतिविना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी

---

१७ आर्थिक ऐन, २०६५ द्वारा संशोधित। यसपूर्वको व्यवस्था निम्नानुसार थियोः

१२. दण्ड सजाँय :- (१) यस ऐन विपरित काम गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाँय हुनेछ।

(२) यस ऐन विपरितको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई तीन महिनासम्म

कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाँय हुनेछ।

१८ आर्थिक ऐन, २०७२ ले भाडाको भन्ने शब्द झिकी संशोधन गरेको।

सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिवाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाँय हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सवारी साधन भाडाको सवारीमा दर्ता गरी सवारीसाधनको मालिकको संलग्नतामा प्रयोग गरेको पाइएमा त्यस्तो सवारी साधन जफत हुनेछ।

**१३. मदिरा तथा अन्य सामानको जफत र बिक्री :-** (१) कुनै व्यक्तिले यस ऐन विपरित मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा अन्तःशुल्क अधिकारीले जफत गर्नेछ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा अन्तःशुल्क अधिकृतले तोकिए बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

(३) यस ऐन विपरित मदिराको कारोवार गर्न प्रयोग गरिएका सबै सामानहरू अन्तःशुल्क अधिकृतले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ। तर सवारी साधनको हकमा सवारी धनीको मन्जूरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन।

[१९]**१३क. सहयोग गर्नु पर्ने :-** यस ऐन अन्तर्गत सजाँय हुने कसूरको तहकिकातको सिलसिलामा अन्तःशुल्क अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

**१४. मुद्दा हेर्ने अधिकारी :-** (१) दफा ११ अन्तर्गतको मुद्दामा शुरु कारवाही र किनारा गर्ने अधिकार नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकारीलाई र सो बाहेक यस ऐन अन्तर्गतको अरु मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार अन्तःशुल्क अधिकृतलाई हुनेछ।

---

१९ पहिलो संशोधनले थप गरेको।

(२) उपदफा (१) बमोजिम शुरु कारवाही र किनारा गर्ने अधिकारीलाई प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई भएसरहको अधिकार प्राप्त हुनेछ।

[२०]**१५.पुनरावेदन** :– (१) यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा र नेपाल सरकारले तोकिदिएको अधिकारीले गरेको निर्णय उपर सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको एक प्रति सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ।

**१५क. पुरस्कार** :– (१) कसैले यस ऐन विपरित मदिरा उत्पादन, संचय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछ :–

(क) सुराक दिने व्यक्तिलाई विगोको दश प्रतिशत,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई विगोको बीस प्रतिशत,

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई विगोको तीस प्रतिशत।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई विगो मानिनेछ।

---

२० आर्थिक ऐन, २०६५ द्वारा संशोधन। यसपूर्वको व्यवस्था निम्नानुसार थियोः १५.पुनरावेदन :- यस ऐन बमोजिम अन्तःशुल्क अधिकारीले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा र नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको अधिकारीले गरेको निर्णय उपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नेपाल सरकारले त्यस्तो सुराक दिने वा सबुत प्रमाणसहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कारस्वरुप दिन सक्नेछ ।

(४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जना भन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।

१६. **नियम बनाउने अधिकार** :- यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरू बनाउन सक्नेछ ।

[२१]१७. **प्रचलित कानून बमोजिम हुने** :- यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि मदिरा प्रशासन सम्बन्धी अन्य प्रचलित नेपाल कानून बमोजिम इजाजतपत्र, मदिराको कच्चा पदार्थ, उत्पादन, निष्कासन, प्रतिलब्धी दर, दरवन्दी, र दस्तुर सम्बन्धी व्यवस्था अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **यसै ऐन बमोजिम हुने** :- यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ र दफा १७ मा लेखिएदेखिबाहेक यस ऐनसित बाझिने प्रचलित नेपाल कानून बाझिएको हदसम्म यस ऐनको प्रयोजनका निमित्त खारेज भएसरह मानिनेछ ।

---

२१ आर्थिक ऐन, २०६५ द्वारा संशोधन । यसपूर्वको व्यवस्था निम्नानुसार थियोः १७. बचाउ :- यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनिअन्य प्रचलित नेपाल कानून बमोजिम भट्टी वा डिष्टीलरीबाट मदिरा उत्पादन गर्ने ठेक्का वा अनुमतिपत्र प्राप्त गरेकोलाई यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।।

# मदिरा नियमहरू, २०३३

# मदिरा नियमहरु, २०३३

नेपाल राजपत्रमा प्रकाशित मितिः २०३३।०२।१८

पहिलो संशोधनः २०६५।०६।०३

मदिरा ऐन, २०३१ दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :–** (१) यी नियमहरूको नाम "मदिरा नियमहरू, २०३३" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) "ऐन" भन्नाले मदिरा ऐन, २०३१ सम्झनु पर्छ।

(ख)[१] "अन्तःशुल्क अधिकृत" भन्नाले अन्तःशुल्क ऐन, २०५८ को दफा ५ बमोजिम नेपाल सरकारले तोकेको अधिकृत सम्झनु पर्छ।

३. **इजाजतपत्र लिनु पर्ने :-** (१) मदिराको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न चाहने व्यक्तिले अनुसूची–१ बमोजिमको ढाँचामा अन्तःशुल्क अधिकृतसमक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तमा अन्तःशुल्क अधिकृतले आवश्यक जाँचबुझ गरी मनासिब देखेमा अनुसूची–२ बमोजिमको इजाजतपत्र सक्नेछ।

४.[२] **इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर :–** मदिराको उत्पादन, बिक्री

१ पहिलो संशोधनद्वारा संशोधन भएको। यसपूर्वको व्यवस्था निम्नानुसार थियोः

(ख) "अन्तःशुल्क अधिकारी" भन्नाले अन्तःशुल्क विभागको निर्देशक, नेपाल सरकारले नियुक्त गरेको वा तोकेको अन्तःशुल्क अधिकारी र निजनभएको ठाउँमा भन्सारको हाकिम र निज पनि नभएको ठाउँमा माल अड्डा वा कोष तथा तहसील कार्यालयको हाकिमलाई सम्झनु पर्छ।

२ पहिलो संशोधनद्वारा संशोधन भएको। यसपूर्वको व्यवस्था निम्नानुसार थियोः

- देहायको कामको अनुमतिपत्रको लागि देहायको दस्तुर लाग्नेछ :-

(क) मदिरा उत्पादन गर्नः रु.२५०।–

वितरण वा निकासी पैठारी गर्न दिइने इजाजतपत्रवापत लाग्ने दस्तुर र इजाजतपत्र नवीकरण दस्तुर अन्तःशुल्क नियमावली, २०५९ बमोजिम हुनेछ।

५.[३] ................................

६.[४] इजाजतपत्रको अवधि र नवीकरण :– (१) इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपनियम (१) बमोजिमका अवधिसमाप्त भएपछि नियम ४ बमोजिमको दस्तुरसहित अनुसूची – १ बमोजिमको ढाँचामा

(ख) डिष्टीलरीबाट उत्पादन भएको मदिरा बोतल बन्दी बिक्री वितरण गर्ने प्रत्येक पसललाई : रु.३००।-

(ग) डिष्टीलरीबाट उत्पादन भएको मदिरा बोतलबन्दी बिक्री वितरण गर्ने प्रत्येक पसल वा होटेललाई : रु.५००।-

(घ) विदेशी मदिरा बोतल बन्दी बिक्री वितरण गर्ने प्रत्येक पसल वा होटेललाई : रु.१,०००।-

(ङ) विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने प्रत्येक पसल वा होटेललाई : रु.२,०००।-

(च) विदेशी मदिरा पैठारी गर्न : रु.१,०००।-

(छ) डिष्टीलरीबाट उत्पादित मदिरा निकासी गर्न : रु.१,०००।-

तर-

(१) कूटनैतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्तिले विदेशी मदिरा पैठारी गर्नलाई अनुमतिपत्र लिनु पर्ने छैन।

(२) कुनै विदेशी वास्वदेशी यात्रुले विदेश भ्रमणबाट आफ्नो साथ तीन बोतलसम्म रक्सी र बाह्र बोतलसम्म वियर लिएर आउन अनुमतिपत्र लिनु पर्नेछैन।

३ पहिलो संशोधनद्वारा खारेज गरिएको। त्यो व्यवस्था निम्नानुसार थियोः ५. नवीकरण दस्तुर :-यी नियमहरू बमोजिम प्राप्त अनुमतिपत्र नवीकरण गर्दा अनुमतिपत्र बमोजिमकै दस्तुर लाग्नेछ।

४ पहिलो संशोधनद्वारा संशोधन भएको। यसपूर्वको व्यवस्था निम्नानुसार थियोः

६. अनुमतिपत्रको अवधि र नवीकरण :– १. नियम ३ बमोजिम जारी गरिएको अनुमतिपत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ र सो अवधि भुक्तान हुनु भन्दा एक महिना अगावै अर्को आर्थिक वर्षको लागि नवीकरण गराउनु पर्नेछ।

२. उपनियम (१) मा तोकिएको म्यादभित्र अनुमतिपत्र नवीकरण गराउन नसकेमा अनुमतिपत्र नवीकरण गराउन नसकेको कारण अन्तःशुल्क अधिकारीलाई मनासिब लागेमा देहायको अवधिको लागि देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :-

(क) नवीकरण गर्ने म्याद नाघेको पैंतिस दिनसम्म नवीकरण दस्तुरको सयकडा पच्चीस,

(ख) नवीकरण गर्ने म्याद नाघेको पैंतिस दिनदेखि तीन महिनासम्म नवीकरण दस्तुरको सयकडा पचास,

(ग) नवीकरण गर्ने म्याद नाघेको तीन महिनादेखि छ महिनासम्म नवीकरण दस्तुरको सयकडा पचहत्तर र

(३) नवीकरण गर्ने म्याद नाघेको छ महिनादेखि सोही आर्थिक वर्षको अन्तसम्म नवीकरण दस्तुर सरह।

अन्तःशुल्क अधिकृतसमक्ष दरखास्त दिई श्रावण महिनाभित्र नवीकरण गराउनु पर्नेछ।

तर कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकैपटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचहत्तर प्रतिशत र त्यसपछि असार मसान्तसम्मको अवधिको लागि शतप्रतिशत जरिवाना बुझाई नवीकरण गराउन सक्नेछ।

(४) उपनियम (३) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा नवीकरणवापत लाग्ने नियम ४ बमोजिमको दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शत प्रतिशत थप इजाजतपत्र नवीकरण दस्तुर र वक्यौता रकमसमेत बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

(५) कुनै व्यक्तिले उपनियम (१) बमोजिमको इजाजतपत्र नलिई कारोवार गरेमा इजाजतपत्रवापत र सोको नवीकरणवापत लाग्ने दस्तुर असुलउपर गरी प्रचलित कानून बमोजिमको जरिवाना समेत बुझाउनु पर्नेछ।

७.[५] **इजाजतपत्र लिनु नपर्ने :–** नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा इजाजतपत्र लिनुपर्ने छैन :–

(क) कुटनैतिक सुविधा वा महसुल सुविधा प्राप्त ब्यक्तिले विदेशी मदिरा पैठारी गर्न,

---

५ पहिलो संशोधनद्वारा संशोधन भएको। यसपूर्वको व्यवस्था निम्नानुसार थियोः ७. अनुमतिपत्र लिनु नपर्ने :- नियम ३ मा जुनसुकै कुरालेखिएको भए तापनि कुनै व्यक्तिले निजी उपयोगको लागि एक पटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जांड बनाउनलाई अनुमतिलिनु पर्ने छैन। कुनै व्यक्तिले यसरी रक्सी वा जांड वर्षको ६ पटक भन्दा बढी बनाउन पाउने छैन।तर यसरी रक्सी वा जाँड बनाउने व्यक्तिले त्यसको सूचना अन्तःशुल्क अधिकारीलाई दिनु पर्नेछ।

(ख) कुनै विदेशी वा स्वदेशी यात्रुले विदेश भ्रमणबाट आफ्नो साथमा तीन बोतलसम्म रक्सी र बाह्र वोतलसम्म वियर लिई आउन,

(ग) नमूना परीक्षण तथा अध्ययन अनुसन्धानका लागि विभागले तोकेको परिमाणसम्म पैठारी गर्न,

(घ) कुनै ब्यक्तिले निजी उपयोगका लागि एकपटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड वनाउन, तर,

(१) यसरी रक्सी र जाँड वर्षको ६ पटक भन्दा बढी बनाउन पाइने छैन।

(२) यसरी रक्सी र जाँड बनाउने ब्यक्तिले त्यसको सूचना अन्तःशुल्क अधिकृतलाई दिनु पर्नेछ।

८.[६] ..................................

९.[७] ..................................

**१०. मदिरा बिक्री वितरण गर्ने समय :-** इजाजतपत्र प्राप्त व्यक्तिले बिहान १० बजेदेखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्न पाउनेछ।

तर, नेपाल सरकारले आवश्यक सम्झे बमोजिमको ठाउँको लागि सो समयमा हेरफेर गर्न वा सो बन्देजलाई हटाउन सक्नेछ।

**११. मदिरा बिक्री गर्न नहुने :-** अन्तःशुल्क अधिकृतले मनाही गरेको स्थान वा पसलमा मदिराको बिक्री वितरण गर्न पाइने छैन।

---

६ पहिलो संशोधनद्वारा खारेज गरिएको। त्यो व्यवस्था निम्नानुसार थियोः

८. उत्पादनको अनुमतिपत्र नदिने :- डिष्टीलरी वा मद भट्टीको ठेक्काबन्दोबस्त भएको ठाउँमा मदिरा उत्पादन गर्ने अनुमतिपत्र दिइने छैन।

७ पहिलो संशोधनद्वारा खारेज गरिएको। त्यो व्यवस्था निम्नानुसार थियोः

९. विशेष व्यवस्था :- (१) प्रचलित नेपाल कानून बमोजिम भट्टी वा डिष्टीलरीबाट रक्सी उत्पादन गर्न ठेक्का वा अनुमतिपत्र प्राप्त गरेकोव्यक्तिले वा निजको एजेन्टले भट्टी वा डिष्टीलरीबाट उत्पादन गरेको रक्सी बिक्री वितरण गर्न पसल खोल्न चाहेमा त्यस्तो प्रत्येक पसलकोनिमित्त अन्तःशुल्क अधिकारीबाट अनुमतिपत्र प्राप्त गर्नु पर्नेछ। (२) उपनियम (१) बमोजिम प्राप्त अनुमतिपत्र एक आर्थिक वर्षसम्म बहालरहनेछ र सो आर्थिक वर्ष अन्त हुनु भन्दा अगावै अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ। (३) उपनियम (१) बमोजिमको अनुमतिपत्रको लागि पचास रुपैयाँ दस्तुर लाग्नेछ र सो नवीकरण गर्दा पनि अनुमति सरह दस्तुर लाग्नेछ।

[८]अनुसूची - १

## (नियम ३ को उपनियम (१) र नियम ६ को उपनियम (२) सँग सम्वन्धित)

**इजाजतपत्र तथा नवीकरणका लागि दिइने दरखास्तको ढाँचा**

श्रीमान प्रमुखज्यू,
आन्तरिक राजस्व कार्यालय/को.ले.नि.का., ..............।

म/हामीले मदिराको देहायमा उल्लिखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र इजाजतपत्र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेका छौं। उल्लिखित विवरण र तथ्य मैले/हामीले जानेबुझेसम्म ठीक छन्।

(१) **इजाजतपत्रको प्रकार** : (आफूले लिनुपर्ने इजाजतपत्रको प्रकारमा ✔ (ठीक) होस)

| इजाजतपत्र प्रकार | उत्पादन | पैठारी | विक्री | संचय | अन्य |
|---|---|---|---|---|---|
| नयाँ | | | | | |
| नवीकरण | | | | | |
| कारोवारको नाम | | | | | |

८ दुवै अनुसूचीहरू पहिलो संशोधनद्वारा संशोधन तथा परिमार्जन गरिएको।

## (२) व्यक्ति/प्रतिष्ठानको नाम :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | | | |
| अंग्रेजी | | | | | | |
| व्यक्ति भए निजको: | पति/पत्नीको नाम: | | बाबुको नाम: | | बाजे/ ससुराको नाम: | |

## (३) दर्ता विवरण :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थायी लेखा नम्वर | | | | | | | | | |

कार्यालयको नाम:

| व्यवसाय दर्ता मिति | कार्यालय र स्थान | दर्ता नं. |
|---|---|---|
| | | |

| कारोवार शुरु भएको मिति | नविकरण हुनुपर्ने आ.व. |
|---|---|
| २० / / मिति २० / / मिति २० / / | मिति २० / / मिति २० / / |

## (४) मुख्य कार्यालयको ठेगाना :

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म.☐ उ.म.न.पा.☐ न.पा. ☐ गा.वि.स. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | इमेल: | |

## (५) कारोवारको मुख्य स्थान :

(मुख्य कार्यालय भन्दा फरक भएमा मात्र)

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |
| ☐ म.☐ उ.म.न.पा.☐ न.पा. ☐ गा.वि.स. | | |
| जिल्ला | | |
| क्षेत्र | | |
| टेलिफोन नं. | | पो.व.नं. |
| फ्याक्स नं. | | इमेलः |

## (६) इजाजतपत्र दस्तुर/नवीकरण दस्तुर सम्बन्धी विवरणः–

| क्र.सं | कारोबारको नाम/इजाजतपत्र प्रकार | दाखिला दस्तुर रु. | जरिवाना रु. | बैंक/कार्यालय | भौ.नं./र.नं. |
|---|---|---|---|---|---|
| | | | | | |

○ कार्यालयमा दाखिला गरेको भए सोको प.सं.................मिति २० / /

○ कुनै राजस्व बाँकी छ/छैन। छ भने ?

आयकर :

मू.अ.कर :

अन्तःशुल्क :

अन्य :

**(७) प्रवन्ध निर्देशक/प्रमुख संचालक/कार्यकारी निर्देशक :**

| (क) नाम | पहिलो | बीचको | थर |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |

(ख)नियुक्ति मिति | | | | (ग) राष्ट्रियता | |

**(घ) परिचय गराउने अन्य कागजात**

| कागजातको प्रकार | परिचयपत्र नं. | जारी गर्ने कार्यालय र स्थान | जारी गरेको मिति |
|---|---|---|---|
| | | | |

(ङ) ठेगाना :

| | स्थान | पत्राचार गर्ने ठेगाना |
|---|---|---|
| घर नं.(ब्लक नं.) | | |
| वडा नं. | | |
| टोल | | |

| | | |
|---|---|---|
| ☐ म.☐ उ.म.न.पा.☐ न.पा.<br>☐ गा.वि.स. | | |
| **जिल्ला** | | |
| **क्षेत्र** | | |
| **टेलिफोन नं.** | | **पो.व.नं.** |
| **फ्याक्स नं.** | | **इमेल** |

निवेदकको दस्तखत :

निवेदकको नाम :

पद :

संस्थाको छाप :

## (८) कार्यालय प्रयोजनको लागि :

| | | |
|---|---|---|
| ................................इजाजतपत्र | आ.व...................का लागि स्वीकृत भएको छ। | |
| ................................इजाजतपत्र | आ.व..........................का लागि नवीकरण भएको छ। | |
| ................................इजाजतपत्रका लागि भौ.नं.............र.नं.............. बाट रु............दस्तुर र रु...................... थप दस्तुर (जरिवाना) दाखिला भएको छ। | | |
| पेश गर्ने : | सिफारिस गर्ने : | सदर गर्ने : |
| मिति | | |

**अनुसूची २**

**(नियम ४ सँग सम्बन्धित)**

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**आन्तरिक राजस्व विभाग**

**फोटो**

## इजाजतपत्र

| संकेत नं. | स्थायी लेखा नं. | इजाजत नं. |
|---|---|---|
| | | |

आन्तरिक राजस्व कार्यालय :

मदिरा उत्पादन/खरीद/बिक्री/निकासी/ पैठारी/सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न देहायका शर्त पालना गर्ने गरी यो इजाजतपत्र दिइएको छ। मदिरा ऐन, २०३१ तथा मदिरा नियमावली, २०३३ मा उल्लेखित शर्त समेत पालना गर्नु पर्नेछ।

इजाजतपत्र पाउने प्रतिष्ठानको

| | | |
|---|---|---|
| नाम : | | |
| ठेगाना : | | |
| संञ्चालकको नाम : | | |
| संञ्चालकको स्थायी ठेगाना : | | |
| कारोवारको विवरण : | | स्वदेशी/विदेशी |

**कारोवारको किसिम : उत्पादक/वितरक/थोक विक्रेता/खुद्राविक्रेता**

**निकासी/पैठारी/रेष्टूरेण्ट/डिपार्टमेण्टल स्टोर/होटल**

| | |
|---|---|
| इजाजतपत्र पाउनेको | इजाजतपत्र जारी गर्ने अधिकारीको |
| दस्तखत : | दस्तखत : |
| | नाम : |
| | दर्जा : |
| | ............................................................ |

**कृपया अन्य जानकारीको लागि पछाडि हेर्नु होला ।**

**(क) इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरु**

१. इजाजतपत्र प्रत्येक आर्थिक वर्षको श्रावण महिना भित्र नवीकरण गराईसक्नु पर्नेछ।

२. इजाजतपत्र सबैले देख्नेगरी कारोवार स्थलमा राख्नु पर्नेछ।

३. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै विक्री कक्षको व्यवस्था गर्नु पर्नेछ।

४. प्रत्येक वोतलमा विर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निकासी गर्नु पर्नेछ।

५. विहान १०:०० बजे देखि राती १०:०० बजेसम्ममात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ।

६. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाईने छैन।

७. मदिरा खरीद बिक्री गर्नेले मदिरा खरीद बिक्री गरेको वीजक राख्नु पर्नेछ।

८. इजाजतपत्रवालाले प्रत्येक वोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नुपर्नेछ। अन्तःशुल्क टिकट नरहेको सामान खरीद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरीवाना हुनेछ।

९. अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरूको पालना गर्नु पर्नेछ।

## (ख) वण्डेड वेयर हाउस र करमुक्त पसलले पालना गर्नु पर्ने शर्तहरु :

१. कुटनैतिक सुविधाप्राप्त व्यक्ति, संस्था वा नियोगलाई वण्डेड वयर हाउसबाट नै बिक्री गर्नु पर्नेछ।

२. करमुक्त पसलले बैंक ग्यारेन्टीको सुविधामा आयात गरेको मालसामानको विवरण मासिक विवरण सँगै बुझाउनु पर्नेछ।

३. वण्डेड वयर हाउसमा भन्सार विन्दुबाट भित्र्याउँदा र बिक्रीका लागि गोदामबाट बाहिर निकाल्दा खटिएको अन्तःशुल्क कर्मचारीको रोहवरमा मात्र भित्र्याउने र निकाल्ने गर्नु पर्नेछ।

४. आगमन तथा प्रस्थान दुवैतर्फ बिक्री गर्दा हरेक व्यक्तिको छुट्टाछुट्टै बीजक बनाउनु पर्ने र सोमा पासपोर्ट नम्बर, राष्ट्रियता तथा फ्लाइट नम्बर उल्लेख गर्नु पर्नेछ।

**नवीकरण सम्बन्धी विवरण**

| नवीकरण गरेको मिति | आर्थिक वर्ष | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |